

# अविराम यात्रा

जीवन कथा

- सोमा खत्री

## नयाँ वर्षको उपहार

जिरी, नेपालको स्विजरल्याण्ड । स्विजरल्याण्ड अर्थात नेपालका मन्त्रीदेखि कार्यकर्तासम्म, धनिदेखि गरिवसम्म, ठुला-ठुला बिजनेसम्यानदेखि मजदुर किसानसम्मको सपनाको देश ।

सबैको सपनाको देश स्विजरल्याण्डजस्तै देखिने नेपालको जिरी दोलखा जिल्लामा पर्छ । पैदल मार्ग हुँदै सगरमाथा बेश क्याम्प जाने उत्तम बाटो पनि यहि जिरी बजारबाट सुरु हुन्छ ।

जिरी बजार पुग्नुभन्दा करिब ४ किलोमिटर अगाडी हाटडाँडा भन्ने ठाउँ छ । हाटडाँडा निकै सुन्दर छ किनभने त्यहाँबाट जिरी बजार छर्लङ्ग देखिन्छ । त्यसैको अर्कोपट्टीको पाखामा पर्दछ, एउटा दुर्गम बस्ती । त्यो दुर्गम बस्ती आले हो, त्यहि आले भन्ने ठाउँमा मेरो जन्म भयो ।

हाटडाँडाबाट करिब एक घण्टाको ओरली र अर्को एक घण्टाको उकाली हिडेपछि पुगिन्छ आले भन्ने ठाउँमा । सानो गोरेटो बाटोलाई छलेर हिजोआज भने भर्खरै डोजरले मोटरबाटो खन्न सुरु गरेको छ । जसका कारण गोरेटो बाटोमा यात्री हिड्न छाडेका छन् । ती पुराना चल्तीका बाटो उनीउँ र भुइँबुट्यानहरुले ओगटेका छन् । हुन त म जन्मिएको वास्तविक मिति न मलाई थाहा छ न त मलाई जन्माउनेलाई नै । तर नेपाली नागरिकताको हिसावले वि.सं.२०२३ साल बैशाख १ गते अर्थात नयाँ बर्षको दिन म रुँदै यो धर्तिमा जन्मिएकी थिएँ । सबैले नयाँ बर्षलाई स्वागत गरिरहेका बेला म पनि त्यहि भिडभाडमा यो धर्तिमा जन्मन पाएँ, त्यो पनि नयाँ बर्षको उपहार बनेर ।

म कुनै योजना अनुसार जन्मिएकी हैन । मेरा बाबुआमाले अहिलेको जमाना जस्तो यति समयपछि बच्चा जन्माउने, यसरी हुर्काउने भन्नेबारे सोच्न नभ्याउँदै म जन्मिएँ । त्यसैले आफूले आफैलाई नयाँ बर्षको उपहार घोषणा गर्दा अफ्ट्यारो महशुस भइरहेको छ, त्यहि माथी आफैले जन्म मिती राखेर बनाएको नागरिकता अनुसार मात्रै मेरो जन्म नयाँ बर्षको दिन भएको हो ।

म अर्थात सोमा । बाबु छोदारे शेर्पा र आमा शान्तिमाया तामाङको कोखबाट जेठो सन्तानको रुपमा यो धर्तिमा जन्मिएँ । नागरिकता अनुसार मेरो जन्म मिती मिल्दैन भन्ने तथ्य मेरो नामले पनि थाहा पाउन सकिन्छ । नागरिकताको जन्म मितिमा त्यो दिन बिक्रम संवत अनुसार बारको हिसावले बुधबार परेको छ । हामी शेर्पाहरुको नाम बारको हिसावले राखिन्छ । मेरो नाम पनि बारको हिसावले लाक्पा, तेन्जी या डोल्मा जस्ता हुनुपर्ने हो तर मेरो नाम सोमती हुन गयो । सोमती नाम भएकाले बरु म जन्मिएको बार सोमबार हुनुपर्छ ।

पछि आफैले स्कुल पढ्दा सोमा बनाएँ । अहिले कामको क्षेत्रमा मलाई चिन्नेजान्नेहरुले सोमा भनेर बोलाए पनि म जन्मिएको गाउँमा भने सोमती नै भन्छन् । जे होस् मेरो नाम अन्य शेर्पाका छोराछोरीको भन्दा नयाँ र सुन्दा पुरानो नलाग्ने खालकै छ ।

जन्मिदा रुँदै जन्मिए पनि त्यो रुवाइमा मेरा आमाबुबा खुशी नै थिए भन्दा आफूलाई पनि रमाइलो लाग्ने रहेछ । केहि गाउँठाउँका मान्छेहरु भने छोरी जन्मिछे भनेर खिन्न भएका थिए रे भन्ने सुन्नमा नआएको भने होइन । खैर, मलाई जन्माउने आमाबुबा खुशि भएपछि पुगिहाल्यो नि हैन र !

करिब दुई बर्षमा पाइला चाल्दै गर्दा, म जन्मिदाको जस्तै खुशि फेरी हाम्रो घरआँगनमा आयो । मैले पनि भाई उपहार पाएँ । भाई जन्मिदाको समय कस्तो थियो, के थियो भन्ने त सम्झना छैन, तर परम्परा अनुसार घरमा जाँड पार्टी त पक्कै भयो होला भन्ने अनुमान लगाउन सक्छु । किनभने पहिले आले गाउँमा कुनै चाडपर्व नभएपनि छ्याङ र जाँडको खोलो बग्ने गर्दथ्यो ।

बिना योजना जन्मिएका हामी दिदीभाईको जिन्दगी, बाबुआमाको साथमा रमाइलोसँग बितिरहेको थियो । यदि त्यसरी नै समय बितिरहेको हुँदो हो त आज यो पुस्तक बन्ने थिएन होला जस्तो लाग्छ । अरुका छोराछोरी गाई चराउन जाँदा मेरा बाबुआमा भने हातमा कापी र कलम थमाइदिन्थे । त्यो बेलामा त रिस पनि उठ्थ्यो, सँगैका साथीसँगी गोठालो गएका छन्, दिनभर खेलेका छन्, रमाइलो गरेका छन्, आफू भने किताव कापी चेपेर बस्नुपरेको छ ।

अहिले सोच्दा लाग्छ, गाउँका अरु बालबालिकाले भन्दा तुलनात्मक रुपमा हामी दिदीभाइले बुबाआमाको माया अलिक धेरै नै पाएका रहेछौँ । मायामात्रै होइन गाउँका अन्य बालबालिकाले भन्दा अधिकार पनि धेरै पाएका रहेछौँ हामी दिदीभाईले ।

तर अफसोच, त्यो माया धेरै समयसम्म पाइरहन भने पाएनौं । हुन त बलिरहेको मैनबत्ति पनि निभ्ने बेलामा धेरै उज्यालो दिन्छ भन्छन्, अहिले सम्झदा उक्त उखान हाम्रै लागि बनाएको रहेछ जस्तो लाग्छ । किनभने अलिअलि थाहा पाउने बेलामा पाएको त्यो वात्सल्य प्रेम, हामीले पछि कहिल्यै पाएनौं । कहिलेकाहीँ त हामीले बच्चा बेलामा केहि समयका लागि पाएको प्रेम पनि 'उम्किएको माछा ठुलो' भन्ने उखानसँग मिल्न गएको त हैन भन्ने लाग्छ ।

दोलखा आलेको त्यो पाखो बारीमा बर्षभरी खेति गर्दा पनि ६ महिना खान पुग्थेन, अहिले भने त्यहाँको हातलमा केहि सुधार आएको छ । पहिले खुर्सानी समेत नफल्ने त्यो पाखोमा अहिले अकबरे खुर्सानी झुत्तै फलेको देख्दा अचम्म लाग्छ । त्यस्तै कोदो, मकै, गहुँमात्रै होइन, तरकारी पनि निकै फल्ने रहेछ । आजभन्दा पाँच दशक अघि भने त्यो अवस्था थिएन । जति दुःख गरेपनि राम्रोसँग पेट भर्न सक्नेगरी अन्नपात नफल्ने ठाउँ थियो त्यो ।

हाम्रा बाबु छोदारे भने त्यहाँका जग्गा जमिन प्रसस्त हुनेमा गनिन्थे अरे । तर बर्ष बिराएर खाने मुख थपिएकाले होला उनी नराम्रोसँग ऋणको चक्करमा फसेछन् । प्रसस्त जग्गा जमिन भएका हाम्रा बाबुको सर्वस्व त्यहि ऋणले लगिदियो । त्यो बेलामा हाम्रा बाबुलाई एक हजार रुपैयाँ ऋण लागेको थियो ।

एक हजार रुपैयाँ अहिलेका लागि त केहि होइन तर त्यो समयमा अहिलेको १० लाख भन्दा मुल्यवान थियो । उ बेलामा एक हजार ऋण लाग्नु भनेको सर्वश्व हरण हुनुजत्तिकै हो ।

न त समाउने हाँगो छ, न त टेक्ने नै, त्यस्तो समयमा बिचरा बाबुले पनि के गरुन् । बर्षैपिच्चे जन्मेका हामीलाई भोकै राख्न पनि नहुने, घाँटी थिच्न पनि नसक्ने परिस्थिती आएपछि हामीलाई पाल्नै भनेर बाबु प्रदेश जानुपर्ने भएछ । खेतवारी उखेन्न र हामीलाई राम्रोसँग हुर्काउनका लागि बाबु प्रदेश गए ।

भाई टुकुरटुकुर हिड्ने हुनथालेको थियो, म पनि गाउँ डुल्नसक्ने भएकी  थिएँ, बाबु प्रदेशतिर लाग्दा । त्यो समयमा पनि अहिलेजस्तो साउदी, कतार, मलेसिया जाने चलन थियो भने उनी भारत जान्थे होलान् कि, साउदी कतारतिर जान्थे होलान्, कहिले काहीँ यस्ता कुराले पनि दिमागमा घन्टी बजाइरहन्छ ।

बाबु भारत कमाइ गर्न गएको त्यस्तै तीन चार बर्षसम्म मात्रै हामीले उहाँको खबर पायौं । बर्ष बिराएर पठाएको सुन्दर घाँगर र केहि मिठाइको स्वाद बाहेक मैले बाबुले दिएको अरु केहि पाइन । मलाई त अझै घाँगर र मिठाइको स्वाद थाहा छ, बिचरा मेरो भाइलाई त त्यहि पनि याद छैन ।

बाबुको अनुहारको नाकनक्सा कस्तो छ, कसरी बोल्थे, कसरी हिड्थे, मलाई कसरी बोलाउँथे, अहँ केहि थाहा छैन । केहि समयसम्म हामी दिदीभाई र आमामात्रै सर्वश्व ठान्ने बाबुको मनमा अर्कैले डेरा जमाउन थालेछ । अझै भनौं उनको मन परिर्वतन भएछ । हामीलाई गाह्रो साह्रो नपरोस् भनेर प्रदेश हिडेका बाबु तीन चार बर्षमै कसरी परिवर्तन भए होलान् ।

बिस्तारै बिस्तारै, बाबुको न त चिठ्ठी आयो, न त कुनै समाचार नै । बरु प्रदेशबाट आएकाहरुले नयाँ र नौला खबरहरु बोकेर ल्याउन थाले, छोदारेले त प्रदेशतिरै नयाँ घरबार गऱ्यो अरे, अब फर्केर आउँदैन अरे आदि इत्यादी ।

हामी दिदीभाई त सानै थियौं, गाउँलेले के भन्छन्, कसो भन्छन् खासै वास्ता भएन तर आजभोली आमालाई सम्झिँदा भने मन खिन्न हुन्छ । कस्तो भएको थियो होला, हाम्री आमाको मन । धन कमाएर श्रीमान फर्कि आउलान् र बाँकी जिवन सुखका साथ बिताउँला भन्ने आशमा साना-साना लालाबाला कुरेर बसिरहेकी हाम्री आमा, आफू आफैलाई कसरी सम्हाल्थिन् होला ।

बुढि आमा अचेल पनि जवानीमा बाबुसँग भएको भेट भुल्न सक्दिनन् । हामीलाई सुनाईरहन्छिन्, उनी र बाबुको भेटका बारेमा, उनी र बाबुको प्रेमका बारेमा ।

आमा बाबुको तानी बिबाह थियो रे । हाम्रो समुदायमा केटाले कुनै केटी मन पराए, प्रेम गरे, जर्वरजस्ती तानेर बिहे गर्न पाइने चलन छ । अहिले त यो चलन बिस्तारै हराउँदै गयो, तर आमाहरुको पालामा यो निकै प्रख्यात चलन थियो । हाम्रा बाबुले पनि आमालाई तानेर घरभित्र हुलेका थिए रे । अहिले पनि आमा बेलाबेलामा गुनासो गर्छिन्, 'तेरो बाउले मलाई तानेरै घरभित्र हुलेको हो तर खै किन पो छाडेर गयो ।'

## आमाको बिहे

हाम्री आमा सन्तामायाँ तामाङ । उनको नाम लिदैंमा पनि छाति चौडा भएको महशुस हुन्छ । किनभने हामी दिदीभाइको साथमा आमा रहुन्जेल दुःख के हो, पिडा कस्तो हुन्छ भन्नेवारे थाहै भएन । जति दुःख थियो, पिडा थियो, सबै उनी एक्लैले खेपिन् ।

जवानी छँदै श्रीमानबाट टाढा भएकी हाम्री आमा दिनभर हाटबजारमा फलफूल बेचेर साँझ हामीलाई मिठो मसिनो खुवाउन आईपुग्थिन् । मेलापातको समयमा दिउँसो दिइएको एक फ्वाँको खाजा पनि पटुकीमा बेरेर हाम्रै लागि ल्याईदिन्थिन् । कसैले दिएका थोरै मिठोमसिनो खानेकुरा पनि हामीलाई नदिई उनको घाँटीबाट छिर्दैनथ्यो ।

बाबुले बिर्सिएपनि आमाको मायाले हामीलाई पितृप्रेम अभावको अनुभूती हुन कहिल्यै दिएको थिएन । हामी दिदीभाई खेल्थ्यौं, घर कुर्थ्यो अनि आमा दिनभर काम गरेर बेलुका फर्किन्थिन् ।

आमाको एक्लोपना र जवानी छँदै विधवाको जस्तो जिन्दगी देखेर होला, मावलीहरु भने चिन्तित हुन थाले । उनीहरुले माइतै बस्नका लागि आमालाई आग्रह नगरेका होइनन् तर उनी मानिनन् ।

एकदिन त कान्छा मामा घरमै आए र आमालाई दार्जलिङ लैजान खोजे । बाबु भारततिरै बेपत्ता भएको र कान्छा मामा पनि उतै घरजम गरेर बसेकाले कान्छा मामा आमालाई दार्जलिङ लैजान आएका थिए होलान्, ताकी दिदीलाई उतै लगे भेनाजुसँग फेरी घरबार जम्ला ।

यो कुरामा आमाले टाउको हल्लाएपनि गाउँलेहरु भने सहमत हुन सकेनन् । गाउँले भन्नाले अन्य आफन्तहरु । गाउँभर कुनै काकाको, कुनै ठुलाबाको त कुनै हजुरबाको घर मात्रै भएकाले हाम्रो गाउँले र आफन्त एउटै थिए । त्यति मात्रै होइन, आमाका तीन जना दिदीबहिनीहरुको घर समेत नजिकै थियो । सबै आफन्त र मर्दापर्दा उनीहरुकै कुरा सुन्नुपर्ने भएकाले आमाले पनि मन नलाग्दा नलाग्दै गाउँघरका कुरामा सहमती जनाईन् । गाउँलेको पनि आमालाई भारततिर पठाउनुभन्दा सबै मिलेर अर्कै केटोसँग बिहे गरिदिने सहमती भयो ।

आमालाई एक्लो जिवन बाँच्न निकै गाह्रो भयो होला त्यतिखेर । भर्खर भर्खर जवानी चढ्दै छ, श्रीमान परदेशमा घरबार गरेर बसेका छन्, गाउँघरमा गिद्दे नजर लगाउनेहरुको कमी पट्क्कै छैन । अझै राम्रै नियतले कोही पर-पुरुषसँग कुरा गरेपनि यस्ती र उस्ती भनेर कुरा काट्ने छिमेकी पनि टन्नै छन् । यस्तो अवस्थामा आमालाई बिहेको प्रस्ताव आयो, केटो राम्रो पाएको भन्दै गाउँले पनि आमाको बिहे गरिदिन कम्मर कसेरै लागिपरे । बिहेका लागि तयार उक्त केटो पनि आफन्त नै पर्ने घरका थिए । उनी आमाको कान्छी बहिनी ( छ्यामा) को घरपट्टिबाट नाता पर्ने केटो थिए ।

गाउँलेहरु एकजुट भएर आमालाई अर्को बिहेका लागि सम्झाउन थाले । तर आमाले धेरै समयसम्म साना बच्चा छाडेर अर्को बिहे नगर्ने अठोट गरिन् । उनलाई हामी दिदीभाईले बाबुआमाको नयाँ घरजामलाई सहन

सक्ने अवस्था आईनसकेको राम्रोसँग थाहा रहेछ । आमाको हृदयमा बाबुले त नयाँ घरजम गरे तर म यिनीहरुलाई त्यतिकै छाड्दिन भन्ने भाव रहेछ । त्यसैले उनी अर्को बिहे नगर्ने मनासयमा थिईन्, तर त्यो अठोट लामो समयसम्म टिक्न सकेन । बिहे गर्नका लागि तयार केटा जितबहादुर तामाङ (हाम्रा नयाँ बाबु) को करबल र विभिन्न आश्वासनका कारण उनी बिहेका लागि तयार भईन् ।

नयाँ बाबु, जिरी अस्पतालमा काम गर्थे । उनी जिरी बजारकै बासिन्दा पनि हुन् । पोष्टपार्टमको काम गर्ने नयाँ बाबुको आफूसँगै अस्पतालमा जागिर लगाइदिने, छोराछोरीको अभिभावकत्व ग्रहण गर्ने, जिन्दगीभर दुःख नदिने जस्ता कुराले आमालाई लोभ्याएछ । फेरी जगिरे केटो, हेर्नमा पनि राम्रो, त्यसैमाथी कुमार । यति भएपछि आमा पनि मख्ख नपर्ने र नाईंनास्ती गर्नसक्ने कुरै भएन । झनै गाउँलेहरुले, 'तिमी त साह्रै भाग्यमानी' भन्दा आमा पनि फुरुक्क परिन् होला ।

उकाली ओराली र मेलापात गरेर थाकेकी हाम्री आमा सजिलो जागिर पाउने, आफ्ना बच्चाले नयाँ बाबु पाउने, आफूलाई पनि साहारा हुने आशमा नयाँ बाबुको हात समाएर पछि लागिन् । उनले हिड्ने वेलामा हामी दिदीभाईलाई पछि लिन आउने बताएकी थिइन् ।

कसैले राम्रोसँग नाक नक्सा नदेखेको 'बाउको बिहे देख्लास्' भनेको सुन्दा त डर लाग्छ  झनै हामी दिदीभाइले त यहि जन्ममा बाउ र आमा दुबैको बिहे देख्यौं । बाबुको बिहेमा हामी डराएका थिएनौं, किनकी हाम्रो साथमा आमा थिईन् । आमाको बिहे देख्दा पनि पटक्कै डराएनौं । उल्टै हामी दिदीभाई त खुशी थियौं । नयाँ बाबु पाइने, नयाँ घर पाइने, फेरी पनि बाबुआमाकै माया पाईने भन्दा को पो खुशी नहोला र !

आमा नआउन्जेलका लागि भनेर हामी छ्यामा (सानीमा) को घरमा बस्यौं । प्रत्येक दिनको बिहान, आज त आमा लिन आउँछिन्, सँगै जिरी बजार लिएर जान्छिन् भन्ने आशमा उठ्थ्यौं र रातमा भोली त आउलिन् नि, अनि सँगै जिरी बजार लिएर जान्छिन् भन्ने विश्वासमा सुत्थ्यौं ।

दिन बित्यो, हप्ता बित्यो र महिना पनि बित्यो । आमाले लिन आउने भनेको त्यो दिन कहिल्यै आएन । महिनौंसम्म उनी नआएपनि म र भाईको आमालाई हेर्ने आँखा पनि विस्तारै थाक्न थाले ।

आमाको बिहे भएको लामो समयसम्म पनि उनी फर्केर आइनन् । हामी दिदीभाईको नयाँ बाबुको घर जाने सपना पनि विस्तारै बस्तारै निराश हुन थाल्यो । छ्यामाको घरमा पनि केहि दिनको लागि पो पाहुना, लामो समयसम्म बस्दा त के को पाहुना !

उक्त घरमा पाहुनाको जिन्दगी सक्किसकेको थियो । फोकटमा खानदिदाँको पिडा छ्यामाको अनुहारमा झल्किन थालेको देखेपछि हामीले सक्ने कामहरु गर्न थाल्यौं । भाइ त झनै म भन्दापनि दुइबर्षले सानो मान्छे, बिचरा काम गर्ने सक्दैनथ्यो ।

आमा सपनामा समेत आउन छाडिसकेकी थिईन् । हामी दिदीभाईले पनि आमाको सपना देख्न छाडेर त्यो नर्कबाट उम्कने सपना देख्न थालेका थियौं ।

तर अर्कोदिन सोच्दै नसोचेको घटना घट्यो । सानै भएकाले त्यो कुन दिन थियो, कुन समय थियो केहि याद छैन । आमा आउने आशा मारिसकेका दिदीभाइको आँखा अगाडी महिनौंपछि अचानक उनी देखापरिन् । उनलाई देखेर हामी उत्पातै खुशि भयौं ।

आमाले पनि लामो समयसम्म हामी दिदीभाईलाई अंगालिरहिन् । आमालाई फेरी देख्दा हामीमा साहस उर्लेर आयो । अब त नयाँ बाबुको घर आमासँगै जाने भन्ने कुराले मन सम्हालिसक्नु भएको थिएन । मनमा बसन्त ऋतु आइपुगेको थियो ।

त्यो रात हामी आमाको अंगालोमा गुटमुटिएर सुत्नपायौं । सँगै सुत्दा छ्यामाले हामी दुइलाई गरेको ब्यवहारबारे रिपोर्ट  गऱ्यौं । हामीलाई लागेको थियो, आमा उत्तिनखेरै जुरुक्क उठ्नेछिन् र छ्यामालाई गाली गर्ने छिन् । उनले भन्नेछिन्, 'मेरा छोराछोरीलाई किन गाली गरिस्, किन उनीहरुले नसक्ने काम लगाइस् ।' तर दिमागले सोचेजस्तो केहि भएन । उनले हाम्रो कुरा सुनिरहिन् मात्रै, केहि बोलिनन् ।

हामी दुईमा बिहानीको तिब्र प्रतिक्षा थियो, किनभने हामी आमाको साथ छ्यामाको घर छाडेर सदासदाका लागि जानेवाला थियौं । त्यो रात सँगै बिताएर भोलीपल्ट आमा नयाँ बाबुको घर जाने सुरसारमा लागिन् । हामी दिदीभाई पनि आमाको हात समातेर रेडी भयौं । तर अफसोच, आमाले हामीलाई लगिनन् ।

हामी नयाँ बाबुको घर जान पाएनौं । आमा त सधैंका लागि छ्यामालाई जिम्मा लगाउन पो आएकी रहिछन् । अनि मात्रै थाहा भयो, राती हामीले गरेको रिपोर्टले किन काम गरेनछ भनेर ।

आमाले छ्यामाको घरमा जिम्मा लगाएर हिडेपछि बल्ल हामीले अनुभव गऱ्यौं आमाको बिहे कस्तो हुँदोरहेछ भनेर । त्यो दिनदेखि आजसम्म पनि लाग्छ, बरु बाबुको बिहे देखियोस्, तर आमाको बिहे कहिल्यै देख्न नपरोस् । बाबुले अर्को घरजम गर्दा, फर्केर नआउँदा टुहुरो भइएन, तर आमाले अर्को घरजाम गर्दा बल्ल टुहुरो भईयो ।

अहिले श्रीमान बिदेश कमाउन जाने अनि श्रीमती चार-पाँचओटा बच्चा छाडेर अर्को घरजाम गर्ने चलन बढेको छ । हुन त उनीहरुको पनि आ-आफ्नो वाध्यता होला, जस्तो हाम्री आमाको थियो । तर कतिपय भने त्यस्तो बाध्यता नहुँदा पनि छोराछोरी अलपत्र पारेर हिड्ने गेरेको देखेकी छु । त्यस्तो महिला देखेर मलाई निकै रिस उठ्छ । सन्तान भन्दा प्रेम कसरी ठुलो होला भन्ने सोचाइले दिमागमा ढ्याङ्ग्रो बजाउँछ  सायद, आमाले छाडेर हिँड्दाको पिडाले कस्तो हुन्छ, त्यो अनुभुती थाहा भएर होला ।

## गरिव भएर जन्मनु भाग्य

आमा र बाबु दुबैको घरबार भएपछि हामी दिदीभाईको बास भने नर्कमै भएजस्तै भयो । त्यो नर्क थियो छ्यामा (आमाको कान्छी बहिनी) को घर । आमाले नै छ्यामाको जिम्मा लगाएर गएपछि हाम्रो अन्त जाने बिकल्प पनि भएन, त्यसैले हामी छ्यामाकै घरमा बस्न थाल्यौं ।

आमा लिन आउने आशा छँदैमा त छ्यामाको व्यवहार रुखो हुँदै गएको थियो र भाग्ने योजना बनाएर रात विताउँथ्यौं भने अब त झनै हामी सधैंका लागि त्यहीँ बस्नेवाला थियौं ।

हुन त बिचरी हाम्री छ्यामालाई पनि उतिबेला कति गाह्रो पर्‍यो होला । आफ्नै सन्तान थामिनसक्नु छन्, त्यसैमाथी दिदीका सन्तानको अभिभारा पनि थपिएको छ । फेरी त्यो समय पनि त्यस्तै थियो, जति मेहनत गरेपनि पाखो बारीमा बर्षदिन खान नपुग्ने अन्नपात फल्थ्यो ।

छ्यामाका छोराछोरी हामी भन्दा निकै ठुला थिए । उमेरमा पनि उनीहरु नै ठुला अनि बलमा पनि । हामीलाई पिटपाट गर्नु, उनीहरुले गरेका गल्तीमा दोषी देखाउनु र नगरेको गल्तीको सजाय भोग्नु हामीलाई सामान्य दैनिकी जस्तै हुनथाल्यो । छ्यामाका जोइपोइ पनि हामीले गल्ती गरेका छैनौं भनेर सफाइ दिदाँ ‘चोरले म चोर हुँ भनेर कहाँ भन्छ र’ भन्दै हामीमाथी नै प्रश्न उठाउँथे । यस्तो सुन्दा मन चसक्क हुन्थ्यो ।

हरेक सजायमा आमाबाबुको याद आउँथ्यो । यदि उनीहरु हाम्रो साथमा हुन्थे भने बिना गल्तीको सजाय हुन दिन्थे होला कि नाईं, हाम्रो मनमा यहि प्रश्नले डेरा जमाइरहेको हुन्थ्यो ।

हामी दिदीभाई सक्ने काम मात्रै होइन, शरीरले नधान्ने र नसक्ने काम पनि गर्थ्यौं । गर्थ्यौं भन्दा पनि गर्नैपर्थ्यो भन्दा अझ सहि होला । किनभने यदि हामीले सकेनौं भन्ने जवाफ दिए, हामी खाना खानबाट बञ्चित हुन्थ्यौं । दिनभर भोकै बस्नुभन्दा जसरीपनि काम गर्ने भन्ने छाप दिमागमा बसिसकेको थियो ।

बिहान, दिउँसो र बेलुकी गरेर तिन चरणका कामहरु मेरो भागमा आईपरेका थिए । प्रत्येक चरणका कामहरु फरक प्रकृतिका हुन्थे । ति कामहरु तोकिएको समयमा सक्काउनुपर्ने नियम थियो । यदि नसकिएका खण्डमा कामचोर, अल्छी देखि फोकटमा खान पल्केकीसम्मका आवाजहरु कानमा पर्थ्यो ।

भाई भने अन्य काम गर्न सक्दैनथ्यो त्यसैले उसको काम गोठालो जानु थियो । म घाँस दाउराको जोहो गर्नेदेखि आइपरेका हरेक घरायसी कामहरु गर्थे ।

छ्यामाको घरमा दिन दुइ गुणा, रात चौगुणाका दरले हामीमाथि काम थपिन थाल्यो । आफूले सक्ने भन्दा नसक्ने कामका सूची लामो हुनथाल्यो । आफ्ना बाबुले जर्वरजस्ती कलम र कापी थमाइदिएका हातमा ठेलैठेला र चोटपटकले डेरा जमाउन थालेका थिए ।

काम सँगै गाली र यातना पनि थपिने भैहाल्यो । मानसिक र शारिरीक अवस्थाले थेग्न नसक्ने खालका ठुला जिम्मेवारी आइसकेपछि काम पनि बिग्रिएन होला भन्न सकिन्न । फेरी हाम्रा आमाबाबुले काम पनि त सिकाएनन् । अझ भनौं त्यो काम सिक्ने उमेर नै थिएन ।

काम बिगारेको अवस्थामा गाली खाँदा त खासै चित्त दुख्दैनथ्यो तर राम्रोसँग काम पुरा गरेको समयमा पनि बिभिन्न खोट देखाएर गाली खाँदा भने आफूलाई सम्हाल्न निकै गाह्रो हुन्थ्यो ।

यदि त्यो समयमा मैले गरेका राम्रा कामलाई 'तैंले राम्रो काम गरिस्, स्यावास ! आउने दिनमापनि यसरी नै गर्नु है' मात्रै भनिदिएको भएपनि कतिधेरै हौसला मिल्थ्यो होला, तर त्यस्तो हौसला कहिल्यै पाइएन ।

दिनभरी काम गरेर, 'काम गर्ने ढंगै छैन' भन्ने जस्ता गाली सुनिसकेर पनि बेलुका एक छाक तातो भात खान पाएको भएपनि हामी दिदीभाई रातभर मिठो निद्रा सुत्थ्यौं होला । तर त्यस्तो दिन पनि कहिल्यै आएन । हामी निस्तो गाली खाएर  रुँदै रात बिताउँथ्यौं ।

गाली खाएको दिन हामीलाई खाना नदिने नियम थियो । त्यहि नियमको पालना गर्दै हामी खान खानबाट बञ्चित हुनुपर्थ्यो । बचन र गालीले पेट भरेर हामी दिदीभाई सुत्थ्यौं । सुत्थ्यौं के भन्नु ओछ्यानमा पल्टन्थ्यौं । थाकेको शरिर अनि खाली पेटमा निन्द्रा त के लाग्नु । रातभर भोकले पेट कराउँथ्यो । कल्पना गर्थ्यौं, आमा आएको, हामीलाई उठाएर तातो भात खान दिएको तर मनलाई थाहा थियो यो सपनामा पनि पुरा हुनेवाला छैन ।

अझै छ्यामाको मुडको भरमा हामीले खाना खान पाउँथ्यौं । बासी ढिंडोमा नुन छर्केर खान पाउँदा पनि थालीमा भएको ढिडों भन्दा धेरै बचन सुन्नुपर्थ्यो ।

त्यस्ता बचनको बानी परिसकेकाले बिस्तारै दुख्न पनि छाडिसकेको थियो । किनभने एकै कुरा बारम्बार सुनिरहँदा त्यो सामान्य हुँदो रहेछ । अझ भनौ छ्यामाको बचन हामीले पचाइसकेका थियौं । अब त ती बचनबिना खाना नै खल्लो लाग्ने हुन थालिसकेको थियो ।

छ्यामाको बचनले चित्त दुख्न छाड्नुको कारण, बानी परेर मात्रै भने हैन । 'आफूलाई जन्माएका बाबुआमालाई त हामी दिदीभाई घाँडो भयो भने अरुको के कुरा गर्नु' भन्ने सोचले पनि काम गरेको हुनुपर्छ ।

आफ्नै आमाकी बहिनी छ्यामाको घरमा यतिधेरै नराम्रो व्यावहार थियो भने, अर्काको घरमा के कस्तो हुने होला भन्ने अनुमान पनि हामीले लगाईसकेका थियौं । हाम्रा सपनामा आउने नयाँ बाबुको सुन्दर घरमा पनि परिवर्तनहरु आउन सुरु भईसकेका थिए ।

त्यसो त कहिलेकाहीँ छ्यामाका श्रीमान अर्थात सानाबाउ सिकार खेल्थे । उनी उतिबेलाका निकै चर्चित झाँक्री पनि हुन् । उनले सिकार खेलेर हरिण, मृग लगायतका जनावर मारेर ल्याएको दिन भने घरमा पार्टी नै हुन्थ्यो । त्यो दिन भरपेटले मासु र ढिडो खान पाइन्थ्यो । हाम्रालागि त ती दिन दशैंभन्दा पनि उत्कृष्ट हुन्थे ।

यस्तै कहिलेकाहीँ आउने रमाइला पल अनि नयाँ बाबु र आमाको साथमा सँगै बस्ने दिनको झिनो आशामा त हामी दिदीभाई बाँचेका थियौं । हुन पनि त्यहि झिनो आशाको डोरी थियो र त हामी जिउन सकिरहेका थियौं । यदि त्यहि आशाको त्यान्द्रो पनि नहुँदो हो त हाम्रो हालत के हुन्थ्यो होला ।

वि.सं.२०७१ सालमा केन्द्रिय तथ्यांक विभागले गरेको अध्ययन अनुसार बालबालिकाको कुल जनसंख्या मध्ये करिब ०.८ प्रतिशत जनसंख्यालाई आमाबाबु नभएका अनाथको रुपमा देखाएको छ । तर बाबुआमा दुबै जिउँदै भएपनि अनाथ बनेका हाम्रो तथ्यांक भने त्यहाँ समेटिएको थिएन ।

त्यो बेलाको समय र अहिले पनि सरकारले हामीलाई अनाथ मान्दैन । किनभने हामी आफन्तको घरमा बसेका थियौं । हामीजस्तै आफन्तको घरमा बस्ने बालबालिकाको संख्या कुल बालबालिकाको संख्याको करिब ४ प्रतिशत रहेको तथ्यांक बिभागको आँकडा छ ।

हामीजस्ता बालबालिका अझै हजारौं छन् भन्ने सम्झँदा अहिले पनि झसं हुन्छ । उनीहरु पनि हामी दिदीभाई जस्तै आफन्तको टोकेसोमा बाँचिरहेका होलान् भन्ने सम्झेर मन अमिलो हुन्छ । अनि मनले सोच्न थाल्छ, कुकुरले त बच्चा जन्माएपछि आफै आहार खोज्न नसकुन्जेलसम्म एक्लै छोड्दैन भने मान्छे कुकुर भन्दा तल कसरी गिर्न सक्छन् होला ।

हुन त कतिपयको वाध्यता हुन्छ, यसरी आफ्नो बच्चालाई अर्काको भरमा छाड्ने । आजभोली झनै आमा पनि जागिरे हुने भएकाले आमाबाबु सँगै भएपनि बालबच्चा अनाथ बन्ने गरेका छन् । चाइल्ड केयरटेकरको भरमा आफ्ना कलिला बच्चा छाडेर जागिर खान जाने आमाहरुको पनि आफ्नै वाध्यता होला तर यदि घरमा कमाउने मानिस छ र पनि आमाहरु बच्चा अरुको जिम्मा लगाउँछन् भने त्यो आमा र बच्चा दुबैको भविष्यका लागि राम्रो होईन ।

यदि हामी बिदेशी संस्कृतिमा चुर्लुम्म डुबेका भए यसमा केहि फरक पर्दैन थियो तर हामी नेपाली संस्कृतिमा छौं । छोराछोरी ठुलो भईसकेपछि पनि उनीहरुको जिम्मेवारी आमाबाबुले नै लिनुपर्ने हुन्छ । यस्तो अवस्थामा यदि आफ्ना छोराछोरी गलत संगतमा लागे भने उनीहरुको जिन्दगी त खराव हुन्छ नै, साथसाथै आमाबाबुको समेत जिनाहराम हुन्छ ।

अहिले खानलाउन पुग्ने मध्यम वर्गका घरमा जन्मेका बालबालिका आमाबाबुको साथ नपाएर बिग्रने गरेका छन् । आमाबाबु छोराछोरीका लागि भनेर ज्यान फालेर काम गर्छन् यता छोराछोरी बाबुआमाले आफूलाई वास्ता नगरेको, माया नगरेको र समय नदिएको दुखेसो गर्दै अन्यत्र मायाका लागि भौतारिन्छन् र गलत संगतमा फस्छन् । त्यस्तो कुरामा भने म आफूलाई भाग्यमानी ठान्छु, किनभने म मध्यम वर्गको परिवारमा हैन, एक गरिव परिवारमा जन्मिएँ ।

च्यातिएको फरिया पनि फिर्ता दिनुपर्दा

करिब एक बर्षसम्म हामी छ्यामाको घरमा बस्यौं । राम्रो काम गरे स्यावासी पाईएला, कुनै दिन छ्यामाको मन पग्लेला भन्ने आशामा बिताएको त्यो एक बर्ष, एक जुगभन्दा बढीजस्तो थियो । एक बर्षको बसाईमा हामी दिदीभाईले त्यो घर छाड्ने योजना बुन्न थाल्यौं र अन्ततः सहनै नसक्ने भएपछि भाइलाई लिएर म काँइला बाको घरमा गएँ ।

काइँला बाको घरमा जानुभन्दा अगाडीको घटना सम्झँदा अहिले पनि मन गाँठो परेर आउँछ । हुन त यस्ता घटना कति घटे कति, आफैलाई सम्झना छैन तर यो घटना भने मेरो दिमागमा घरजम नै गरेर बसेको छ, निस्कने सुरै गर्दैन ।

बच्चा बेलाको घटना भएकाले मलाई दिन महिना गते केहि याद छैन । याद छ त केवल त्यो क्षण, जुन समयमा म आफ्नो लाज ढाक्नका लागि केहि टालोको प्रतिक्षामा थिएँ ।

छ्यामाको घरमा बसुन्जेल उनले मलाई च्यातिएको फरिया, टुक्रा पारेर लगाउनका लागि दिएकी थिईन् । उनको पनि बाध्यता थियो, आफ्ना बच्चाका साथै दिदीका बच्चाको पनि लाज ढाक्नु । त्यसैले उनी एउटा फरियालाई टुक्रा टुक्रा बनाएर सबै छोरीहरुको लाज ढाक्थिन् ।

मेरो भागमा पनि त्यहि एउटा टुक्रा परेको थियो । म त्यहि छ्यामाको फरियाको टुक्रा बेरेर लाज ढाक्थें । हामी काइँला बाको घरमा जाने भएपछि उनका सबै सामानहरु फिर्ता गर्नुपर्ने भयो । सामान त खासै केहि थिएन, उनले लगाउन दिएको त्यहि एउटा फरियाको टुक्रो थियो । मनमा लागेको थियो, छ्यामाले त्यो फरियाका टुक्रो त नमाग्लिन् । तर मेरो मनले सोचेको के कुरा पो पुरा भएको थियो र यो कुरा पुरा हुनका लागि ।

काइँला बाको घरमा जाने भएपछि छ्यामाले त्यो फरियाको टुक्रो पनि फिर्ता मागिन् । मेरो लाज ढाक्ने कुरा केहि भएन ।

यी सबै घटना देखेपछि काइँला बालाई निकै दया लागेछ म देखेर । नाङ्गै हुने सम्भावना भएपछि काइँला बाले नयाँ छिटको फरिया किनेर ल्याईदिए । छिटको फरिया पाए लगत्तै मैले उक्त च्यातिएको फरियाको टुक्रा छ्यामालाई फिर्ता गरें । उनले नाइँनास्ती नगरिकन त्यो टुक्रा समातिन् ।

अब सुरु भयो काइँलाबाको घरको कहानी । काइँलाबाको घर पुग्न छ्यामाको घरबाट करिब २० मिनेटजति ओरालो झनुपर्थ्यो । उनको घरमा जाने कुराले भन्दा पनि नयाँ छिटको फरिया लगाउन पाएकोमा म मख्ख परेकी थिएँ ।

काँईला बाको घरमा केहि दिन त राम्रै भयो पछि त्यहाँ पनि उस्तै हुन थाल्यो । सानो भाईले जतिसुकै याद गर्दापनि गाइगोरु अर्कोको बारीमा पसेर दुःख दिन्थें, जसका कारण हामीले गाली खानुपर्थ्यो, जंङ्गल जाँदा

हातखुट्टामा काँडा बिभ्भ्यो, हिड्नै नसकिने गरेर दुख्यो तर कहिल्यै कहाँ दुख्यो, एकछिन बस् भन्नेजस्ता शब्द सुन्न पाइएन । तरपनि त्यहाँ छ्यामाको घर भन्दा केहि हलुको थियो ।

बर्खाको समयमा घटेको एउटा घटना म अहिले पनि हरेक बर्खामा र पानी परेको समयमा सम्भन्छु ।

त्यो दिनभर पानी परिरह्यो । पानी पर्दा, न्यानोमा बस्न पाए हुन्थ्यो भन्ने सबै मान्छेलाई हुन्छ, म पनि मान्छे नै थएँ । मलाई पानी परेको समयमा न्यानोमा बस्न, भुटेको मकै ओछ्यानमै बसीबसी खान खुब मनपर्छ ।

तर त्यसरी न्यानोमा बस्न पाउनु भनेको मेरा लागि कल्पना बाहिरको कुरा थियो । ओत लाग्न पाएमात्रै पनि कस्तो पो हुन्थ्यो ।

त्यस दिन विहानभरी पानीमा भिज्दै काम गरें । पानीमा भिजेपछि फेर्ने अर्को कपडा थिएन, त्यहि एक जोर काँईला बाले ल्याइदिएको छिटको फरिया मात्रै त हो । चिसो कपडा भएपनि फेर्ने अर्को कपडा नभएपछि ढाडिएर त्यसैमा बसें । सायद यहि देखेर होला भगवानले पानी रोकिदिए । अपरान्ह हुँदै गएपछि आकाश सफा हुँदै गयो र निकै न्यानो र पारिलो  घाम लाग्यो । त्यतिखेर म गोठालो गएको थिएँ । दिनभर पानीमा ढाडिएको शरीर न्यानो र पारिलो घाम पाएपछि भुसुक्क निदाएछ ।

आफू मस्त निद्रामा हुँदा गाइगोरुलाई भने दशैं लागेछ । अर्काको बारीमा पसेर अन्नबाली सखाप पारेछन् । गल्ती नै नगर्दा त गाली र पिटाइको बर्षा हुने शरीरले अब त गल्ती मात्रै होइन, महागल्ती गरेको थियो । के भयो होला, म कल्पना पनि गर्न सक्दिन ।

अहिले सम्भदाँ पनि आँङ सिरिङ्ग हुन्छ । सायद जन्मेदेखिकै सबैभन्दा धेरै कुटाइ खाएको दिन त्यो थियो । कुटाइसँग जन्मदैं देखिको नाता भएपनि त्यो समयमा आफ्नो शरीर आफैसँग डराएको थियो ।

त्यो दिन म बाबुआमासँग बस्दा घर भएको जग्गामा गएर निकैबेर रोएँ । त्यहाँ केहि ढुङ्गाका पर्खाल मात्रै बाँकी थिए । हाम्रो घर भएको स्थान काइँला बाको घरबाट दश मिनेटमा पुगिन्छ ।

पिटाई खाएको भोकमा त्यतिखेर अजिबको ख्याल पनि आएको थियो । मनले सोचेको थियो,आमाबाउ नभएर के भो त, पर्खालमा खरले छाएर भएपनि म आफ्नै घरमा बस्छु । एकछिन त भाईसँग त्यहि घरमा बसेको कल्पना पनि गरेको थिएँ, तर त्यो कल्पनामै समेत सम्भव थिएन ।

भक्कु पिटाइ खाएपछि त्यो घरमा पनि बस्न मन लागेन । बिरक्तिएको मन लिएर एक्लै हजुरबुबा, हजुरआमाको घर (हजुरबाको ठुलो दाजु) गएँ । भाई भने काँईला बाको घरमै थियो ।

केहि दिन हजुरबा हजुरआमाको घरमा गएपनि भाईलाई एक्लै छाड्न मनले मानेन । फेरी भाइ जहाँ आफू पनि त्यहाँ आउन परिहाल्यो । केहि दिन त्यता बिताएपनि म फेरी काइलाबाको घरमै फर्किएँ ।

समय बित्दै गयो । काइला बाका घरमा दुःख पनि समयसँगै बढ्न थाल्यो । अति भएपछि मैले भाइसँग सल्लाह गरें, 'भाई तिमी यहिँ बस, म आमा खोज्न जान्छु ।' भाइले सुरुमा त मसँगै जान जिद्दी गऱ्यो तर पछि खै के लागेछ, मलाई एक्लै पठाउन राजी भयो ।

म भाईलाई एक्लै काँईला बाको घरमा छाडेर आमा खोज्न जाने भएँ । यो कुरा हामी दुइजनामा मात्रै सिमित थियो । म काइँलाबाको घरबाट भागेर आमा खोज्न जानेवाला थिएँ ।

आँट गरेर आमा खोज्न घरबाट निस्किएँ । बिडम्बना काइँलाबाको घरदेखि अलिक तल खोल्सीमा मात्रै के पुगेकी थिएँ, काँईला बाका छोरा दौडिदै आए । भागेर हिँडेकीले मन डरले ढक्क फुल्यो । अर्को मनले फर्काउन आएका होलान् भनेर सान्त्वना पनि दियो तर दुबै मन यहाँ पनि फेल भए । उनी त काइला बाले किनेर दिएको छिटको फरिया फिर्ता माग्न पो आएका रहेछन् ।

छिमेकीले दया गरेर दिएको थोत्रो फरिया साथमै राखेकी थिएँ । फरिया फिर्ता माग्न आएपछि मैले उक्त छिटको फरिया बाटैमा फुकालेर दिएँ । काइँला बाको छोरा छिटको फरिया बोकेर उकालो लागे म पनि आफ्नो बाटो लागें । मनमा छिटको फरियाको लोभ त आएको थियो । फर्केर जाँदा त्यो लुगा फिर्ता दिन्छन् कि भनेर मन बारम्बार फर्कन खोज्दै थियो तर अगाडी बढिसकेको पाईला फिर्ता हुन चाहेन । फरिया भन्दा आमा भेट्ने मोहले धेरै काम गऱ्यो ।

अचेल काठमाडौंका सडकमा मानिसहरु एकसरो कपडा नपाएर काँपिरहेका देख्छु । त्यस्तो देख्छ म फेरी मेरा ति कालो बाल्यकाल सम्झन पुग्छु । ति काँपिरहेका बालबालिकामा म आफ्नै प्रतिविम्ब देख्छु । अहिले म बाल्यकालमा छैन, तर बाटोमा हिड्दा अझै त्यहि अवस्थामा जिईरहेको छु जस्तो भान हुन्छ ।

काँपिरहेको मानिस नजिकै रहेका पोलमा बिभिन्न पार्टीका झन्डा फहराइरहेको देख्दा त झनै मन अमिलिन्छ । सोच्छु, त्यो झन्डा बनाउने कपडाले यो मानिसको आङ सेक्न सके कति राम्रो हुँदो हो । मनमनै कामना पनि गर्छु, 'हे भगवान्, मानवमा दया भर्देउ, यिनीहरु निकै निर्दयी छन् ।'

आमा खोज्दा....

एकसरो फरियाको भरमा म आमा खोज्न निस्किएँ । भाई एक्लैलाई काइला बाको घरमा छाडेर त निस्किएँ, तर आमा खोज्नु पो कता ? कुनै ठाउँमा आफैले आमा हराएको भए पो, त्यहि ठाउँमा गएर खोजौं भन्न हुन्थ्यो ।

तराइका समथर फाँटमा बाटो बिराएको गोरुजस्तो यता जाउँ कि उता भइरहेका बेला मानिसहरु हाटडाँडामा मेला भर्न जाँदैरहेछन् । म पनि उनीहरुकै पछि लागें । साना खुट्टाले ति लामा खुट्टाको चाललाई भेट्न पो कहाँ सक्दोरहेछ र, सबै यात्रीले छाडेर हिँडे, बाटोभर म एक्लै परें ।

उनीउँ झाडी र अँध्यारा खोल्सा खोल्सी पार गर्दै एक्लै हाटडाँडा पुगें । त्यहाँ पुगेपछि आमा भेटिन्छ कि भनेर हल्का आसा पलायो । किनभने त्यहाँ सात डाँडा पारीका मानिसहरु मेला भर्न आउँथे । हाम्री आमा पनि पहिलेदेखि नै हाटडाँडामा मेला भर्न रुचाउँथिन् ।

हाटबजारको हुलमुलमा आँखा तान्काउँदै गर्दा एउटी महिला सामान बेचिरहेको देखें । आमाले जस्तै फरिया लगाएकी उनी काटीकुटी हाम्री आमाजस्तै लाग्यो । मस्तिष्कले पनि सत प्रतिशत आमा नै हो भनेर घन्टी बजायो । आमा भेटिन्छ कि भेटिन्न भनेर धर्मराइरहेको मन एक्कासी खुशिले ढकमक्क फुल्यो ।

आँखाले फेला पारिसकेकी आमा हुलमुलमा फेरी गुम्ने डरले दौडँदै म उक्त ठाउँमा गएँ र फरियाको फेरो समातेर बोलाएँ, आमा । महिलाले पछाडी फर्केर हेरिन्, तवमात्रै थाहा भयो, उनी हाम्री आमा हैन रहेछिन् । त्यहि बेला नयाँ कुरा पत्ता लगाएँ, आमाले लगाएजस्तो फरिया त अरुले पनि लगाउने रहेछन् ।

ति महिलाले मेरो अनुहारमा पुलुक्क हेरिन्, फेरी सामान बेच्नमा नै मग्न भइन् ।

मेरा हातखुट्टा गलेर हिड्न नसक्ने भइसकेका थिए । यस्तो बेला आफ्नै मन दुई ओटा (दोमन) हुँदोरहेछ । फेरी दुई मन भइसकेपछि , आपसमा झगडा पनि गर्दोरहेछ । त्यतिखेर एक मनले भनिरहेको थियो, यहि हाटडाँडामै आमा भेटिन्छ, राम्रोसँग खोज् । अर्को मनले भन्दै थियो, यही ठाउँमा मात्रै धेरै दुःख नगर, रात पर्न लागिसक्यो, अर्को ठाउँतिर पनि खोज्न सुरु गरिहाल ।

दुइ मनको लडाईं परिरहेका बेला मेरो आँखा अर्को आमा जस्तै देखिने महिलामा पुगेर ठोकियो । ती महिलाको अनुहार आमाको जस्तै थियो, फरिया र लवाई भने अर्केको जस्तो ।

पहिले पनि आँखाले धोका दिईसकेकाले सुरुमा ति महिलालाई वालै दिइनँ, किनभने मलाई बारबार धोका खानु थिएन ।

वास्ता नगरेपनि आफु जाने बाटोमै महिला सामान बेचिरहेकी थिइन् । इग्नोर गर्दै नजिक पुगें । हेर्दिन भन्दा पनि ती महिलामा नजर पुग्यो । अनि पो दंग परें, तिनी त साँच्चै हाम्री आमा नै रहिछन् । एकछिन कल्पना हो कि, वास्तविकता खुट्याउनेपट्टी ध्यान गयो । अनि झट्टै दिमागमा पनि आइहाल्यो, म पनि कस्तो बुद्धु, आमाको नयाँ घरबार भएपछि पहिलेजस्तो कता देखिन्छिन् त ।

'तिमी यहाँ कसरी ?' नभनुन्जेलसम्म मैले आमा भन्ने हिम्मत गरिन । उनीबाटै कुरा बोल्न सुरु गरेपछि भने, खुसीको सिमै भएन । आमा भनेर गम्लंगै अंगालो मारें ।

हाटडाँडामा आमा फेला पारेपछि, एक्कैछिन अघिको थकान खै कता पो गायब भयो । आफू संसारकै सबैभन्दा खुशी र सुखी ब्यक्ति भएको अनुभव गरें । आमाले भाइ कता छ, सँगै ल्याएको छ छैन भन्नेबारे सोधपुछ गरिन् । मैले पनि भएभरको घटना बढाइचढाइ नै आमालाई सुनाएँ ।

भाईसँग सल्लाह गरेर आफू आमा खोज्न कसरी काइँलाबाको घरबाट त्यहाँसम्म आइपुगें भन्ने वेलिबिस्तार आमाले चुपचाप सुनिरहिन् । केहि बोल्नुको बदलामा उनले लामो स्वास फेरिन् र मेरो हात डोऱ्याउँदै जिरी बजार जाने ओरालो झारिन् ।

त्यतिखेर आमालाई भेटेर मेरो मनमा झलमल्ल घाम लागिरहेको थियो । ठिक त्यहि समयमा मेरी आमाको मनमा बादल मडारिएर झरी पर्न ठिक्क थियो । जुन समयमा आमालाई भेटेको थिईन, मेरो मनमा झरी परिरहेको थियो, आमाको मनमा ब्यापार राम्रो भएको भन्दै घाम लागिरहेको थियो ।

जिन्दगी भनेको सायद यहि रहेछ क्यारे, एउटा खुशी हुँदा अर्को दुःखी हुनुपर्ने । आजभोली निकै खुशी लागेको समयमा पनि खुलेर हाँस्न सक्दिन । लाग्छ, मेरो हाँसोको बदला अर्को मानिसको आँशु नबगोस् तर यो त जिवनको नियम नै रहेछ ।

केहि कुरा मैले पाइरहेको छु भने त्यो अर्कोले गुमाइरहेको छ, मैले केहि गुमाइरहेको छु भने अर्कोले पाइरहेको छ । एउटा नेपाली फिल्म छ कागवेनी भन्ने । त्यसले यस्तै कथा भनेको छ । हामी केहि कुरा पाउछौं भने हजार कुरा गुमाउँछौं । मेरो सन्दर्भमा पनि आमालाई भेटिसकेपछि यहि कुरा लागु भयो । मैले आमा पाएँ तर उनको चेहराको खुशी गुमाएँ, जुन मलाई स्विकार्य थिएन ।

'जीवन भाग हैन भोग हो, अनि भोगाइ कर्मको अर्को सिँढी' । कवि शर्मिला थापा (शमि)को अस्तित्व नामक कविता संग्रहबाट लिइएको यो हरफ साच्चै मार्मिक, सान्दर्भिक र यथार्थपरक छ । अझै यी हरफहरुले मेरो आफ्नै जिन्दगी बोलेको आभास पनि गराउँछ ।

## घुमिफिरी रुम्झाटार

साँझ झमक्कै परिसकेको थियो हामी आमाछोरी जिरीबजार पुग्दा । त्यतिखेर अहिलेजस्तो घरघरमा बिजुलीबत्ति पुगेको थिएन । नेपालको सबैभन्दा छिट्टो बिकास भएको बजारका रुपमा परिचित जिरी बजारमा बस्ती भने निकै बाक्लो थियो । पातलो बस्ती भएको ठाउँबाट बाक्लो बस्ती भएको शहरमा पहिलोपल्ट पुगेकाले होला, आफू गज्जवकै ठाउँमा आइपुगेछु जस्तो लागेको थियो, त्यसैले भित्रभित्रै मख्ख परिरहेको थिएँ ।

साँझ परेकाले हरेकको घरबाट मट्टितेलको बास्ना आइरहेको थियो । मानिसहरु टुकी बत्ति बाल्ने सुरसारमा लागेका थिए । हाटडाँडाबाट हेर्न पाएको भए कत्तिधेरै झिलिमिली देखिन्थ्यो होला भन्ने मनले सोचिरहेको थियो ।

ओरालो झरेर थोरै तेस्रो बाटो हिँडेपछि एउटा खोला आयो । काठको पुल भएको त्यो खोलाको नाम जिरी खोला रहेछ । अहिले करिव ११ मिटर लामो पक्की पुल बनेको छ त्यो खोलामा ।

त्यही खोलाबाट केहि मिटरको दुरीमा रहेछ नयाँ बाबुको घर । आमाले त्यहि सानो घरको आँगनमा पु¥याइन् । हामी पुग्ने बित्तिकै घर भित्रबाट ग्र्वार मानिस निस्किए । धेरै मानिस देखेर म त खुसी थिएँ, तर मलाई देखेर त्यो घरका मानिसहरु भने खुशि भएनन् ।

पहिलोपल्ट नयाँ बाबुको अनुहार देखियो । उनको अनुहार हामीले कल्पना गरेको नयाँ बाबुको जस्तो थिएन न त हाम्रा बाबुकै अनुहारसँग मेल खान्थ्यो । गोरो अनुहार, अग्लो ज्यान, हेर्दा निकै सुन्दर । यसो हेर्दा कुनै फिल्मको हिरो भन्दा कम रहेनछन् ।

नयाँ बाबुको घर निकै सानो रहेछ । त्यहि सानो घरमा पनि दर्जन मानिस अटाउनुपर्दा साँघुरो हुँदोरहेछ ।नयाँबाबुका  भाईबहिनी धेरै र सबै सानासाना भएकाले घर शान्त कहिल्यै नहुने रहेछ । आफ्ना छोराछोरी भन्दा साना देवर र नन्द सम्हाल्नुपरेकी आमाको अनुहार त्यहि भएर पो अँध्यारो भएको रहेछ ।

आमासँगै हुन पाउँदा म त दंग थिएँ तर आमा भने रातदिन दुःखमा पर्न थालिन । दिनभर उनी काममा जान्थिन् । आमाको दुख देखेर  म पनि घरका सानातिना काम सघाइदिने, जिरी खोलातिर घाँस काट्न जाने, गोठालो जाने आदि काम गरेर आमाको हात बटाउन थालेकी थिएँ ।

उमेरका हिसावले नयाँ बाबुका भाइबहिनी अर्थात मेरा फुपु दिदी र काकाहरु म भन्दा ठुला थिए । उनीहरु आमा काममा जाने बित्तिकै मेरो भागको खानोकुरा खोसेर खाइदिने गर्थे । आमा यताउता लागेको थाहा पाउने वित्तिकै कुटपिट गर्ने, हाम्रो घरबाट निस्केर जा भन्ने जस्ता क्रियाकलाप बिस्तारै बढ्दै थियो ।

राती आमा भेट हुने वित्तिकै दिनभर तिम्रो नन्दले यस्तो गरे, उस्तो गरे भनेर कुरा लगाउँथें तर आमा मौन बस्थिन् । बिचरी उनले पनि के गरुन् र । मैरै निहुँले नयाँ बाबुसँग दिनदिनै झगडा पर्नथाल्यो । नयाँ बाबुले रक्सी खाने र आमाले कुटाइ खाने क्रममा म बसेको दिनदेखी हर्लक्कै बढ्न थाल्यो ।

एकदिन साह्रै भएपछि आमा मेरो हात समातेर नयाँ बाबुको घरबाट निस्किइन् । मनमा लागेको थियो, आमाले हमेशाका लागि त्यो घर छाडिन् । अब उनी हामी दिदीभाइका साथ खुशीले जीवन बिताउनेछिन् तर हैन रहेछ । उनी त पुनः छ्यामाको घरमा हामी दिदीभाइका लागि छाड्न भनेर पो आएकी रहिछन् ।

आमा खोज्न गरेको त्यति धेरै संघर्ष पानीमा मिल्यो । घुमिफिरी रुम्झाटार भने जस्तै हामी फेरी सुरुको जिन्दगीमा आइपुग्यौं । भाइ र मेरो जिन्दगीको घडीको सुई पहिले जहाँबाट सुरु भएको थियो, त्यहीँ आएर रोकियो ।

छ्यामाको घर पहिलेभन्दा झनै कठोर बन्न थाल्यो । उनीहरुलाई पनि लाग्यो होला, जहाँ पुगेपनि अन्त्यमा आउने त यहीं हो । काँहा जाला मछली मेरै ढडिया ।

एकदिन हामी दिदीभाई गोठलो गएका थियौं । एउटा गाइले निकै दुःख दियो । अर्काको बारीमा पस्न खोजेको खोज्यै गऱ्यो । राती गोठ पुऱ्याउँदा समेत उक्त गाइले दुःख दिन छाडेन । गोठमा गाई बाँधिसकेपछि भाइले गाली गऱ्यो, ‘तँलाइ डाम्ना कतिधेरै दुःख दिइस् है आज !’

भाइले भनेको यहि शब्दका कारण हामीले निकै गाली खायौं । गाइलाई गाली गरेको भन्दै छ्यामाले उखरपातै मच्चाइन् । गाइको निहुँमा हामीले यति घिनलाग्दा र डरलाग्दा गाली खायौं कि कुरै नगरौं ।

त्यो समयमा छ्यामा देखेर निकै चित्त दुखेको थियो । एउटा पशुलाई गाली गरेको निहुँमा, त्यो भन्दा तल झरेर मानिसलाई गाली गर्छन् त कोहि भन्ने लाग्यो । भाइलाई गरेको त्यो गाली सहन नसकेर म फेरी घर छाडेर निस्किएँ । काँईलाबाको घरमा जाने बाटो हराइसकेको थियो । त्यसैले म भाइलाई छ्यामाकै घर छाडेर जेठो हजुरबाको घर गएँ । जहाँ पहिले पनि म काँईलीआमाको कुटाई खप्न नसकेर म भाई एक्लैलाई छाडेर आइरहन्थें ।

अहिले ति दिनहरु सम्झँदा लाग्छ, जिन्दगी भनेको साइकलको पाङ्ग्रा जस्तै रहेछ, घुमिरहने । त्यो घुमाइमा कहिले खुशीले साथ दिदोँरहेछ त कहिले दुःखले । कहिले हाँसोले अगाडी बढाउन खोज्दोरहेछ यो जीन्दगीलाई त कहिले आँशु बाटो छेक्न आइपुग्दोरहेछ । आखिर जिन्दगी भनेको त शुन्य रहेछ । जति नै उपलब्धी हाँसिल गरेपनि अन्त्यमा उही ठाउँमा आइपुग्नुपर्ने । जे जस्तो संकेत दिन्छ, त्यहि अनुसार अगाडी बढ्नुपर्ने । हामी त जिन्दगीको रिमोर्ट कन्ट्रोल पो रहेछौं ।

सामाजिक सञ्जालतिर कतै लेखेको देखेकी थिएँ,

जिन्दगी हो, जिन्दगी जस्तै हुन्छ

यो वर्षातको झरी जस्तै हुन्छ

झर्छ, बग्छ ………………कतै तड्पिन्छ, कतै बहकिन्छ

कतै भत्काउँछ त कतै भत्किन्छ पनि ।

एक पाथी जुका

जेठाहजुरबाको घरमा मैले नयाँ काम पाएँ । सधैं घरको काम, वनजङ्गल र गोठालो भएर बाँचिरहेको मैले यी काम गर्न नपर्दा निकै खुशी लागेको थियो । सधैं नाम्लो र आँसी बोक्ने हातले पैसा गन्न पाउने भएका थिए । हजुरआमालाई ब्यापारमा सहयोग गर्नेवाला काम पाएको थिएँ त्यहाँ ।

हजुरआमा हाट बजारमा हाँडी बेचेर पैसा कमाउँथिन् । हजुरआमासँग बस्न थालेपछि मैले त्यहि हाँडी बच्ने काममा उनको हात बटाउनुपर्ने भयो । ती काम गरेवापत केहि पैसा पनि पाउनेभएँ मैले । एक प्रकारले भनने हो भने म जागिरे भए ।

पैसा कमाउने भएपछि सजिलो कहाँबाट हुन्थ्यो र । मेरो लागि त झनै यो निकै गाह्रो काम थियो । कारण, उमेरको हिसावले मैले गर्नसक्ने काम थिएन यो ।

हाँडी गाउँमा बन्थेन, अहिलेपनि बन्दैन । त्यसका लागि चाहिने माटो हाम्रो गाउँमा पाइँदैनथ्यो अनि बनाउन आउने मान्छे पनि थिएनन् । त्यसैले हाँडी लिनका लागि मार्वु भन्ने ठाउँमा पुग्नु पर्थ्यो । उबेला अहिलेको जस्तो यातायातको साधन थिएन । सानो पाइला भएको मलाई मार्बुसम्म पुग्न दुइ रात बास बस्नुपर्थ्यो । हुन त ठुला पाइला भएकालाई पनि समय लाग्ने त त्यति नै थियो तर उनीहरु आरामसँग पुग्थे भने मलाई निकै धपेडी हुन्थ्यो । ठुला मानिससँगै गएपछि उमेरले सानै भएपनि पाँचओटा हाँडी बोकेर म आले पुग्थें । नफुट्ने कुरा भएको भएपनि सजिलो हुन्थ्यो होला, फुट्ने चिजपऱ्यो, बीचमा आएर फुटे बर्बाद भन्ने भयले निकै जतन साथ हिड्नुपर्थ्यो । बीच बाटोमा आएर हाँडी फुटे मिहेनत खेर गएको भन्दा पैसा खेर गएको भनेर बढी दुःख लाग्थ्यो होला तर त्यस्तो दिन कहिल्यै आएन ।

पाँचओटा हाँडी आले ल्याएर मात्रै पनि भएन । त्यहाँबाट हाट लागेको दिन बजार पुऱ्याएर बेच्नुपर्थ्यो । यतिधेरै दुःख गरेर कमाएको त्यो पैसा म हजुरआमालाई ल्याएर दिन्थें । हजुरआमाले मैले कमाएर दिएको पैसामध्ये पाँच पैसा झिकेर दिन्थिन् । त्यो पाँच पैसाले मैले अरु पाँच हाँडी लिएर आउँदासम्मको बाटो खर्च धन्नुपर्ने हुन्थ्यो ।

मार्बु आउँदा जाँदा खाजा या खाना खान पैसा हुँदैनथ्यो । त्यसैले पाँच पैसाको चकलेट किनेर खान्थें । खाजा खाए एक्कैपटकमा सबै पैसा सकिने भएकाले चकलेट खाँदै पानी खाँदै गरेर यात्रा तय गर्थें । यसो गर्दा एकैपटक टन्न खान नपाएपनि मुखमा पानी सुक्न पाउँदैनथ्यो ।

भोको पेटमा मुसाहरुले आन्दोलन जारी राखेका हुन्थे । अति भएपछि त बिस्तारै भोकै हराउँदै जान थाल्यो । हाँडी बोकेर उकालो चढ्दा आँशुका धारा त्यतिकै छुट्थे । सानो मान्छे, पाँचओटा हाँडी बोकेर हिड्दा निकै

गाह्रो हुन्थ्यो । जति हाँडी बेचें, यदि भरेको भए ती बेचेका हाँडीहरुमा नअटाउने आँशु मैले त्यो बेलामा बगाएँ होला ।

कमाएको पाँच पैसा चकलेटमा खर्च हुन्थ्यो । खान समेत नपुग्ने पैसा जोगाउँला भन्ने त सोच नै आएन । केहि समयसम्म यहि काम मेरो दैनिकी बन्यो । आइतबार मार्बुका लागि हिड्ने र मंगलबार मर्खुबाट आलेका लागि हिड्ने । शुक्रवार आराम गर्ने, शनिवार दिनभर हाटबजारमा हाँडी बेच्ने र फेरी आइतरबार मार्बु हिड्ने । कलिलो खुट्टा निकै थाक्नथाल्यो, पाँच पैसाको चकलेटको भरमा ज्यान पनि लुलो बन्दै गयो । काम गर्न नसक्ने स्थिती आएपछि म फेरी हजुरबा, हजुरआमाको घर छाडेर निस्किएँ ।

घर छाडेर त निस्किएँ, तर कहाँ जाने ? मेरो न छ्यामाको घरमा जाने बाटो थियो, न त काइलाबाकै घरमा । मामाली दार्जलिङतिर थिए । जति टोकेसो भएपनि जाने ठाउँ त्यहि एउटा मात्रै थियो, आमाको घर । अन्त्यमा, म पुनः आमाको घरमै पुगें ।

खबरै नगरी एक्कासी आमाको घरमा पुग्दा सबैजना अचम्ममा परे । उनीहरुको अनुहारमा, फेरी पनि दुःख दिन आइछ भन्नेखालको भाव प्रष्टै देखिन्थ्यो ।

यो पटक भने आमा म उनको घरमा आएको देखेर भन्दा मेरो शरीर देखेर निकै दुःखी भइन् । खानेकुरा खान नपाएको ख्याउटे शरीरमा आफूले जन्माएको सन्तान देख्दा दुःख नलागोस् पनि कसरी । मेरो हालत त्यस्तो खराव देखेपछि आमाले भाइबारे पनि सोधखोज गरिन् । मैले आफूले भोगेका घटनादेखि भाइको खबरसम्म रुँदै बताएँ ।

पेट कटकट खाइरहने, पखाला लागिरहने र दुब्लो शरिर देखेर आमाले अस्पतालबाट पेटको जुका मार्ने औषधी ल्याएर खुवाइन् । औषधी खाएपछि त मेरो पेटबाट यति धेरै जुका निस्कियो कि, त्यो देखेर आमा मुर्छा नै परिन् । यदि निस्किएका सबै जुकाको हिसाव राखेको भए एक पाथीजति हुन्थ्यो होला । पेटमा भएका सबै जुका निस्किएपछि भने ज्यानमा बल आउन थाल्यो । आमाको साथमा बस्न र समयमै खानेकुरा खान पाएपछि म बिस्तारै पहिलेकै जसरी फिर्न थालें ।

त्यो समयमा पेटभित्र त्यतिधेरै जुका कसरी आए भन्ने थाहा थिएन तर अहिले बल्ल यो बारे थाहा पाउँदैछु । यदि त्यो समयमा पैसाको लोभ नगरीकनै मैले खाजा खाएको भए ती जुकाका दिन नआउने रहेछ । पैसा जोगाउन खाएको चकलेटले झण्डै ज्यानै गुमाउनुपरेन ।

मेरो त्यस्तो हालत देखेर आमा धेरै दुःखी भइन् । साथै तुरुन्तै भाईलाई पनि छ्यामाको घरदेखि लिएर आईन् । करिब तिन बर्षपछि बिछोडिएका हामी तिन आमा छर्छरी फेरी एक हुन पायौं ।

त्यो चकलेट र त्यसपछिको जुकाले शरीरलाई हानी गरेपछि आमासँग बस्ने बातावरण भने सिर्जना गऱ्यो । यदि ती घटना नघटेको भए हामी तीन सँगै बस्न पाउँदैनथ्यौं होला ।

अचेल बालबालिकाहरु जंक फुड र चकलेटमा धेरै भुल्ने गरेका छन् । अभिभावक पनि उनीहरुलाई कर गरेर पोषणयुक्त खाना खुवाउन भन्दा सजिलो फाष्टफुडमै जोड दिने गरेका छन् तर यो सरासर गलत हो । बालबालिका भनेका एकछिनका लागि मिठोमा रमाउने स्वभावका हुन्छन् तर अभिभावक पनि यसैमा रमाउनु ठिक होइन । यसले उनीहरुको स्वास्थ शरीरमा छिट्टै रोगव्याधी ल्याउन मद्दत गर्नुका साथै दिर्घकालिन असर पनि गर्छ ।

**आमाको महिमा**

आमासँग हामी दिदीभाईको जिन्दगी त रमाइलोसँग बितिरहेको थियो तर खै किन, हाम्रो खुसी अरुको नजरमा भने सधैं विझाउने काँडा बन्थ्यो । नयाँ बाबुको घरमा पनि हामी दुई खुशी भएको हेर्न चाहने मानिस थिएनन् ।

बिचरी हाम्री आमा त झनै नयाँ बाबुपट्टीका आफ्ना सन्तान, सासुका सन्तान अनि हमी दिदीभाइलाई हेर्दा, खुवाइपियाई गर्दा र फेरी काममा जाँदा थकानले हत्तु हुन्थिन् ।

यति धेरै काम गरेर उनी थकाउँथिन् । त्यहि थकानमा नयाँ बाबु आएर आमालाई पिट्थे । पहिले हामी त्यहाँ नहुँदा के गर्थे कुन्नी, त्यो घरमा आएदेखि आमाका आँखा ओभाना र पिटाइले नसुन्नेका कमै भेटिन थालेका थिए ।

नयाँबाबुको पिटाइसँगै घरका अन्य सदस्यहरुको बचन पनि उनैले सहनुपर्ने भयो ।  घरमा हामीलाई खान नदिने, यदि कसैलाई दया लागेर खाना दिईहाले पनि खोसेर खाइदिने, मुखमाआएका मनपरी कुराहरु बोल्ने आदि गर्नथाले घरकाले ।

आमाले पनि हरेक दिन यस्ता कुरा कसरी सहन सक्थिन् र । मौका मिलेसम्म जवाफ फर्काउने र हामीलाई पिटाइबाट बचाउन कम्मर कसेर लाग्न थालिन् । आमा चुप लागेर बसेको भए झगडा नलम्बिने सम्भावना हुँदाहुँदै पनि उनी झगडा लम्ब्याउनकका लागि तयार भइन् । अझै पछिपछि त हामीलाई नन्दहरुको गाली र पिटाइबाट जोगाउन उनी आफू जहाँ जान्थिन्, हामीलाई पनि सँगै लिएर जाने गर्न थलिन् ।

आफ्ना बहिनीहरुसँग झगडा गर्न थालेपछि दाजु पनि कसरी चुप लागेर बस्न सक्छन् र । उसैमाथी नयाँबाबुलाई हामी दिदीभाई सधैका लागि घरमा आएको मन परेको थिएन । त्यसैले आमा र नयाँबाबुको लडाईं दिन दोगुना, रात चौगुनाका दरले बढ्न थाल्यो ।

नयाँबाबु बिस्तारै बिस्तारै कुलतमा पनि फस्नथाल्यो । टिल्ल परेर रक्सी खाने अनि आमासँग झगडा गर्ने क्रम दिनदिनै बढ्दै गयो । साँघुरो घरमा खचाखच मान्छे अनि लोग्ने स्वास्नीको दिनदिनैको झगडा । यी सब कुराले त्यो घर घरजस्तो रहेनै छाड्यो । गाउँलेले पनि सुरुसुरुमा घरको झगडालाई तमासा बनाए, पछि भने उनीहरुका लागि दैनिकी जस्तै बन्नथाल्यो । अझ भनौं उनीहरु हाम्रो घरको झगडाको आदी बन्दै गए, हाम्रोमा झगडा नपरेको दिन मात्रै उनीहरुका लागि अनौठो लाग्न थाल्यो । गाउँलेको बुझाइमा हाम्रो घर झगडा गर्नकै लागि बनेको जस्तो भएको थियो त्यतिबेला ।

आमा रातभर दिदीभाईका कारण नयाँ वावुसँग झगडा गर्थिन्, अनि दिनभरी हामीलाई सँगै लिएर कामकाजमा निस्कन्थिन् । दुई छाक तातो खुवाउन आमाले गरेको संघर्ष हेर्न मलाई निकै गाह्रो हुन थाल्यो ।

हुन त आमालाई धेरै गाह्रो नहोस् भनेर घरको काम सघाउने, घाँस दाउरामा सघाउने गर्थें तर यति सहयोग त बालुवामा पानी हाले जस्तै हुन्थ्यो ।

समय त याद छैन, हाम्रा कान्छा बाबुले आमा माथि सौता ल्याए । जिन्दगी सुखसँग बिताउन दोस्रो बिहे गरेकी हाम्री आमाले सौता पनि बेहोर्नुपऱ्यो । साह्रै भएपछि, आमाको सुखका लागि मैले त्यो घरपनि छाडें र जिरी बजारमै अरुको घरमा बस्न थालें । भाई भने आमाको साथैमा थियो ।

आमा शब्द आफैँमा पूर्ण र भरिपूर्ण मात्र होइन, सम्पूर्ण पनि हुँदोरहेछ भन्ने कुरा मैले केहि समय आमाको साथमा समय बिताउँदा महशुस गर्ने मौका पाएँ । आमा शब्दका अगाडि ममतामयी, स्नेही, पूजनीय आदिजस्ता विशेषणको महत्व पनि त्यहि समयमा अनुभव गर्ने मौका पाएँ ।

शास्त्रमा भनिएको छ, भगवान र भगवानको नाममा कुनै फरक छैन, एउटै हो । त्यस्तै, आमा र आमा नाममा पनि कुनै फरक छैन । हामी सबै जनाले आमा शब्द सुन्नासाथ आफ्नै आमालाई सम्झन पुग्छौं । कतै भनिएको छ- संसारमा सबै ठाउँमा भगवान् पुग्न सक्दैनन्, त्यसैले उनले आमा बनाए ।

तर, मलाई आमासँग भगवानको तुलना गरेको मन पर्दैन । आमा त भगवान भन्दा पनि ठूली हुन्छिन् । आमा अतुलनीय स्रोत हुन् । आमा शब्दसँग गाँसिएका यी भावनाहरु सायद् आमासँगै रहँदा-बस्दा त्यति महसुस नहोला, जति आमाबाट टाढा हुँदा हुन्छ । जब साँच्चै जीवनमा आमाबाट टाढिएको अनुभूति हुन्छ, त्यतिबेला एउटा सन्तानले आमाबाहेक अरु के पो सोच्न सक्ला र ?

जति तिरस्कार गर्न खोजेपनि मन भित्र कहिँ न कहिँ आमा रहिरहन्छन् तर उनको मर्म बुझ्न त्यति सजिलो भने छैन् । जो कोहि मानव ९ महिना सम्म कोखमा राखेर जन्म दिन्छिन्, उनी । गर्भावस्थाको अप्ठ्यारो समयमा पनि निकै धर्यवान् र सहनशील भएर आफ्नो सन्तानलाई यो धर्तीमा टेकाउछिन् ।

सन्तानको जन्म दिनु मात्र आमाको जिम्मेवारी होईन् । जन्मपछि पनि स्तनपान, स्याहारसुसार, पालनपोषण लगायतका कार्यमा मुख्य भूमिका निभाउनु उनको कर्तव्य हुन जान्छ । जन्माएर खाल्डोमा पुरेर हिड्नु, खोलामा फाल्नु, पाईखानामा हाल्नु, घाँटी थिचेर मार्नु, गर्भपतन गर्नु लगायतका घृणीत काम दिमागै नभएकी आमाले पनि गर्न सक्दैनन् । तर विभिन्न बाध्यतामा परेका आमाले भने त्यसो गरेका घटना पनि छन् ।

त्यहि आमा हो, दुःखमा पनि हाँसेर हँसाउन खोज्ने, त्यहि आमा हो, मेलापातमा आफुलाई खान दिएको मकै भटमास, चिउरा, रोटी जे भएपनि पटुकीमा पोको पारि ल्याईदिने, अप्रिय घटना केहि भईहाल्ला की भन्ठानेर आफु ननिदाई हेरचाह गर्नु, विरामी हुँदा औषधि उपचारका लागी सर्वश्व बेच्न तयार हुनु, बाबुले पिट्दा वा गाली गर्दा पनि बाबुको गाली वा पिटाई आफुले खाएर ज्यान दिन सक्ने उनै हुन् आमा ।

जीवनमरणको दोसाँधवाट उम्केर आफ्ना सारा ईच्छा, चाहना र भावनालाई कुल्चिएर सन्तानको सदासदा भलो चाहने हाम्री आमा । प्रसवको वेदनामा आफ्नो भन्दा पेटवाट बाहिरी संसारमा आउन चाहने हामीलाई ख्याल

गर्ने हाम्री आमा । सुत्केरी अवस्थामा जुवानोको झोल नपाएपनि दुध नआएपनि मातृस्पर्शमा टाँसेर भुलाउन भएपनि दुधको लाम्टो चुसाउने आमा । आफुले फाटेको, टालेको वा पुराना लुगा लगाएपनि सन्तानले राम्रै लगाओस भन्ने पवित्र भाव व्यक्त गर्ने आमा ।

चिसोमा न्यानो बनाउन, गर्मीमा शितल बनाउन, सन्तानले दुख्यो भन्दा पनि चिन्ता मान्ने कोमल हृदय भएकी आमा अझैपनि केहिको मनमा बस्न नसकेकीमा चिन्ता लागेको छ । हिजोआज कतिपय आमाको आँखामा टिलपिल आँशु देखेको छु । कतिपय सन्तानले आमालाई बाचुन्जेलसम्म रुवाईराखेको उदाहरण पनि समाजमा देख्न सकिन्छ ।

आफु काँडामा सुतेर पनि आफ्ना सन्तानलाई फुलमा सुताउन चाहने, आफु मरेर सन्तानलाई बचाउन चाहने, आफु रोएर सन्तानलाई हँसाउन चाहने, आफु पछि हटेर सन्तान अघि बढोस् भन्ने निश्चल सोच र भावनाका साथ सधैं प्रेरणादायी, निवार्स्थी, कोमल हृदयकी खानी, गंगामा बगीरहने पानी जस्तै मन भएकी मायाकी खानी हुन् आमा । यस्ती आमालाई बृद्धाआश्रममा राख्ने सन्तान कतिसम्म पापी होलन्, सम्झेर पनि दिक्क लाग्छ । पैसाले धेरैथोक किन्न पाईएला तर आमा किन्न पाईएला र ? सहनशीलताको प्रतिमुर्ती आमा बाहेक अरु के हुन सक्छ र ? आमा मायाको खानी मात्र होईनन्, शिक्षा र संसार देखाउने पहिलो गुरु हुन् ।

तर अचेल आमा आफ्नै सन्तानवाट हेलामा पर्न थालीएकी छन् । जन्मायो, हुर्कायो, जिम्मेवार बनायो तर बुढेशकालमा आमा बेसाहारा बन्दै बलिन्द्रधारा आँशु झार्न बाध्य बनेकी छिन् । आमाहरुकै लागी भनेर विभिन्न बृद्धाश्रमको योजना तथा भवन निर्माण हुदैछ । बुढेशकालमा साहारा चाहिनेबेलामा आमालाई उहि एक्लोपनको उपहार दिने संस्कार मौलाउदैछ ।

आमावाट मायाको वास्तविक अर्थ बुझ्न, असल शिक्षा र संस्कार आर्जन गरी सभ्यता सहित हिड्न खोज्नु सन्तानको मुख्य कर्तव्य हो । आमावाट आशिर्वाद थाप्न र आमाको पुजा गर्न कहिल्यै नबिर्सनु । आमाको दुश्मन र आमाको चित्त दुखाउने काम पनि असल सन्तानले गर्नु उचित मानिदैन् । त्यसकारण लाग्छ, हजारवटा जिब्रो भएका शेष नागले समेत आमाको वयान गर्न सक्दैन् । आमाको गुन यो जुनीमा तिर्न नसकेपनि  पलपलमा सम्मान गर्न सिक ।

मेरो मनमा आमालाई छाडेर अर्केको घरमा बस्न जाँदा निकै कुराहरुले भुइँचालो लगेको थियो तर म आमाको दु:ख हेर्न सक्दिन थिएँ । आफ्नो स्वार्थका लागि आमालाई धेरै दु:ख दिन चाहन्न थिएँ । कहिलेकाहीँ आमासँग नबस्दा उनलाई शान्ती मिल्छ भने किन टाढा नहुने भन्ने सोचाइले मलाई उतिबेला धेरै सहयोग गरेको थियो । अहिले जानीबुझी आमालाई एक्लो बनाउने सन्तानहरु सन्तानका नाममा कलंक हुन् । यति कारणले होला मलाइ बद्धआश्रमबाट विछोडिएको आमाहरुसंग समय विताउन मन पर्छ । त्यसैले उनिहरुका विभिन्न आश्रममा

पुगिन्छ । सन्तान सम्झेर तड्पेको मनमा मलम लगाउन नसकेपनि आँखाबाट बर्सेका ताता आँशु पुछ्ने कोशिस गर्छु ।

## खतराको खेलाडी

आफ्ना भनिएका आफन्तहरुले त दुःखमा साथ दिएनन् भने पराइको के कुरा गर्नु । फरक यत्ति थियो, अर्काकोमा काम गरिसकेपछि बचन नलगाई खान दिन्थे । काम गरेपछि कसैले अनुहार नबिगारी खान दिनु पनि त्यो बेलामा मेरा लागि सबैभन्दा ठुलो कुरा थियो ।

म अर्कोको घरमा काम गर्न बसेपनि, नयाँ बाबुको घरमा आइपरेका कामहरु सघाउँथें । सानो क्षेत्रफलमा फैलिएको जिरी बजारमा मैले काम गर्न बसेको घर र नयाँ बाबुको घर उतिसारो टाढा पनि थिएन । ठुलो स्वरले बोले घरसम्मै आवाज पुग्थ्यो ।

घरबाट केहि टाढामात्रै थियो, दोलखा जिल्ला अस्पताल । वि.सं. १९७२ सालमै निर्माण भएको यो अस्पताल अहिले भने नेपाल सरकार र निजी क्षेत्रको सम्झौतामा सार्वजनिक-निजी अस्पतालका रुपमा संचालन भईरहेको छ । पहिले निकै टाढादेखि जिल्ला अस्पतालमा उपचारका लागि आउथे । किनभने काठमाडौंमा नपाइने सेवा सुविधा उक्त अस्पतालमा पाइन्थ्यो । अहिले भने त्यहाँ सुनसान छ । भवनहरु पुराना भएका छन् भने, मेशिन पनि थोत्रो हुँदै गएको छ ।

जिरी नेपालको प्रदेश नम्बर तीन अन्तर्गत जनकपुर अञ्चलको उत्तरी पहाडी जिल्ला दोलखामा पर्छ । यो नेपालको मान चित्रमा २७० २८'' उत्तरदेखि २८० ००" उत्तरी अक्षांश र ८५० ५०" पूर्वदेखि ८६० ३२" पूर्वी देशान्तरसम्म फैलिएको छ ।

कूल २१९१ वर्ग किलोमीटर क्षेत्रफल भएको यस जिल्लाको पूर्वमा सोलुखुम्बु र रामेछाप पश्चिममा सिन्धुपाल्चोक, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्वत र दक्षिणमा रामेछाप पर्छ । नेपालको राजधानी काठमाडौंबाट १३३ किलोमीटर पूर्वमा पर्ने यो जिल्लाको सदरमुकाम चरिकोट हो । समुद्र सतहदेखि ७६२ मी। ( सितली) उचाइदेखि ७१३४ (गौरीशंकर) सम्मको उचाइमा रहेको यस जिल्लाको गौरीशंकर हिमाललाई आधार मानी नेपालको प्रमाणिक समय निर्धारण गरिएको छ । पर्यटनको खानी दोलखाको सबैभन्दा चल्तीको बजार जिरी अहिले गुमनाम हुनुमा बिभिन्न कारणहरु छन्, त्यसको चर्चा पछि गरौंला ।

जिरीको त्यतिधैरै चलेको अस्पतालमा नयाँ बाबु र आमा दुबै काम गर्थे । अर्काको घरमा बसिसकेपछि आमालाई भेट्नुपरेको बेलामा म त्यहि अस्पतालमा जान्थें । त्यो अस्पतालबाट चारैतिर समथर भाग छन् । अस्पताल भन्दा केहि तल गएपछि पशु बिकास फार्म आउँछ । नेपाल सरकारले उ बेलामै (वि.सं. २०१४) कृषिको बिकासका लागि त्यहाँ पशु फार्म खोलेको थियो । त्यहाँ नयाँ बाबुको घरको लागि र अस्पतालका लागि म दुध लिन जान्थें ।

गाउँका बुज्रुकहरु बसेर चिया खाने पसल पनि थियो त्यो गौचरणमा । गाउँका पुरुषहरु भेला भएर राजनितीक गफ छाँटेर बस्थे त्यो चिया पसलमा । अहिले पनि ति थोत्रा चिया पसलका झुप्राहरु बाँकी छन् । गाई फार्म

पनि छ तर पहिलेको जस्तो चहलपहल हुँदैन त्यहाँ । निकै इतिहाँस बोकेको जिरी नगर अहिले ओझेलमा परेको देख्दा निकै चिन्ता लाग्छ ।

खैर, दिन त्यसरी नै बितिरहेको थियो । करिब ९ बर्षजतिको उमेरमा हिड्दै थिएँ कि जस्तो लाग्छ त्यतिवेला । गाउँमा पौढ शिक्षा आयो ।

खै कताबाट मलाई पनि पौढ शिक्षा पढ्ने भुत चढ्न थाल्यो । आमाले पनि पढ्न जान उत्साहित नै गरिन् तर मेरो पौढ शिक्षा पढ्ने कुरामा नयाँ बाबु भने पटक्कै सहमत हुन सकेनन् । मैले पढ्ने भन्ने कुराले नै उनको रिस टुप्पीमा पुऱ्यायो ।

सुरुदेखि नै हामी दिदीभाई मन नपरिरहेको नयाँ बाबुलाई अब भने मौका मिलेको थियो । मेरो प्रौढ शिक्षा पढ्ने भन्ने कुराले उनले निउँ खोज्ने मौका पाए ।

आमाले नै हामी दुईको रिस सहिरहेकी थिइन् पहिले, पढ्ने कुराले उनी सिधै ममाथी रिस पोख्न पाउने भए । उनी मेरो किताव आगोमा जलाउनेदखि खुकुरी बोकेर काट्न हिड्नेसम्म गर्न थाले ।

अहिले म नयाँ बाबुलाई धन्यवाद दिन चाहन्छु । यदि उनले मलाई रोक्न नखोजेको भए मैले पढाइका बारेमा गहिरो तरिकाले बुझ्दैनथें होला । भनिन्छ नि, मानिसको जातले जे नगर भन्यो त्यहि गर्न मनपराउँछ । मानिस भनेको प्यान्डोराज बक्स जस्तै हो, जुन कुराबाट टाढा रहन आदेश गरिन्छ, त्यसैको नजिक जान मन पराउँछ । मेरो हकमा पनि त्यहि भइदियो ।

नयाँ बाबुको खुकुरीले मेरो प्रौढ शिक्षाको पढाई रोक्न सकेन । अझै नयाँ दिमाग लगाएर मैले मनमनै उपाय निकाल्न थाले, बाबुको आँखा छक्काएर कसरी पढ्ने भनेर ।

बाबुको टर्चको लाइट म टाढैदेखि ठम्याउन सक्थें । प्रौढ शिक्षा रातमा हुने भएकाले मलाई सजिलो भयो । पढ्न गएको ठाउँमा लाइट देख्ने वित्तिकै टाप कस्ने । यो उपायले केहि हदसम्म काम पनि गऱ्यो ।

प्रौढ शिक्षाको अवधि छोटो थियो, ६ महिनामै सक्किहाल्यो । यसले मेरो मनमा पढ्ने भोक जगाएर गयो । जसरी हुन्छ पढ्न पाए हुन्थ्यो भन्ने सोचाइले दिनरात सताउन थाल्यो ।

घरभन्दा अलिक माथी जिरी उच्च मा.वि. थियो तर त्यो समयमा छोरीलाई पढाउनु बेकार मानिन्थ्यो । म त छोरी त्यसैमाथी झट्केली । पढाइबारे कल्पना मात्रै गर्नुपनि मेरा लागि ठुलो कुरा थियो ।

अहिलेका बालबालिकाले पढ्न खासै रुचाउँदैनन् । सायद यतिखेर मेरो जन्म भएको भएपनि पढाइमा यस्तै रुची नराख्ने खालको हुन्थें हुँला । आफ्नो समय र अहिलेको समयलाई तुलना गरिरहँदा, मलाई अचम्म लाग्छ । के मेरा बाबुआमाले अहिलेका बालबालिकालाई जस्तै उबेला मलाई पनि स्कुल पठाएका भए पढाइमा रुची लाग्थ्यो होला त ?

जे होस्, मानिसलाई समाजले बञ्चित गरेको कुरा गर्न मनपर्ने रहेछ भन्ने कुरा मैले मेरै उदाहरणबाट सिकें । अझै भनौं, मनिसलाई खतरासँग जुध्न मनपर्ने रहेछ । बिस्तारै त्यहि खतराको लत बस्दै जाँदोरहेछ र जे कुरा बन्देज लगाइयो मनले त्यसैबाट छुट्कारा पाउन खोज्ने रहेछ । बाबुले पढ्न रोकेकै कारण पढाइमा मेरो रुची बढ्यो । पढाइको सन्दर्भमा मेरालागि यहि कुरा लागु भयो ।

## काठमाडौंको यात्रा

मेरो पढ्ने रहरबारे आमा जानकार थिईन् । उनी पनि मलाई पढाउन कम्मर कसेरै लागि परेकी थिईन् । यतिखेर आमा र नयाँ बाबुबीच मलाई लिएर प्रतिस्पर्धा चलिरहेको थियो । आमा मलाई पढाउने अडानमा थिइन् भने बाबु जसरी पनि आमाको अडान तोड्नेमा ब्यस्त थिए ।

त्यसै समयमा एक मानिसले आमालाई लोभ्याएछन् । उक्त मानिसले अस्पतालको जागिर पनि स्थाई गराइदिने र छोरीलाई पनि पढ्न सहयोग गर्ने बाचा गरेछन्, त्यो पनि काठमाडौं लगेर ।

यति भएपछि छोराछोरीलाई राम्रो जिन्दगी दिन अताल्लिएकी आमा खुशि नहुने कुरै भएन । उनैको राजीखुशिमा म चिन्नु न जान्नुको मान्छेसँग सबैको सपनाको शहर, नेपालको राजधानी काठमाडौं आउने भएँ ।

काठमाडौं जाने भन्ने वित्तिकै मन खुशिले पुलकित बनेको थियो । मेरा साथीसँगी कसैले नदेखेको काठमाडौं जान पाउने भए, त्यो पनि पढ्नका लागि । मन मख्ख नपर्ने कारण नै थिएन । काठमाडौं आउने रातभर निन्द्रा लगेन । कतिखेर उज्यालो होला र नयाँ जिन्दगीको सुरुवात होला भन्ने मिठो कल्पनाले त्यो रात बिताएँ । बिहान उठ्दा अनिँदोले आँखा पोलिरहेका थिए ।

दशबर्ष नपुग्दै हेली चढेर काठमाडौं आउने सौभाग्य पाएँ मैले । त्यतिखेर जिरीमा एयरपोर्ट बनिसकेको थियो । सडकबाटो भने थिएन । सामान पु¥याउने, ल्याउनेदेखि हरेक काम त्यहाँ हेलीप्याडले गर्थ्यो । त्यो हेलिकप्टर महंगो र जोखिमयुक्त थियो अहिले सजिलो सडकबाटो बनेपछि एयरपोर्ट चउरमा परिवर्तन भएको छ । अचेल कहिलेकाहीँ मात्रै जिरीमा हेली पुग्छ ।

पढ्उँछु भनेर काठमाडौं ल्याएको त्यो मानिस लैनचोरमा डेरा गरेर बस्ने रहेछ । आमासँग पढाउने बाचा गरेपनि उसको उद्देश्य फरक रहेछ । उसले त मलाई घरायासी कामका लागि पो ल्याएको रहेछ । डेरामा श्रीमती एक्लै बस्ने अनि उ  भने देशभर घुमडुल गर्ने भएकाले म त्यहाँ ल्याइएकी रहेछु । उसका छोराछोरी हेर्ने र घरायासी कामकाजका लागि ल्याइएको मेशिनको रुपमा आफूलाई पाउँदा निकै दुःख लाग्यो ।

म मनिस भएपनि मेसिनकै रुपमा ति महिलाले काम लगाउँथिन् । उनीहरुले मेसिन सम्झे पनि थिएँ त सानो मानिस । काम गर्दा गल्ती हुन्थ्यो । कहिले तरकारीमा नुन धेरै हुन्थ्यो त कहिले भात राम्रोसँग पाक्थेन । यस्तो समयमा ति महिला निकै यातना दिन्थिन् ।

दुःख त कति पाईयो कति । एकपटकको घटना भने मेरो दिमागबाट हट्नै मान्दैन । खै के गल्ती गरें, त्यो त याद छैन तर सजाय स्वरुप ति महिलाले मलाई रातभर घरबाहिर राखेकी थिईन् । पुस महिनाको जाडो अनि एकसरो कपडामा ति महिलाले मलाई रातभर बाहिर राखिन् । त्यो समयमा  काठमाडौं अहिलेको भन्दा धेरै चिसो थियो ।

न कतै चिनेको छ न जानेको नै । नयाँ नौलो र बिरानो ठाउँमा एक्लो यो ज्यान गर्न पनि के पो सक्थ्यो र रुन बाहेक । चिसोमा कठ्याङ्रिएर त्यति धेरै रुँदा पनि ति महिलाले एकचोटी दया देखाइनन् ।

कडा भएर बोलेको भन्दा नरम भएर बोलेको मनिसहरुलाई मनपर्छ । खरा कुराभन्दा नरम, सरस र सलिल कुराहरू मनपर्छ । तर जब लैंगिक समता र महिला अधिकारको प्रसंग चल्छ मभित्र खै किन हो दन्दनी आगो बल्छ ?  महिला नै महिलाका बाधक बन्छन् ? एउटा पुरुषले पढाउने कुरा गर्दा महिलानै किन यसमा छेकबार हाल्छन् ।

अहिले म आफै महिला अधिकारका बारेमा काम गर्छु । त्यसैले यसमा आगो बलेको कुरालाई सामान्य तरिकाले लिने गरेको छु । यो बहस भनेको चिया गफ वा अनौपचारिक भेटघाटमा हुने ठट्टा हैन । एकदमै संवेदनशील र गहन विषय हो । हिजोभन्दा आज यो बहस झनै पेचिलो बन्दै गएको छ ।

अब नारीवाद महिलाको सरोकारमात्र होइन । पुरुषले पनि आवाज उठाउनुपर्ने अवस्था छ । केही हदसम्म पुरुषहरूले उठाइरहेका पनि छन् । तर अब नारीवादका प्रसंगहरूलाई नयाँ धाराबाट उठाउन जरुरी छ । हिजोका दिनमा नारीवादका प्रसंग पुरुष धरातलबाट उठेका थिए । अबका प्रसंगहरू महिलाकै धरातलबाट उठ्न आवश्यक छ ।

कुन हो पुरुषको धरातल ? कुन हो महिलाको धरातल ? यो अर्को गम्भीर प्रश्न हो । हाम्रो सामाजिक संरचना पुरुषको शारीरिक बनावट र उसको मनोविज्ञानमा आधारित भएर बनाइएको छ । जस्तै भाषा, धर्म, संस्कार, कानुन यी सबै विषय पुरुषलाई केन्द्रमा राखेर स्थापित गरिएको छ । त्यही स्थापित मान्यतामाथि हामी उभिएका छौं । हामी जहाँ उभिएका छौं त्यो पुरुषको धरातल हो ।

यहाँ मैले पुरुष भन्ने सम्बोधन गरिरहँदा पुरुष व्यक्ति नभएर पुरुष प्रवृत्ति हो । किनकि लामो अभ्यासपछि शक्तिआर्जन गरेर स्थापित हुने हुनाले त्यो प्रवृत्ति महिला र पुरुष दुवैमा पनि हुन सक्छ । पुरुष होस् वा महिला व्यक्ति आफैंमा गलत हुँदैन । उसको धरातलले सिकाएअनुसार ऊ गलत र सही बन्न पुग्छ ।

यहि सहि र गलतको धरातलमा मेरो बाल्यकालको झल्को मिसिन आइपुग्छ । अहिले दुःख पाएका महिलाको कुरा सुन्छु, उनीहरुलाई न्याय दिनका लागि दिनरात नभनेर दर्गुछु । हो म यहि महिलाबाटै धेरै पिडित भएको मान्छे हुँ । उनीहरुले अरुसँगको भडास ममाथी पोखे र म पिडित भएँ भनेर अहिले चित्त बुझाउँछु । गाउँदेखि मलाई पढाउँछु भनेर ल्याएको त्यो पुरुषले आफ्नी श्रीमतीलाई यो कुरा बताएन होला त ?

खैर, जिन्दगीको गाडी कच्ची बाटोमा घच्याकघुच्चुक्क गर्दै गुडिरहेको थियो । अकास्मात दुर्घटना घट्यो । जिन्दगी त बाटो छाडेर झनै भिरतिर पो जाँदै थियो ।  भिरतिरको यात्रामा मोडिए पनि यसलाई टर्निङ पोइन्ट नै त भन्ने होलानि । मेरो जिन्दगीले पनि अर्को एउटा टर्निङ पोइन्ट लियो ।

## छ महिना बिरामी

मालिक्नीले डेरा बाहिर राखेको केहि दिनपछि उनैको आफन्तको घरमा न्वारन थियो । एकजना बुढि आमाको घरमा भएको त्यो न्वारनमा उनले मलाई पनि साथै लिएर गएकी थिईन् । सँगै लैजानुको कारण हामी न्वारन भएकै घरमा खाना खाने हिसावले गएका थियौं ।

त्यहाँको खाना खाएपछि खै के भयो, म निकै ठुलो बिरामी परें । अहिलेको भाषामा भन्ने हो भने, मलाई फुट पोइजन भयो । न्वारनमा खाएको खानाले गर्दा, भात हेर्न मन नलाग्ने भयो । करिब छ महिनासम्म मैले अन्न मुखमै हालिन ।

खाना खान मन लाग्दैन, पेटमा गडबडी छ । यस्तो अवस्थामा कहाँबाट शरीरमा बल आओस् र काम गर्न सकियोस् । शरीर उठ्नै नसक्ने भयो । रिंगाटा लाग्ने, शरीर लुलो हुने जस्ता लक्षणले शरीर थलियो, काम गर्न सकिएन । काम नगरेका कारण मालिक्नीले दिनदिनै मलाई डेरा बाहिर सुताइदिन थालिन् ।

यो जिन्दगी पनि अजिवको हुँदोरहेछ । काम गर्नसक्ने ठाउँमा हुँदा खान पाईएन, काम गरेर खान पाउने ठाउँमा हुँदा काम गर्नै सकिएन ।

काम गर्न नसकेर बाहिर सुत्न थालेको निकै भइसकेको थियो । सुत्न त के भन्नु, बाहिर निन्द्रै लाग्दैनथ्यो । डर र एकनासले भुकेको कुकुरका आवाजले सुत्न सक्दैनथें । फेरी जाउँ पनि कता । न आमा कता छिन् थाहा छ, न त आमा भएको ठाउँ कताबाट पुगिन्छ भन्ने नै थाहा छ ।

एकदिन त्यसैगरी मालिक्नीले घरबाहिर छाडेर आफू ढोका तानेर सुतिन् । म अरु बेलाको जस्तै घरबाहिर जाडोमा काँपेर बसिरहेकी थिएँ । घरबेटी दिदी मेरो नजिक आइन् र मलाई आफूहरु बस्ने ठाउँमा लगेर राखिन् ।

मलाई गरेको ब्यावहार घरबेटी दिदी देखिरहने रहिछन् । त्यस्तो अवस्था देखेर उनलाई टिस पनि लागेछ । मेरो दुःख देखेर उनले त्यो ठाउँदेखि भाग्ने जुक्ती सिकाईन् । साथै भाग्नमा मेरो भरपुर मद्दत पनि गरिन् ।

घरबेटी दिदि देखेर लागेको थियो, मानिस भनेको सबै कट्टर स्वभावका नहुने रहेछन् । कसैको मन त दिलदार पनि हुनेरहेछ । मलाई त्यतिखेर ती घरबेटी दिदी देखेर साक्षात् देवी उत्पन्न भएको भान भएको थियो । पक्कै भगवानले मेरो दुःख देख्न नसकेर ति दिदीलाई पठाएका रहेछन् जस्तो लगेको थियो ।

ति घरबेटीले भगाएर उनको माइतीघर ठमेल पुऱ्याईन् । शान्तको स्वास फेरे लगतै अर्को खुशी पनि थापियो मेरो भागमा । भगवानले नदिनु दिएपछि छप्पर फाडेर दिन्छन् भनेको सुनेको थिएँ, साँच्चै हो रहेछ । मैले हाम्री साइँली फूपू भेटें । फूपूलाई भेट्दा आफू बिरानो ठाउँमा हैन, आफ्नै ठाउँमा रहेछु भन्ने अनुभूती भयो । कोही आफ्ना मानिस नदेखेर अतालिएकी म खुशीले झण्डै ढलिन ।

म त फुपुलाई भेटेर खुशि नै थिएँ तर उनी भने मलाई भेटेर खुशि हुन सकिनन् । खुशि हुन नसकेपनि दाइको छोरीको नाताले होला, आफ्नो घरनजिकै रहेको एक शेर्पाको घरमा काम गर्न राखिदिईन् । उनको घर भने असनमा रहेछ ।

दुरीको हिसावले त फूपूको घर र मैले काम गर्ने शेर्पाको घर नजिकै थियो, तर मन भने निकै टाढा थियो । फुपुले शेर्पाको घरमा मलाई छाडिदिएपछि उनी कहिल्यै फर्किएर आईनन् । सन्चो बिसन्चो कस्तो छ, के छ भनेर सोध्न आउँछन् कि भन्ने आशमा मेरो दिन बित्न थाल्यो ।

मन भने पहिलेको जस्तो एक्लो थिएन । कसैले मारिहाले पनि लाश बुझ्न आउने मानिस त नजिकै छन् भन्ने कुराले मन ढुक्क थियो । कामको हिसावले पनि अन्य ठाउँको तुलनामा राम्रै थियो ।

तर त्यो राम्रो दिन धेरैदिन मेरो भागमा टिकेन । ति शेर्पा बुढाको ज्यादती दिनदिनै बढ्न थाल्यो । सुरुसुरुमा राम्रै व्यवहार गरेपनि दिन बित्तै गएपछि आफ्नो औकात देखाउन थाल्यो उसले पनि । मिहेनत गरेरै बनाएको खानामा पनि खोट लगाउने, विभिन्न आरोप लगाउने गर्न थालेपछि मलाई त्यहाँबाट पनि कतिखेर भागौं भन्ने भयो ।

**भगादौडको जिन्दगी**

लैनचौरदेखि भागेर ठमेल हुँदै असन पुगेकी मेरो भाग्ने क्रम झन् घट्नको साँटो बढ्न थाल्यो । त्यो घर लैनचौरको तुलनामा सजिलै थियो तर शेर्पा बाजेको रिस भने कडा थियो ।  केहि गल्ती भयो भने मर्ने गरेर कुट्थ्यो ।

कुटेपनि शेर्पाको घरमा बसुन्जेल मैले पत्रिका पढ्न पाएँ । गाउँमा प्रौढ शिक्षा पढेकाले पत्रिका पढ्न सक्ने भएको रहेछु । सुरुसुरुमा त अक्षर फुटाउन अलिक गाह्रो भएको थियो तर हार मानिन ।  निरन्तर प्रयास गरे सबैथोक सम्भव छ भन्ने कुरालाई मनमा  आउन नमाने पनि जर्वरजस्ती ल्याइरहें विस्तारै प्रगती भएपछि यो कुरा झनै जोडले मनमा आइरह्यो । हार नमानी पत्रिका हेर्न थालेको केहि दिनमै खरर पढ्न सक्ने भइहालें । दिन वित्दै जाँदा शेर्पा बुढो अरुको रिस पनि मैमाथी खन्याउन थाल्यो । दिनदिनै भक्कु कुटाई खाएर बस्न कहाँ सकिन्थ्यो र । सहनै नसक्ने भएपछि त्यहाँबाट पनि भागें ।

सानो काठमाडौंमा खै कसरी चिनेजानेका मानिसहरु भेटिन भने छाडेन । सायद अहिलेको जस्तो कोलाहल काठमाडौं त्यतिखेर नभएर पनि होला । शेर्पाको घर छाडेर हिड्दै थिएँ, फेरी बाटोमा गाउँकै चिनेको साथी भेटें । साथी भेट्दा पनि निकै खुशि लाग्यो । उनी काठमाडौंमा दिदी भनाजुको साथमा बस्ने रहेछिन् ।

गन्तव्य विहिन भइरहेका बेला साथीले हाम्रोमा जाउँ नभनेपछि म उनकै पछि लागें । उनीहरुको एउटा सानो डेरा रहेछ । म त्यहाँ पुग्ने वित्तिकै अरुले जस्तो मुख कुच्याउने वातावरण रहेन । उनीहरु त मलाई देखेर खुशी पो भए । त्यतिमात्रै होइन, साथीको दिदीले मेरा लागि काम समेत खोजिदिने भईन् ।

जेजस्तो भएपनि फेरी काम पाईने भैयो भनेर मन असाध्यै खुशि भएको थियो । काम नपाइन्जेलका लागि त्यहिँ बस्ने निर्णय गरें, अन्त जाने ठाउँ पनि त थिएन नि मेरो । साथीको दिदी भिनाजुले पनि काम नपाइन्जेल बस्ने आज्ञा दिए  र उनीहरुसँगै एउटै डेरामा बस्न थालें ।

एक रात काटेको भोलिपल्टै साथीको दिदीले काम पाएको सुनाईन् र मलाई लिएर डिल्लीबजार गईन् । त्यहाँ एकजना माडेको घरमा काम गर्न राखिदिईन् । माडेको घरमा काम गर्न बस्दा खुशी थिएँ । साथीको दिदीले भन्ने वित्तिकै पाएको काम सजिलै होला भन्ने पनि लागेको थियो तर मेरो त्यो खुशी धेरै समयसम्म टिक्न सकेन ।

पछि थाहा पाएँ, ति मिठो बोलेर माया गरेकी साथीको दिदीले त मलाई माडेको घरमा बेचेकी पो रहेछन् । उनले एक महिनाको तलव एड्भान्समा लिएर मलाई त्यहाँ काम लगाएकी रहिछन् । यो कुरा थाहा पाएर निकै दुःख लाग्यो । यो संसारमा निस्वार्थ सहयोग गर्ने कोही रहेनछन् ।

माडेको घरमा फेरी लैनचौरको जस्तै जिन्दगी सुरु भयो । त्यहाँ त झनै कहिलेकाहीँ बिहान उठ्न ढिलो भएपनि पिटाई खान सुरु हुन्थ्यो । एक दिन सहने, दुई दिन सहने, सहनै नसकेपछि त के गर्ने, भाग्ने ? पिटाई थेग्न नसक्ने भएपछि म त्यहाँबाट पनि भागें ।

अब त मलाई चिनेका मानिसदेखि डर लाग्ने भइसकेको थियो ।  चिनेजानेका कोहि भेट नहोस्, यदि भेट भईहाले पनि उनीहरुसँग जान नपरोस् भन्ने कामना गर्दै म लैनचौरदेखि कामको खोजिमा निस्किएँ ।

काम खोज्दै जाँदा म एकजना नेवारको घरमा पुगें । जावलाखेलमा अवस्थित त्यो नेवारको घर मैले खोजेजस्तै थियो । फेरी आफूले खोजेजस्तो नपाएपनि काम त गर्नैपर्थ्यो, पापी पेटको सवाल जो थियो । खानै नपाएर मर्नु भन्दा कुटाइ खाएर मर्नु वेश ठानिसकेको थिएँ मैले ।

काम गर्ने नेवारको घरमा सबैको माया पाएर म मख्ख पर्नथालें । कत्तिपनि माया नपाएकी मलाई कुटपिट मात्रै नगरेपनि ठुलै भईहाल्यो । त्यहाँ काम गरेवापत टन्न खान पाउँथें, पैसा भने दिदैनथे ।

नेवारका छोराछोरी साना थिए, स्कुल पढ्दै गरेका । आफूमा भएको पढ्ने भोक मैले त्यहाँ पनि केहि हदसम्म मेटाउन पाएँ । ति स्कुल पढेदै गरेका नानीबाबुका कारण मैले अंग्रेजीको ए बी सी डी सिकें । अंग्रेजीमा आफ्नो नाम लेख्न सिकें । त्यति सिक्नु पनि मेरालागि निकै ठुलो उपलब्धि थियो । साना बाबुनानी पनि मसँग झुम्मिन्थे, मैले सोधेका कुरा खुशी भएर बताईदिन्थे । आखिर मैले खोजेको पनि त त्यही थियो ।

त्यहाँको बाताबरणले कुन्ठिएर बसेको पढ्ने इच्छा फेरी ब्युँताइदिएको थियो । त्यसमाथी झनै अँग्रेजीमा आफ्नो नाम लेख्न सक्ने भएकाले आफूमा छुट्टै आत्मविश्ववास आएको थियो । छुट्टै खालको उर्जाले भनिरहेको थियो, हेर यत्ति थोरै सिकाइले त यति धेरै फूर्ति आइरहेको छ, झनै धेरै पढ्न पाए कस्तो हुन्छ होला ।

पढाइको भोक पनि अनौठोको हुने रहेछ । केहि नजान्दा वास्ता नहुने, थोरै जानेपछि झनै धेरै जान्ने इच्छा भएर आउने । म मा पनि त्यहि पढाइको भोक जागेको थियो । त्यसैले थोरै समय निस्किए पनि म दौडेर ति बच्चा पढेको ठाउँमा पुगिहाल्थें र उनीहरु पढेको एकटकले हेर्थें । हेरेरै तजाने झनै स्कुल नै जान पाए, भन्ने सोच दिमागभरस् आउन थाल्यो ।

## साहुको कुदृष्टी

फूल फक्रिँदै गएपछि, भवराँ पनि झुम्मिदै जान्छन् भन्ने सुनेको थिएँ तर यहाँ त कोपिलामै पनि नराम्रो नजर लगाउनेको कमी नहुने रहेछ । यदि फक्रँदो फूललाई मात्रै नजर लगाउँथे भने ति साना लालाबाला किन पो बलात्कारको सिकार हुन्थेन् होला र ! म झनै आमाबाबुदेखि टाढा भएकी छोरी, कुदृष्टी लगाउनेहरु त पछि नै परेका थिए ।

शेर्पाको घरबाट निस्केपछि साथीको डेरामा बताएको त्यो एक रातको कुरा मैले बताएकै छैन । किनभने यस्ता नराम्रो भावना भएका मानिसको कथाले त किताबका सबै पाना भर्न पुग्छ । प्रसंग आएकाले सुनाइहालौं, साथीको दिदी भेनाजु, उनका छोराछोरी अनि मेरीसाथी सबै भुँइमा ओछ्यान लगाएर लस्करै सुत्ने रहेछन् । साथीको दिदीका बच्चाबच्ची सबैभन्दा कुनामा,  साथीको भिनाजु, दिदी, साथी र सबैभन्दा कुनामा म सुतेकी थिएँ, त्यो रात ।

मध्यरातमा मस्त निदाइरहेको मेरो शरिरमाथी कसैको हात सल्बलाईरहेको थाहा पाएँ र ब्युँझिएँ । अँध्यारोमा यसो हेरेको त साथीको भिनाजु पो हामी दुईको बीच सुतिरहेका रहेछन् । त्यतिखेर म त्यस्तै १२ बर्षको थिएँ होला ।

साथिको भिनाजुलाई हाम्रो बीचमा देखेर म छक्क परेकी थिएँ । लस्करै सुतेको ठाउँमा पल्टिदैं पल्टिदैं आयो होला भन्दा, अगाडीका मानिस साविककै ठाउँमा थिए, ति भिनाजु मात्रै कसरी आइपुगे होलान् ?  मेरो कलिलो दिमागले यहि कुरा सोचिरहेको थियो, त्यो समयमा र अहिलेसम्म पनि मैले यो कुरा पत्ता लगाउन सकेकी छैन ।

भोलीपल्टै काममा जानुपर्ने भएकाले ति कुराहरुमा मैले खासै ध्यान दिईन । समयक्रमसँगै म १४ बर्षकी भएँ । जावलाखेलस्थित नेवारको घरमा काम गर्न थालेको करिब एक बर्ष भईसकेको थियो । मेरो जिन्दगी त्यो एक बर्षदेखि निकै खुशीको साथ वितिरहेको थियो ।

मंसिरको महिना थियो । मौसम अर्थात विहेको मौसम । नेवारहरुकै आफन्तको बिहे भनेर मलाई समेत लिएर गए । बाहुन बिग्रियो लोभले, नेवार बिग्रियो भोजले भन्ने त उखानै छ । त्यहाँ पनि गज्जवको भोज चलेको थियो ।

बिहेमा जाँदा साहुले हामी सबैलाई बाइकमा ओसारेका थिए । बाइकमा एकजना मात्रै अटाउने भएकाले तीन चारचोटी ओसारपोसार गर्नुपर्ने थियो । भोज सकिपछि साहुले सबैभन्दा पहिले मलाई घर पुर्‍याउने बताए । अगाडी गएर घरको काम पनि गर्नु थियो । म पनि खुशि हुँदै बाइकको पछाडी बसें ।

घर पुग्ने वित्तिकै साहुले अरु समयको भन्दा अनौठो ब्यवहार देखाउन थाल्यो । छुन खोज्ने, अंगालो मार्न खोज्ने जस्ता ब्यवहार देखाउँदै कोठा भित्र बोलायो । अनौठो ब्यवहारले पहिले नै डर लागिसकेको थियो, त्यसैमाथी

कोठाभित्र बोलाएपछि साहुको नियत ठिक लागेन । १४ बर्षको उमेर पुगिसकेकाले मैले साहुको नियत थाहा नपाउने कुरै भएन ।

साहुको नराम्रो नियत थाहा पाउने वित्तिकै म त्यो घर छाडेर दौडिदै सडकमा निस्किएँ । साहुको घर नजिकै हाम्रै गाउँ नजिकको एक दिदी पनि बस्ने रहिछन् । बिभिन्न प्रोजेक्टमा काम गर्ने उनैले आमालाई गाउँबाट झिकाईदिईन् ।

अहिले विश्वभर नै बलात्कार बिरुद्धका विभिन्न अभियानहरु चलिरहेका छन् । कतिपय मानिसहरु त झनै बलात्कारीलाई फाँसी दिनुपर्छ भन्नेजस्ता मागहरु राखेर नारा जुलुस गरिरहेका छन् ।

त्यसो त कति देशहरुले बलात्कारीलाई फाँसीको सजायको व्यवस्था गरिसकेको छ । कानुनमा फाँसीको सजाय तोकेपनि यो काममा कमी नआएका देश पनि टन्नै छन् । त्यसैले फाँसीको सजाय पनि बलत्कारिका लागि कम रहेछ ।

मेरो बिचारमा बलात्कारीहरुलाई फाँसी दिएर मात्रै समस्या सामधान हुँदैन । उनीहरुलाई नैतिक शिक्षा र अध्यात्मको जरुरत पर्छ । घरमा सुन्दर श्रीमती हुँदाहुँदै पनि कोहि मानिस बलात्कारका लागि तम्सन्छ भने उसँग मानसिक समस्या छ । त्यहि मानसिक रोगका कारण उ आपराधिक कार्यतर्फ लम्किरहेको हुन्छ ।

अहिलेसम्मका घटनालाई केलाउने हो भने, केही बलात्कारी आपराधिक मानसिकताले नै यस्ता घटना घटाइरहेका हुन्छन् भने केहीको अकस्मात हुन्छ । पाँच मिनेट दिमागलाई नियन्त्रण गर्न नसक्दाको उपज हो, यस्ता प्रकारका अपराध ।

यस्ता आपराधिक कार्य विकसित मुलुकमा समेत कम हुन सकेको छैन । शिक्षित देशमा समते कम हुन नसकेको डरलाग्दो ुमस्या, हाम्रोजस्तो पुरुष प्रधान देशमा सजिलै कम हुने कल्पना गर्न सकिदैन । यसका लागि सरकारले विभिन्न पोर्न साईट व्याण्ड गर्ने निर्णय गरेको छ । तर यो समाधान हैन । मानिसको मनबाट यौनजन्य कुण्ठा हटाउने कार्यमा ध्यान दिन जूरी छ ।

समय संगै परिवर्तन भने आएको छ । पहिले यदि बलात्कार जस्ता घटना बाहिर आए महिलालाई नै दोषी देखाईन्थ्यो । महिला नै यस्ती र उस्ती भन्नेजस्ता जवाफ सुन्न पाईन्थ्यो । उनीहरुले लगाउने लुगा, बोल्ने तरिका लगायतको आधारमा महिला दोषी पाइन्थे तर अहिले त्यो अवस्था छैन ।

ति कपडा र लवाइखवाइमा दोष लगाउनेहरुले साना दुधे बालिकाको पनि वलात्कार भएको देखेपछि यो मान्यता कम भयो, अझैपनि पुरै हटेको भने छैन । जे होस् बलात्कारको घटना पुष्टि भएपछि महिलालाई उति दोष दिईएको पाईंदैन । त्यसैले पहिले जस्तो बलात्कारका घटनाहरु लुकाइँदैन ।

यसरी वलात्कारका घटना बाहिर आउनुमा संञ्चार माध्यमले पनि राम्रो भुमिका खेल्न थालेका छन् । पहिलेजस्तो एकादुई सञ्चारमाध्यम मात्रै छैनन् अहिले । सबैको हातहातमा सञ्चार पुगेको छ ।

अर्को कुरा, हाम्रो समाजले भिराइदिएको कुमारित्वले पनि वलात्कारका घटनामा इँटा थप्ने काम गरिरहेको छ जस्तो लाग्छ । अन्य देशतिर बलात्कारका घटना घटेपनि त्यसपछिको मृत्युबाट उनीहरु बाँच्न सक्छन्, किनभने त्यहाँ बाँचेपछि अपराधिलाई कारवाही गर्न सकिन्छ भनेर सिकाइएको हुन्छ । हाम्रोजस्तो देशमा भने बरु ज्यान देउ, कुमारित्व नदेउ भनेर सिकाइएको हुन्छ ।

वि.सं. २०७५ साउन १० गते घटेको निर्मला पन्तको बलात्कार पछि हत्याकाण्ड पनि यसैको उपज हो । हाम्रो समाजले यदि निर्मलालाई कुमारित्व देउ तर ज्यान बचाउ भन्ने युक्ती सिकाएको भए, त्यो अपराधी खुलेआम हिँड्दैनथ्यो होला, त्यसलाई कारवाही पनि हुन्थ्यो र ती १३ बर्षिया किशोरीको ज्यान पनि बाँच्थ्यो ।

आजभोली कुरा मिलुन्जेल चमत्कार, नमिलेपछि बलात्कार भने चलन छ । यो कुरालाई नाराका रुपमा लैजान जरुरी छ । मन मिलुन्जेल त्यो बलात्कार हैन तर एउटाको मन नमिल्दा  नमिल्दै जवजस्ती कसैले गर्छ भने त्यो बलात्कार हो । अहिले बैबाहिक बलात्कारको कुरा चल्नुको कारण पनि यहि हो ।

## पढ्ने रहर

धेरैको कुदृष्टि परेको शरीर जोगाउन निकै मुस्किल परेको थियो मलाई । जावलाखेलको नेवार साहुको घटनापछि भने ति प्रोजेक्टमा काम गर्ने दिदीले आमा बोलाइदिइन् । हतारिएर उनी पनि मलाई लिन काठमाडौं आईपुगिन् ।

आमालाई देखेर मेरो खुशीको सिमा नै रहेन । झुम्मिएर आमा भएठाउँमा पुगें । आमा मलाई देखेर खुशी हुनुहुन्थ्यो या दुःखी त्यो खुट्याउन नसकेपनी उनले मलाई माया गरेर फेरी जिरी ल्याईन् ।

आमासँगै जिरी आएपछि साहुको घरमा भन्दा केहि सहज बाताबरण बन्यो, किनभने त्यहाँ मलाई चिन्ने र मैले चिनेका मानिसहरु थिए । अझै सहज त त्यहाँ मलाई जन्माउने आमा थिईन् ।

आमासँगै जिरीमा बस्दाको एउटा क्षण भने म जिन्दगीभर भुल्न सक्दिन । अहिले सम्झँदा रमाइलो पनि लाग्छ । हाम्रो घरभन्दा केहि माथि चौरी गोठ थियो । जङ्गलको बिचमा रहेको उक्त गोठदेखि खेतसम्म मल बोक्ने र रात परेपछि गोठमै सुत्ने काम मेरो हुन्थ्यो ।

एकदिन जंगलदेखि खेतसम्म मल पुऱ्याएर गोठ फर्कदैं थिएँ, बाटैमा रात पऱ्यो । अंध्यारो जंगलको बाटोमा म त हराएँ । कता चौरी गोठ, कता म रनभुल्लमा परेको थियो मेरो ज्यान ।

फेरी उमेरका हिसावले पनि सानो मान्छे, घना जंगलको बिचमा कता पुगें कता । सुरुमा त बाटो पहिल्याउनेपट्टी ध्यान गयो तर विस्तारै डरले पनि छोप्न थाल्यो । त्यहि समयमा झनै जंगलका पातपतिङ्गर स्यारसुर्र गर्थ्यो । हावा चलेर सुकेका पात भुँइमा खस्दा पनि सत्तो जान्थ्यो ।

त्यो रातभर एक्लै रुँदै जंगलमा भौतारिएँ । यता जान्छु पनि झाडी छ, उता जान्छु पनि झाडी छ । बाटो कतै छैन । बाटो पहिल्याउन आँटेजस्तो लाग्छ, फेरी अर्के झाडीमा या कुनै खोप्चोमा गएर अड्कन्छु ।

बिहानीको करिब २ बजेसम्मतिर मात्रै म गोठमा पुगें । गोठमा पुगिसकेपछि मात्रै सास आएको अनुभव भयो र झनै धेरै डर लाग्यो । सम्झँदा सपना जस्तो लाग्ने त्यो घटना मेरो जिवनको अर्को एक अविस्मरणीय घटना हो ।

हुन त यस्ता घटना जिरी बसुन्जेल कति घटे कति, गनेर साध्य नै छैन । जिरी खोलामा पौडी खेल्नेदेखि गाउँका साथीभाईसँग रमाइलो गर्ने जस्ता अवसर मैले कतै चुकाइन । हामी केटीहरु मिलेर गीत गाउँदै नाचगान गर्यौं

जिरी बजार भन्दा दुई किलोमिटर माथि र हाटडाँडा भन्दा एक किलोमिटर तल सरकारी बिद्यालय थियो । त्यहाँ छोरीहरु पनि पढ्न जान थालेका रहेछन् । जिरी आदर्श उच्च माध्यामिक बिद्यालय नाम गरेको उक्त स्कुलमा मलाई पनि पढ्न मन लाग्यो । अन्य केटी साथीसँगै निलो फ्रक र आकाशे रंगको सर्ट लगाएर स्कुल जाने रहरले हुरुक्कै बनाएपछि यो कुरा घरमा आमालाई सुनाएँ ।

आमालाइ त पहिलेदेखि नै मलाई पढ्न पठाउने ठुलो इच्छा थियो, त्यसैले उनी राजी नै थिइन् तर बाबुले फेरी पनि मानेनन् । उनी मलाई कुनै हालतमा स्कुल पठाउने मनाशयमा थिएनन् ।

प्रौढ शिक्षा पढ्दाताकाबाट सुरु भएको मेरो यो इच्छा, काठमाडौं हुँदा झनै मौलाएको थियो । अहिले झनै केहि हदसम्म अवसर र स्कुल जाने बाटो खुलेपछि मलाई कसैले रोक्न सक्ने कुरै भएन । आफू एक्लै बिद्यालयमा पुगेर भर्ना गरें र कसैको कुरा नटेरी पढ्न निस्कें ।

बिहान सवेरै उठेर घरको सबै काम गऱ्यो, बहिनी .(आमाको नयाँ बाबुबाट जन्मिएको सन्तान) लाई जिरी अस्पताल पुऱ्यायो अनि स्कुल गयो । स्कुलबाट छुट्टी हुनेबित्तिकै हतारहतार घर आयो, बाख्रा फुकाएर गोठालो गयो, फर्कँदा बाख्रासँगै घाँसको भारी पनि बोकेर आयो, भातभान्छामा आमालाई सघायो र सबै घरधन्दा सकेपछि टुकी बालेर अबेरसम्म गृहकार्य गऱ्यो । मेरो जिन्दगीको घडी यसैगरी घुम्न थाल्यो ।

यो प्रक्रिया पनि खासै लामो समयसम्म चल्न पाएन । करिब एक बर्ष समेत नपुग्दै बाउले किताब लुकाई दिए । आजको दिनसम्म पनि थाहा छैन, त्यो किताब कता छ, के भयो, कस्तो भयो भन्ने कुरा । जतातत‍ै खोज्दा पनि फेला नपरेको त्यो किताब र कापीको याद अहिले पनि आउँछ । त्यो बेलामा बाउले किताब जलायो या गाड्यो होला, जवाफ अहिलेसम्म पाएकी छैन ।

किताबबारे निकै सोधिखोजी पनि गरेकी थिएँ मैले । यसको जवाफमा बाबुले, ‘स्कुलमा आफूसँगै गाईबाख्रा पनि लैजा’ भनेको अहिलेसम्म पनि याद आइरहन्छ ।

घरमा बाबुले पढ्ने बाताबरण नदिएपछि गाउँकै रेन्जरको घरमा काम गर्न बसें । अर्काको घर भएपनि रेन्जरले बिहान बेलुकीको काम सकेर पढ्न दिएको थियो । म रेन्जरको घरको काम भ्याएर आमालाई पनि काम सघाउन पुग्थें । बहिनीहरुको स्याहारसुसार गर्नेदेखि घर भित्रबाहिरका काम सबै सकेर पढ्दा पनि बाबुले देख्न सकेनन् । यो सबै देखेर म भने छक्क पर्थें । सबै काम सकेर पनि बाबुले किन मलाई पढ्न नदिएको होला । अरुको घरमा बसेर पढ्दा पनि बाबुले देख्न नसकेपछि मैले थाहा पाएँ, जबसम्म म जिरीमा छु, तवसम्म पढ्ने कुराको ‘प’ शब्द पनि उच्चारण गर्ने अधिकार मसँग छैन । यो कुरा जान्ने बित्तिकै मलाई फेरी भाग्न मनलाग्यो । त्यहाँ आफ्ना भएजतिका सबै आफन्त छाडेर कोही नभएको ठाउँमा जान मन लाग्यो ।

फलस्वरुप म फेरी घर छाडेर हिँडे । काठमाडौं बसेर गलैचा कारखानामा काम गर्ने दिदी आएकी थिईन् । उनैसँग घरमा कसैलाई नभनेर म फेरी दोस्रो पल्ट काठमाडौं आएँ ।

**फेरी काठमाडौंमा**

जिरीदेखि भागेर म फेरी नेपालको राजधानी काठमाडौं आईपुगें । पहिलोपल्ट आमाको आज्ञा पालना गर्दै काठमाडौं आएकी मैले पहिल्यै दिएको दु:खलाई बिर्सन सकेको थिईन । के गर्नु बाध्यताले फेरी यो दु:खी ज्यानलाई यतै ल्यायो । जिरीदेखि भागेर आएकाले मसँग लगाइरहेको जामाबाहेक अन्य सामान केहि थिएन । गलैचा कारखानामा काम गर्ने दिदीले मलाई त्यहीँ काम लगाईदिईन् । जिउमा लगाएको कपडा मात्रै लिएर गएकी मेरो सुत्ने ठाउँ त थियो तर ओड्ने ओछ्याउने सामान केहि थिएन । केहि नभएपनि मैले बोरा सिलाएर ओछ्याउने बनाएकी थिएँ । अनि भुँइमा बोरा नै ओछ्यायो, बोरा नै ओड्यो ।

गलैंचा कारखानामा दुईछाक खान मात्रै दिन्थ्यो, त्यो पनि रातो दालसँग चामलको भात । त्यही दुइछाक खान र साँघुरो ठाउँमा बस्न दिएकोमा खुशि हुनुपर्ने अवस्था थियो ।

एकदिनको कुरा हो, म कारखानामा करिब २० या २५ जनाका लागि खाना पकाउँदै थिएँ, रातभर बोराको भरमा सुतेकी म, न्यानो पाएर आगोको छेउमा भुसुक्क निदाएछु । ब्युँझदा त भात डढ्न लागिसकेछ । हतार हतार उठेर जामाको फेरोले समातेर खाना निकालें । बिचरा मेरो एकलौटी जामा नराम्रोसँग पोलियो । लाज ढाक्ने त्यहि जामा पनि पोलिदाँ मन कटक्क काटिएको थियो । साथसाथै अब के ले लाज ढाकौंला भन्ने चिन्ता त छँदैथियो ।

त्यो गलैचा कारखानामा मैले एक बर्षसम्म काम गरें र काम सिकें पनि । गलैचा सम्बन्धि काम गर्न सक्ने भएपछि भने त्यो कारखानाबाट भागें, किनभने मलाई पैसा कमाउनु थियो अनि स्कुल पढ्न जानु थियो । कारखानबाट भागेर म काठमाडौंमै रहेकी गाउँ नजिकैकी एकजना दिदीको घर गएँ , र त्यहीं बस्न थालें । ति दिदीका बच्चा थिएनन्, भिनाजु भने पुलिसमा थिए । दिदीको घर हाँडीगाउँमा थियो र हामी उनलाई सानुदिदी भनेर बोलाउँथ्यौं ।

सानुदिदीको घरमा केहि दिन त राम्रैसँग बित्यो, आफ्ना बच्चा नभएकाले होला, उनी मलाई निकै माया गर्थिन् तर पुलिस भेनाजुको आँखा भने मतिर लाग्न थाल्यो ।

ति भेनाजु मलाई साली नानी भनेर जिस्क्याउँथ्यो र नजिक आउन खोज्थ्यो । दुई कोठाको त्यो घरमा म रातभरी निदाउन सक्दिनथें । जतिखेरै भेनाजु आउने हुन् कि भन्ने डर मनमा लागिरहन्थ्यो । अझै कति रात त चुकुल समातेरै पनि बितेका छन् । किन भने चुकुल राम्रो संग लाग्थेन । बाहिरैबाट पनि खोल्न मिल्थ्यो । भेनाजुको त्यस्तो हर्कत दिन दुई गुना रात चौगुनाका दरले बढ्न थाल्यो सानुदिदी र भेनाजुको लडाई पर्नथाल्यो । उनीहरु झगडा गरेर रात छर्लङ्ग पार्थे, अनि म चुकुल समातेर ।

यस्तो प्रक्रिया करिब दुई बर्षसम्म चलिरहऱ्यो । अति भएपछि भने म त्यहाँबाट निस्किएँ । नयाँ गलैंचा कारखानामा काम गरेर केहि पैसा कमाएकी थिएँ । त्यो पैसा लिएर म फेरी जिरी फर्किएँ ।

पढ्ने हिम्मत पहिलेको भन्दा अझै बढेर आएको थियो । त्यसैले ४ कक्षामा पढ्दापढ्दै भागेर हिडेको मैले त्यहिँबाट पढ्न सुरु गरें । घरमा फेरी नयाँ किताव आए ।
मैले पढेको देख्न नसक्ने बाबुको आँखा फेरी मेरो पढाइमा लाग्न थाल्यो । बस्नै नसक्ने बनाएपछि तेस्रो पटक कक्षा ६ मा पढ्दै गर्दा फेरी घर छाडेर काठमाडौं भागें ।

दोस्रो पटक काठमाडौं आउँदा गलैंचा कारखानामा सिकेको काम तेस्रो पटकका लागि निकै राम्रो सावित भयो । त्यहि सिप सिकेका कारण मैले खाली हात बस्नुपरेन ।
यो समयमा पैसा कमाउने तरिकाले गलैंचा कारखानामा काम गरेको थिएँ । त्यहि कारखानाको एउटा कोठा खाली भएको मौका पारेर भाडामा बस्न पनि थालें । पैसा कमाउन थालेपछि भने एक्लो बस्ने हिम्मत पनि आउनेरहेछ ।
आफैले पैसा कमाउन थालेपछि म आत्मनिर्भर बनें । त्यसपछि आफै कमाउनुको मज्जा कस्तो हुँदोरहेछ, त्यो अनुभूत गर्ने मौका पनि मिल्यो ।

भाग- २

"पैसा भन्ने जातै बैगुनी"

जिन्दगीको पहिलो कमाईको बारेमा त मैले पहिले पनि यहाँलाई बताइसकेकी छु । भुल्नुभएको भए फेरी सम्झाउँछु, हजुरआमासँग हाँडी बेच्चेर कमाएको पैसाको कमिसन, पाँच पैसा । भलै त्यो पैसाले चकलेट खान पनि पुग्दैनथ्यो तर त्यो मेरो आफ्नै पौरखले आर्जन गरेको कमाइ थियो ।

मेरो बालमस्तिष्क छँदा या भनौ सानो उमेरदेखि नै पैसाले के के गर्नसक्छ भन्ने बुझिसकेकीँ थिएँ । यसलाई अझै मिलाएर भन्दा पैसाको महत्व मैले मेरो बाल्यकालमा नै बुझिसकेकी थिएँ । मानिसहरु कागजको खोस्टोका लागि ज्यान दिन र लिन पछि परेको देखेर हुर्केकाले होला पैसा भन्ने चिजप्रति मेरो मनमा छुट्टै किसिमको उत्सुकता थियो । दोस्रो पटक काठमाडौं आएको केहि समयपछि नै मैले त्यो अनौठो लाग्ने पैसा आफै कमाउने भएकी थिंए ।

जब हातमा केहि पैसा जम्मा हुन थाल्यो, तब थाहा पाएँ, यसको महत्व । यसले त मानिसमा हिम्मत बढाउने रहेछ । हातमा एक सुक्को नहुँदा र हातभरी पैसा हुँदा मान्छेले सोच्ने तरिका हरेक कोणबाट फरक हुँदोरहेछ । आफैले कमाएको पैसाको हिम्मतले गर्दा नैमैले सानुदिदीको घरबाट छुटकारा पाउन सफल भएँ । मेरो कारण बिग्रन लागेको सानुदिदीको घरबार जोगाउन सके । नराम्रो नजर राख्ने भेनाजुको पञ्जाबाट आफूलाई बँचाउन सफल भएँ ।

आफू कमाउने भएपछि एक्लै कोठा भाडामा लिएर बस्न थालें । मिनभवनमा थियो त्यो समयमा मेरो डेरा । हातमा सिप छ, काम गरेर केहि पैसा पनि कमाउन सक्ने भएकी छु, अब मलाई कस्ले रोक्ने, कस्ले छेक्ने । बालखादेखि गर्न मन लागेका तर गर्न नपाएका काम र रहरहरु पुरा गर्न सुरु गरें ।

पहिलो नम्बरमा निकै रहर लागेको तर नपाएको काम थियो पढाई । मैले भक्तपुर जिल्लाको ठिमीमा अवस्थित एक सरकारी बिद्यालयमा आफैले आफैलाई भर्ना गरें । अनि सुरु गरें, मिनभवन देखि ठिमीसम्मको पैदल यात्रा ।

अहिलेजस्तो सजिलै गाडीको आउजाउ त्यतिबेला थिएन, त्यसैले पैदलयात्राको अर्को बिकल्प पनि थिएन । मनले आँटेपछि त्यति लामो पैदल यात्रालाई पनि सामान्य नै देख्यो आँखाले र हिम्मत गरें । अझै अर्को हिम्मतको काम पनि छ, गाउँमा ६ कक्षासम्म मात्रै पढेकी मैले यहाँ एक्कैचोटी नौ कक्षामा भर्ना गरें । सानो कक्षामा आफूभन्दा निकै साना भाइबहिनीसँग पढ्न मनले मानेन र नौ कक्षामा भर्ना गरें ।

त्यो समयमा अहिलेजस्तो दिवा कक्षा हुँदैनथ्यो, बिहानी कक्षा हुन्थ्यो । मिनभवनदेखि भक्तपुरको ठिमीसम्म बिहानी कक्षा पढ्न भ्याउनु मेरालागि सानो चुनौतीको काम थिएन । त्यसैले रातिनै उठेर डेराका काम सकेर मिर्मिरे उज्यालो हुँदा बिद्यालय पुगिसक्थें ।

केहि समय त तन मन र हिम्मतले साथ दियो यी सब कामका लागि । बिस्तारै तनले साथ छोड्यो । शरिरले साथ छोड्ने बित्तिकै हिम्मत पनि कमजोर हुने रहेछ । जुन आँट, हौसला र उत्साहले स्कुल भर्ना गरेकी थिएँ, ति सबैले एकपछि अर्को गर्दै साथ छोड्दै गएपछि अन्ततः मैले हार माने र स्कुल जान बन्द गरें ।

करिब एक बर्षसम्म मिनभवन र ठिमीको दगुराइले गतिलो पाठ सिकायो, मनमा इच्छा, तनमा जाँगर र हिम्मत भएर मात्रै पनि आँटेको कुरा पुरा गर्न सकिदैन रहेछ । उसो त मैले आँट गरेर पढाई पुरा गर्ने जिद्दि कसेको भए फेरी बाताबरण अर्कै पनि बन्न सक्थ्यो होला, तर त्यस्तो हुन सकेन । मिनभवनदेखि ठिमीसम्मको दगुराइले अहिलेसम्म स्कुलको आँगन टेक्ने हिम्मत आएको छैन । मनमा धेरै पढ्ने रहर भने अहिलेपनि छ । स्कुलको आँगन टेक्न छाडेपछि मैले जति पढें, जिन्दगीलाई पढें, जति बुझें जिन्दगीलाई बुझें । बिद्यालयको पोशाक लगाएर, काखीमा किताब च्यापेर स्कुल जाने सोचले बारबार आजसम्म पनि घचघच्याइरहन्छ । तर हिम्मतले साथ दिएको छैन ।

यहि समयको बीचमा मैले मेरो भाई (हर्कबहादुर शेर्पा) लाई पनि काठमाडौं ल्याएँ । हामी दिदीभाई मिलेर डेराको जिन्दगी सुरु गऱ्यौं । आफूसँगै बालापनको दुःख बाँडेको भाइलाई साथमा राख्न पाएर मन आनन्दित बनेको थियो ।

त्यति मात्रै होइन, मिहेनत गरेर केहि आम्दानी गर्न थालेपछि वरपरका मानिसको नजरमा पनि राम्रो छाप छोड्न सफल भएँ । निकै इमान्दार मानिसहरु मेरा साथी बन्न आइपुगे । तिनै इमान्दार साथीभाईका कारण आफूलाई इमान्दारीताको बाटोतर्फ डोहोऱ्याउन हौसला मिल्न थाल्यो । खराब बाटोमा लागेका साथीलाई पनि सतय र ईमान्दारीताको बाटोमा हिडाउने मेरो प्रयास त्यहि बेलादेखि नै सुरु भइसकेको थियो ।

मानिसहरुले पैसाका बारेमा विभिन्न धारणाहरु बनाएका छन् । जिन्दगीको सिकाइले मलाई पनि एउटा धारण दिएको छ, पैसाका बारेमा । 'पैसा केहि हैन र पैसा सबैथोक हो ।'

हामीले सबै कुरालाई पैसासंग तुलना गर्न सक्दैनौं तर पैसा नहुने हो भने हामी सबै कुराबाट बञ्चित हुनपुग्छौं । पैसाले नै हामी दिदीभाइको जिन्दगीमा खलनायकको भुमिका खेलेको थियो वाल्यकालमा र किशोरावस्थामा यहि पैसाले नै हाम्रो जिन्दगीमा केहि हदसम्म खुशि ल्याएको छ ।

गाउँमा पैसा नभएर ऋण लागेकाले नै हामीले बाबुको मायाबाट टाढिनुपरेके थियो । आम्दानी नभएका कारण बच्चा बेलामा आफन्तको खप्की खाएर आफ्नै घरमा दिदीभाई बस्ने सपना पुरा हुन सकेको थिएन । तर केहि आम्दानी गर्न सक्ने वित्तिकै हामी दिदीभाई राम्रो जिन्दगी बिताउन सक्ने भयौं ।

कहिलेकाहीँ सोच्छु, यदि पैसा भन्ने कुरै हुँदैनथ्यो भने हाम्रो जिन्दगी कति सुखद तरिकाले वित्थ्यो होला । हाम्रा वावु छोदारे पैसा कमाउनकै लागि भनेर विदेश जाँदैनथे होलान्, आमाले पैसाकै लागि त्यतिधेरै मिहेनत

गर्दिनथिन् होला, पैसा जोगाउनकै लागि आफन्तहरुले गरेको हेला सहनुपर्थेन होला, अर्काको घरमा काम गर्दा पिडा हुँदैनथ्यो होला, नयाँ बाबुले पढाउन कन्जुस्याँई गर्दैन थिए होलान् आदि इत्यादी ।

फेरी पैसा भएको भएपनि हामी महंगो स्कुलमा पढ्थ्यौं होला । धनिमानी बाउआमाका छोराछोरी साथी हुन्थे होलान् । रमाइलो गर्न ठुला रेस्टुराँ धाउँथ्यौं होला, खुशि खोज्दै कुलतमा फस्थ्यौं होला आदि इत्यादी ।

कुरा जताबाट घुमाए पनि एकै ठाउँमा आएर अड्किने रहेछ । यो पैसा भन्ने कुरै त्यस्तो, भए पनि नहुने, नभए त झनै नहुने ।

## आफ्नो बिहे आफै

काम गर्ने, पैसा कमाउने भएपछि मेरा साथीसँगीको सर्कल पनि बिस्तारै बढ्न थाल्यो । त्यहि सर्कलसँगै राम्रा साथी बन्छु भन्ने मात्रै हैन, जिवन साथी नै बन्छु भन्नेहरुको लर्को पनि लामै लाग्न थाले ।

प्रेम गर्छु, जिवनसाथी बन्छु भन्नेहरु धेरैलाई मैले साथीको सुचिमा राखें । किनभने मलाई मेरो भविष्य मात्रै हैन भाई हर्कबहादुरको भविष्य पनि सुन्दर बनाउनु थियो । बिहे गर्ने बित्तिकै भाइले के गर्ला भन्ने चिन्ताले पनि मेरो दिमागमा बिहेको सोच नआएको हुनसक्छ । मैले बिहे गर्ने बित्तिकै भाई एक्लैले डेरा भाडा तिर्न सक्दैन, उ फेरी पहिलेजस्तै टुहुरो जिन्दगी बिताउन बाध्य हुन्छ भनेर राम्रा केटाहरुको बिहेको प्रस्ताव बारम्बार अस्विकार गरिरहें ।

अस्विकार गर्दापनि केहि राम्रा कुलघरानाका केटाहरु त पछि नै परेका थिए । बढी नै कर गर्न थालेकाहरुलाई भने पहिले भाइको बिहे गर्छु अनि मात्रै मेरो पालो आउँछ, कुर्ने भए कुर भनेर टारिदिन्थें ।

प्रेम गर्छु भन्ने र बिहेको अफर गर्ने केटाहरुको भिडमा मलाई अहिले पनि याद आइरहने एउटा केटो छ । किशोरावस्थामा प्रवेश गरेपछि पहिलोपल्ट प्रेम प्रस्ताव र सिधै बिहे गर्छु भनेकाले पनि होला मलाई त्यो केटाको याद आइरहन्छ । त्यसले मसँग बिहे गर्न निकै जोड गरेको थियो । नुवाकोट जिल्ला चौतारा घर बताउने तामाङ थरको केटो थियो त्यो ।

पहिलो बिहेको प्रस्ताव, त्यो पनि तामाङ थरको केटाको । तामाङ थरले नै पनि मलाई उक्त केटादेखि टाढा बनायो । किनभने मेरी आमाले दोस्रो बिहे गरेको बाबुको थर तामाङ हो, यो कुरा तपाईंले अगाडी नै थाहा पाइसक्नुभयो होला ।

नयाँ बाबुको थर मिलेकाले भन्दा बाबुले आमालाई भक्कु कुटेको देखेका आँखाले गर्दा, जति नै बिन्ति गर्दा पनि मैले नुवाकोटे तामाङ केटोको बिहे प्रस्ताव स्विकार्न सकिन ।

जिन्दगी भनेकै योजना विनाको दौड रहेछ । यो कुरा ठिमीको स्कुलमा भर्ना गरेर पनि पढ्न जान नसकेको बेलैमा थाहा पाइसकेको थिएँ । तर यसलाई थप मलजल दिने काम गऱ्यो बिना योजनाको बिहेले । हो, भाइको बिहे गरेर मात्रै आफ्नो बिहे गर्छु भन्ने मेरो योजना असफल भयो । भाईको बिहे हुनुभन्दा धेरै अगाडी मैले नै बिहे गरें ।

भरत बहादुर खत्री नाम गरेको केटाले मलाई बिहेको प्रस्ताव राख्यो । आफू सेनाको सिपाही भएको बताउने उक्त केटोको कुरा गराइले नै मलाई भाई भन्दा अगाडी बिहे गर्न बाध्य बनायो ।

सानैदेखि हन्डर ठक्कर खाएर हुर्केकी मैले मान्छेलाई बिश्वास गर्न छाडेकी थिएँ । तर उक्त केटोले मलाई केहि कुरा लुकाएन । झुठा र फटाहा मान्छेहरुको भिडबाट यो संसारमा राम्रा र झुट नबोल्ने मान्छे पनि हुँदारहेछन् भन्ने उनैबाट थाहा पाएँ, र दोहोऱ्याएर मान्छेको बिश्वास गर्न थालें ।

आफ्ना कमजोर पक्षलाई पनि नलुकाई सुनाउँदा मनमा यत्तिको केटो ठिक छ भन्ने पस्यो । उसको बिगतको तितो कुरा, जो अहिले पनि प्रायः केटा मान्छेहरुले लुकाउँछन् । आफ्नो घरबार बारे, उसले खुलेर बतायो । उसले मसँगको कुराकानीमा आफ्नो बिहे भइसकेको बताएको थियो ।

आफू राम्रोसँग बुझ्ने नहुँदै बाबुआमाले बिहे गरिदिएको, केटी मन परेन भन्दा घरबाट, जो मनपर्छ आफै खोजेर बिहे गर् भनेको अनि घरमा मेरो फोटो देखाएर यहि केटीसँग मात्रै बिहे गर्छु, नत्र गर्दिन भनेको कुरा सुनायो । यस्तो कुरा सुनाउँदा मलाई पनि उहि नै मेरो जिन्दगीको साथी हुनसक्छ, अरु हुन सक्दैन भन्ने भयो ।

आफू २२ बर्षको हुँदा कसरी १२ बर्षकी केटीसँग बिहे भयो, भन्नेकुरा सँगै उसको कुरा गर्ने तरिका पनि मलाई मन पऱ्यो । केहि समय त उसलाई पनि नाइँ नै भने, पछि, नजिकका साथी सँगीले सम्झाएपछि र उसको धेरैपटकको प्रस्ताव अघि मैले हार माने र बिहेका लागि स्विकृति जनाएँ ।

सबैतिरबाट बिहेको प्रेसर आउन थालेपछि मेरो मनमा पनि छोरी मान्छे भएपछि एक न एकदिन त बिहे गरेर जानैपर्छ क्यारे भन्नेखालका भावना आउन थालेको थियो । त्यसैले मैले उही भरत बहादुर खत्री जो सेनाका सिपाही थिए, उनीसँग बिहे गरें । मेरो विहै कुनै सफल्मको काहानी भन्दा कमको भएन ।

हाम्रो बिहे भएको महिना त थाहा छैन तर साल भने वि.सं.२०४० हो । म, मेरी साथी मिश्री र मेरो श्रीमान पशुपतिनाथको मन्दिर घुम्न गएको बेलामा हाम्रो बिहे भएको थियो । जान त हामी तीनजना घुम्नका लागि भनेर पशुपतिनाथ मन्दिर गएका थियौं, तर त्यहींको मन्दिरमा सिन्दुर हालेर बिहे गऱ्यौं । जाँदा साथी बनेर गएको केटा, फर्किंदा जीवनसाथी बनेको थियो ।

मिश्री, म र मेरो श्रीमान दुबैको मिल्ने साथी थिईन् । हामी यतिधेरै मिल्थ्यौं कि, पछि उनले पनि मेरो श्रीमानकै गाउँको केटासँग बिहे गरिन् । उनि अहिले पनि गाउँमै बस्छिन् । त्यता गएका बेला हामी दुई भेट भए अरु सबै बाहिरिन्छन् । भन्न खोजेको भौगोलिक रुपमा टाढा भएपनि हामी अहिले पनि निकै मिल्ने साथी हौं । असहले पनि हाम्रो दोस्ती उस्तै मजबुत छ ।

श्रीमान सेनामा भएकाले उनको वसोवास डेरामा हुन्थेन । त्यसैले बिहे गरिसकेपछि मैले मेरै डेरा कालिमाटीमा श्रीमानलाई लिएर गएँ । अन्य भएको भए बिहेपछि श्रीमानको घरमा भित्रिन्थे तर मैले मेरो श्रीमानलाई आफ्नो डेरामा भित्र्याएकी थिएँ ।

बिहे जिन्दगीमा एकफेर मात्रै हुन्छ । कसैले पनि दोहोऱ्याएर बिहे गरिहाल्छु नि भनेर बिहे गर्दैनन् । हुन त मेरै श्रीमानको पनि म दोस्रो बिहे थिएँ, यो बाध्यता थियो ।  बिहे भनेको सबैले एकपल्ट मात्रै गर्ने सोच राख्छन्, दोहोऱ्याएर गर्नु, कसैको बाध्यता होला, कसैको विवशता ।

त्यही जिन्दगीमा एकफेर मात्रै गर्ने बिहे मेरो पनि भयो । सबैको कल्पना हुन्छ, बिहेमा यस्तो गर्छु, उस्तो गर्छु । मेरा पनि केहि सपनाहरु थिए, जुन एकपटक मात्रै गरिने बिहेमा पुरा गर्नु थियो तर ति सबै अधुरा बने ।

मेरो सपनामा जस्तै मेरा श्रीमान घोडा चढेर मलाई लिन आएनन् । परी कथामा जस्तै मलाई राजकुमारीलाई जस्तो फुलको डोलीमा राखेर घरपरिवारले बिदा गरेन् । मैले त मेरो बिहे पनि आफैले गर्नुपऱ्यो ।

## नयाँ जिवन

भनिन्छ, विहे भनेको नयाँ जिवन हो । जन्मपछि जसरी एउटा सानो बच्चाले हरेक कुरा नयाँ सिक्नुपर्छ, बिहेपछि पनि हरेक कुरा नयाँ ढंगले प्रस्तुत हुन्छ ।

हो, मैले पनि बिहे गरेपछि अरुको जस्तै नयाँ जिवन सुरु गरें । मेरो जिवनले पनि नयाँ मोड लिन सुरु गऱ्यो । केहि अघिसम्म म छोरी, दिदी थिएँ तर अब बुहारी, भाउजु बनें ।

बिहे पछि श्रीमानलाई लिएर डेरामा जाँदा भाई पुलुपुलु घरी म पट्टी त घरी मेरा श्रीमान पट्टी हेरिरहेको थियो । बिचरा सानै थियो । आमाको जति माया दिन नसकेपनि राम्रो जिन्दगी दिने वाचा गरेकी थिएँ, तर आफै नयाँ जीवन सुरु गरेर बसें ।

डेरा पुगिसकेपछि भाइको अनुहार हेरेर निकै हिनतावोध भएको थियो मलाई । हाम्रो बिहे भएको एक महिनासम्म भाई मसँग बस्यो । पछि खै के सुर चल्यो, उ फेरी आमा भएको ठाउँ तिर हिड्यो । मैले पनि उसलाई नजाउ, सँगै बसौं भन्न सकिन ।

दिनहरु बिस्तारै बित्न थाले । भाई आमाकोमा गएपछि, मेरो नयाँ जिन्दगीका खाली पानाहरुमा नयाँ अक्षरहरु भरिन सुरु गऱ्यो । खाली पाना पल्टदैं जाने अनि बिस्तारै खुशी, आँशु र रोदनले भरिने गर्नथाले । सुरुसुरुमा त अव मेरा सुखका दिन आए भन्ने भान भएको थियो । तर दिन बित्दै जाँदा थाहा हुँदै गयो, अझै कतिधेरै खाली पाना रहेछ जिन्दगीको, जसमा दु:ख, पिडा, हण्डर र ठक्कर लेखिनै बाँकी रहेछ ।

सेनाको जागिरे श्रीमानको तलव थोरै थियो । हामी दुईको ज्यान पाल्न पनि काठमाडौंको ठाउँमा त्यति तलवले धेरै कुराको सम्झौता गर्नुपर्दथ्यो ।

यदि घर परिवार सबैलाई त्यही सेनाको जागिरबाट आएको तलवले पाल्नुपर्ने थियो भने त्यो निकै मुस्किलको काम थियो । तर हामी दुइले जसोतसो दु:ख गरेर जिन्दगीलाई घिसारिरहेका थियौं । मैले पनि गलैंचा बुनेर केहि आम्दानी गर्थे । त्यसैलें केहि समयसम्म नराम्रो मान्नुपर्ने घटना केहि घटेन ।

धेरै दु:ख पाएको मान्छेलाई थोरै सुख मिलेपनि संसारकै खुशी आफ्नै पोल्टामा परेको जस्तो हुने रहेछ । मलाई पनि बिहे गरेको एक बर्षसम्म सबैभन्दा खुशी र सुखी मान्छे म नै हुँ जस्तो अनुभूति भयो । भगवानले नदिनु दिएपछि छप्पर फाडेर दिन्छन् भनेको यहि रहेछ क्यारे भन्ने भान पनि भएको थियो,त्यो समयमा मलाइ ।

श्रीमानको माया, मेरो आफ्नो कोही छ भन्ने भावना ,त्यसैमाथी हामी दुइले कमाएको पैसाले खान लाउन पुग्ने भएपछि, जिन्दगीले आफ्नो लय समातेको भान भएको थियो । तर त्यो त क्षणिक भ्रम मात्रै रहेछ । नयाँ जिवन त जमिन मुनिबाट भर्खरै खनेर निकालेको ढुङ्गाजस्तो पो हुने रहेछ । त्यसलाई कुँद्नुपर्ने रहेछ, अझै राम्रो बनाउन थप कुराहरु जोडजाड बनाउनुपर्ने रहेछ, अनि मात्रै सुन्दर हुने रहेछ । यो कुरा बिहे भएको एक बर्षपछि थाहा भयो । किनभने त्यो समयमा म आमा बन्दै थिएँ ।

बिहेलाई मानिसहरुले नयाँ जिवनको संज्ञा दिएको सुनेकी मात्र थिएँ । आफैले भोगेपछि भने प्रष्ट पनि भयो । पहिले छोरी भएर बसेको मान्छे बिहे लगतै श्रीमानको श्रीमती, सासु ससुराको बुहारी, श्रीमानलाई दाई भन्नेहरुको भाउजु, श्रीमानलाई भाई भन्नेहरुको बुहारी हुँदै अहिले आमा भन्ने पनि जन्मिन  लाग्दैछ । मुर्तिकारलाई एउटा ढुङ्गा कुँदेर मुर्ति बनाउन जति परिश्रम लाग्छ, सायद सुन्दर जीवन निर्माण गर्नका लागि पनि हामीले त्यत्तिनै परिश्रम खन्याउनुपर्ने रहेछ । मुर्तिकारको मुर्ति त तयार हुने वित्तिकै मन्दिरमा जान पाउँदैन, त्यसलाई खरिद गर्नुपर्ने हुन्छ भने मान्छेको जीवनको त के कुरा गर्नु ।

मैले अहिलेजस्तो रिमिझीमी पाराले बिहे गरिन । साथीसँग गएर पशुपतिमा बिहे गरेपनि आखिर बिहे भनेको दुई मान्छेको मात्रै मिलन हैन रहेछ । यो त दुई परिवारको मिलन, दुई समाजको मिलन पनि रहेछ । आजभोली यी सबै कुरा सम्झन्छु ।  यतिधेरै नातापाता, नयाँ समाज, नयाँ पहिचान । सुन्दा भन्दा भोगेर आउँदा झनै पक्का भयो, बिहे भनेको त साँच्चै नयाँ जिवन नै रहेछ । त्यहि नयाँ जीवनले अरु धेरै नयाँ कुराहरु जन्माउने रहेछ ।

**कर्मघरको यात्रा**

बिहे भएको एक बर्ष नपुग्दै बच्चा पेटमा आयो । आमा बन्न लाग्दा म निकै खुशी भएँ । मेरा श्रीमान पनि खुशि थिए ।

हामीले पशुपतिनाथको मन्दिरमा सुटुक्क बिहे गरेका थियौं । हाम्री साथी मिश्री र हामी दुईमात्रै बिहेमा सामेल थियौं । अझ भनौं हाम्रो बिहेको साक्षी मिश्री र पशुपतिनाथ मात्रै थिए । बिहेमा न मेरा माइतिवाला आएका थिए, न त घरवाला नै ।

घरपरिवारका बारेमा जति कुरा थाहा पाएकी थिएँ, ती सबै श्रीमानले भनेका कुरा मात्रै थिए । आफ्नै आँखाले केहि देखेको थिएनं । बच्चा पेटमा आएपछि भने श्रीमानले मलाई पहिलोपल्ट घर लैजाने कुरा गरे । घरमा अन्य सदस्य भएको र बच्चा जन्माउन सजिलो हुने श्रीमानको भनाई थियो । त्यसो त मलाई पनि आफूले बिहे गरेर गएको घर, आफन्त र नातागोता चिन्न भित्रैदेखि मन थियो ।

यहाँ छुटाउन नहुने कुरा अर्को पनि छ । हाम्रो बिहे भएको करिब एक महिनामा नै श्रीमानको सरुवा भएको थियो, बुटवलमा । रुपन्देही जिल्लामा अवस्थित बुटवलमा श्रीमानको सरुवा भएपछि म एक्लै काठमाडौं बस्ने

कुरा आएन । त्यसैले केही कामलाग्ने सामान लिएर हामी श्रीमान श्रीमती बुटवल सरुवा भएका थियौं । पहिले हामी बसेको कोठामा भाई आएर बस्न थालेको थियो । बुटवल सरुवा भएपछि नै म आमा बन्ने भएकी थिएँ । श्रीमानको घर पर्सा जिल्लाको ठोरी भन्ने ठाउँमा रहेछ । ठोरी अहिले बिस्तारै बिकासको चरणमा छ । म सुरुमा ठोरी गएको बेलाभन्दा अहिले कति हो कति बिकास भइसकेको छ । २०७७ सालमा प्रधानमन्त्री भएका शर्मा ओलीले राम जन्मिएको ठाउँ भनेर भाषण गरेको स्थल नै हो ठोरी । जसलाई मैले बिहे गरेर  कर्मघर बनाएँ । अहिले भने त्यहाँ भारतको मेट्रो जाँदैन ।

ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्व बोकेको ठोरीको पश्चिमी र उत्तरी भु-भाग चितवन राष्ट्रिय निकुञ्जले ढाकेको छ । यी दुई बाटोबाट जाँदा निकुञ्ज पार गर्नुपरे पनि भारतको रक्सौलबाट मेट्रो चढ्दा भने त्यो समयमा ठोरी नै पुगिन्थ्यो ।

हामी घर जाँदा बुटवलबाट बिरगञ्जसम्म बसमा गयौं । त्यहाँबाट रक्सौलसम्म टाँगामा गयौं र  रक्सौलबाट मेट्रोरेल चढेर पर्सा जिल्लाको ठोरी पुग्यौं । अहिले त्यहाँ नेपालकै चितवन राष्ट्रिय निकुञ्ज पार गरेर बस जान्छ । पहिले भने त्यस्तो सुविधा थिएन । सवारी साधन चढ्ने भन्ने वित्तिकै भारतको रक्सौल नै पुग्नुपर्ने बाध्यता थियो ।

आफूले बिश्वास गरेर बिहे गरेको मान्छेको पछि लागेर म कर्म घर हिँडे । कता हो कता, दोलखाको आलेमा जन्मिएको म, तराइका समथर फाँट देखेर दंग परेकी थिएँ । त्यसैमाथी नौलो ठाउँमा मेट्रो रेल चढ्दा त झनै अनौठो अनुभूत भएको थियो । साथमा डर पनि छँदै थियो ।

हामी बिहानीको समयमा रक्सौलबाट मेट्रोरेल चढेर ठोरी पुग्यौं । बिहानै ठोरी पुगेपनि घर पुग्न अझै त्यहाँबाट टन्नै हिड्नुपर्ने रहेछ । खोला खोल्सी धेरै रहेछन् त्यहाँ । हामी ठोरी खोलाको बगरमा ओर्लिएर बगरैबगर हिड्न थाल्यौं । मेरो जन्मघर पहाडमा भएपनि तला थपिएका घर मात्रै हुन्थे, त्यहाँ पुगेपछि झुप्राझुप्री खरको छानो र माटोले बनेका घर देखेर अनौठो लाग्यो ।

श्रीमान अघिअघि हिंडे, म पछिपछि । बाटोमा हिड्दै गर्दा देखेका घर अनि त्यहाँको मानिसले हेर्ने अनौठो तरिका मेरा लागि उत्सुकताको बिषय बन्यो । मलाई त्यहाँका मानिसले अनौठो तरिकाले हेरेको कारण धेरै पछि मात्रै थाहा पाएँ, कारण रहेछ म घर जाँदा दुई चुल्ठी बाटेर गएकी थिएँ । त्यता बुहारीले दुइ चुल्ठी बाट्ने चलन रहेछ । बाटो हिंड्दा धेरैपटक श्रीमानप्रति अविश्वास जागेको थियो । घर लैजाने भनेर अन्तै लाने भयो क्यारे ! भारतमा त धेरै चेलीबेटी बेचिन्छ भन्छन्, मलाई पनि बेच्ने भयो कि क्या हो भन्ने कुरा मनमा आएको आयै गर्‍यो ।

सपनामा समेत नसोचेको घटना विपनामा घट्नेपो हो की भनेर म ठोरीको बगरको बाटो भरि म रुदै हिडेको कुरा उनलाई थाहै भएन । म घुक्क घुक्क रुँदै हिँडे । त्यसो त, म रुँदै हिँडेको कुरा श्रीमानबाट भने लुकाएकी

थिएँ । बाटो पनि कति लामो, अत्यास नै लाग्ने । अब आउला भन्यो आउँदैन, अब आउला भन्यो आउँदैन । बरु झुप्राझुप्रीका मान्छेहरुको आवाज पो सुनिन थाल्यो, साइँलाले त कान्छी ल्यायो रे । बिहान देखी हिडेका हामी श्रीमानले अब आइपुग्नै लाग्यो भन्दा अपरान्हको करिब १२ बजेको थियो । मैले पहिलोपल्ट टुकटुक आवाज निकाल्ने मिल पनि हुँदोरहेछ भनेर त्यँही थाहा पाए ।

सुरुमा त्यो टुकटुक आवाज चराको आवाज जस्तै लाग्यो । अनौठो आवाजको कौतुहलता मेट्न श्रीमानलाई सोधें, यो कुन चराको आवाज हो । मौन बनेर हिडिरहेका उनि मेरो प्रश्न सुनेर पहिलोपल्ट हाँसे र भने, यो त मिलको आवाज हो नि, कता चराको हुनु ।  लाजले भुतुक्क भएको थियो मेरो अनुहार । अहिले पनि त्यो घटना सम्झँदा लाज लाग्छ र एक्लै हाँस्छु ।

सानो खरको झुप्रो, उराठलाग्दो ठाउँ, जता फर्के पनि घना जंगलको बीचमा रहेछ हाम्रो घर । बच्चा बेलामा सुनेको परी कथामा जस्तो राजकुमारले राजकुमारीलाई लगेको दरबार मेरो थिएन । न त त्यहाँ कथामा जस्तै जादु भएर खरको छानो भत्किएर नयाँ दरबार नै बन्थ्यो । त्यो वास्तविकता थियो, जुन म आफैले रोजेकी थिएँ ।

घरपरिवारका सबैले मलाई साइँलाको श्रीमतीको रुपमा स्विकार गरे । तर समाजका केहि मान्छेले स्विकार गर्न सकेनन्, मेरा श्रीमानले निकै गाली खानुपर्‍यो । मलाई कसैले केहि भनेनन् तर मनमा भने लागिरहर्‍यो, अर्काको श्रीमानसँग आएकी हुँ म । बेलाबखत आफूलाई अपराधीजस्तो महशुस पनि भएको थियो मलाई त्यो समयमा ।

हुन त, श्रीमानको पहिलो श्रीमतीसँग मेरो भेट काठमाडौंमा भइसकेको थियो । उनि हामी बस्ने कोठामै आएर केहि दिन बसेकी थिईन् । मैले पनि त्यो बास्तविकतालाई स्विकार गरिसकेको थिएँ, जे नहुनु थियो भैहाल्यो, ठिकै छ, सँगै मिलेर बसौंला । त्यहि बेला श्रीमानको बुटवल सरुवाले मनमा अर्कै भावना पैदा गरेको थियो । मनले निर्णय गर्यो । अर्काको श्रीमानलाई आफ्नो बनाएँ, तर अब भने उसैलाई फिर्ता दिने र आफू आफ्नो बाटो लाग्ने ।

धेरै सम्झाएँ, तिमी श्रीमानको पछि लागेर बुटवल जाउ, म यतैबाट उसलाई छाड्छु तर उनि मानिन् । पछि गाउँमा आएपछि कान्छी ल्यायो भनेर उनका माइतिगाउँले हुल उठेर ठोरी आए गाउँमा समाज भेला गरेका थिए ।  यस विषयमा व्यापक छलफल भयो ।

गाउँलेको निसाफ अनुसार दुबैलाई श्रीमानले राख्नुपर्ने भयो । मैले त मेरो बास्तविकतालाई पहिले नै स्विकार गरिसकेकी थिएँ, उनिसँगै बस्न राजी भएँ । राजी नहुने ठाउँ पनि थिएन, किनभने श्रीमती छ भन्ने थाहा हुँदाहुँदै मैले अर्काको श्रीमानसँग बिहे गरेकी थिएँ ।

म श्रीमानको जेठी श्रीमतीसँग बस्न राजी भएपनि, उनि भने राजी हुन सकिनन् । किनभने उनले अर्कै केटोसँग बिहे गरिसकेकी रहिछन् । बिभिन्न लोभमा परेर उनका माइतीले छोरीको हक माग्न ल्याएका रहेछन् ।
यी सबै झमेला टुङ्गीयो । केहि दिन साथमा बसेर श्रीमान मलाई त्यही झुपडीमा छाडेर हिडिहाले, नयाँ ठाउँलाई आफ्नो मान्नुपर्ने जिम्मा मेरो बन्यो ।
भाग्यमा जे लेखेको हुन्छ, त्यहि नै हुने हो भनेर मैले वास्तविकतालाई स्विकारें र अगाडी बढ्ने निधो गरें । त्यसो त मसँग स्विकार नगर्नका लागि अर्को बिकल्प पनि  थिएन ।

<u>छोरीको आगमन</u>

गर्भवती ज्यान । घर पुग्नेबित्तिकैको मानसिक झमेलाले शरिर गलायो । घर पुगेको केहि दिनसम्म त नयाँ बुहारीको हकअनुसार परिवारका सदस्यले माया नै गरे । तर यो धेरै समयसम्म टिक्न पाएन ।
गर्भवती भएको समयमा गाह्रोसाह्रो काम गर्न अफ्ट्यारो हुने भइनै हाल्यो । त्यसैमाथी घर परिवारका सदस्यहरुले पनि बिस्तारै बचन लगाउन थाले । सँगै बसेपछि नमिठो बचन र गालीगलौजलाई सामान्य नै मानें ।
दुइचुल्ठी बाटेर कर्मघर पुगेकी म, अब भने पटुकी कसेर काममा धस्सिनुपर्ने हुनथाल्यो । पहिले पनि दुःखमै हुर्किएकाले होला शरीरका पाटपुर्जाले बिस्तारै काम गर्ने बानी बसाल्न थाल्यो । यस्तो लाग्थ्यो, दुःखी कर्मलाई जति सुख मिलेपनि अन्ततः दुःखमै जाकिन पुगिने रैछ । ज्यान छउन्जेल दुःख गर्न त शरीरलाई बानी परेको छ । तर त्यो समयमा भने म दुइजिउकी थिएँ । गह्रौं भारी उचाल्न गाह्रो हुन्थ्यो । शारिरीक बल प्रयोग हुने काम गर्दा ज्यानमा शक्ति आउँदैनथ्यो ।
‘आफूले पाएका सुख र दुःखलाई कहिल्यै अरुसँग तुलना गर्नुहुँदैन, यसले झनै दुःखी बनाउँछ । बरु आफ्नो तुलना आफैसँग गर्नुपर्छ ।’ यो भनाई मेरो हैन, अरुनै कसैको मुखबाट सुनेकी हुँ । त्यसैले म आफ्नै बितेका समय र बर्तमानमा भोगिरहेका समयलाई तुलना गरेर मनलाई बुझाउँथे  ।
यसले आफ्नो प्रतिस्पर्धा आफैसँग गराउँथ्यो । आफैसँग आफ्नो तुलना गर्दा, मलाई आफू पहिलेको तुलनामा निकै सुखी भएको अनुभव हुन्थ्यो । पहिले आफ्नो भन्ने केहि थिएन । अहिले आफ्नो भन्ने केही भएपनि त छ भन्ने सोचले नै जिवनमा सबैभन्दा आनन्दको अनुभूति गराँउथ्यो ।

अब जिन्दगी ठोरीको उराठलाग्दो भुमिमा बित्ने मनले पक्का गरिसकेको थियो। जे हुन, नहुनु भइसक्यो, अब यसलाई भोग्नुको अर्को बिकल्प छैन भन्ने थाहा भएपछि झुप्रो घरलाई सुधार्न मनलाग्यो। जिन्दगी बिताउने घर सपनामा सोचेजस्तो नभए पनि केहि राम्रो त गर्न सकिन्छ नि भन्ने सोच आयो। त्यसैले निकै मिहेनत गरेर ठोरीमा एउटा सानो घर बनाएँ।

नयाँ घरमा परिवारका सबै सदस्यहरु मिलेर बस्न थाल्यौं। मिलेर बस्यौं भन्ने शब्द त यहाँ प्रयोग गर्न मिल्दैन होला, किनभने दुनियाँको अगाडी मात्रै हामी मिलेर बसेका थियौं। भित्री संसारमा हामीसँगै सदस्य बनेर बसेको थियो शंका।

परिवारमा एकले अर्कालाई निकै शंकालु दृष्टिले हेर्ने र मौका मिल्नासाथ बचनको बाणले ठोकिहाल्ने चलन नियती बनेर घरमा बस्यो।

बचनसँगै बिभिन्न आरोप प्रत्यारोप पनि जन्मने भइनै हाल्यो। कहिलेकाहीँ त एकले अर्कोलाई जाइलाग्ने प्रवृतिको पनि बिकास तिब्र गतिमा भइरहेको थियो।

त्यो समयमा घरपरिवारका सदस्य सबै मिलेर एकलौटी आरोप मलाई नै लगाएका थिए। त्यो आपत्तिजनक आरोप थियो, श्रीमानको पैसा एक्लैले पचाएको।

श्रीमान सेनाको जागिरबाट शान्तिसेनाका लागि बिदेश गएका थिए। मेरा घरपरिवारका मानिसलाई लागेछ, त्यहाँबाट श्रीमानले अकुत पैसा कमाएका छन्। त्यो पैसा सबै मलाई पठाएका छन्। अनि श्रीमानले मेहनत गरेर कमाएको पैसा सबै घरपरिवारलाई एक सुक्को नदिई मैले मात्रै खर्च गरेकी छु। यो मेरालागि सबैभन्दा ठुलो आरोप थियो, र घरझगडाको बिउ पनि।

घरमा शंका, आरोप र झगडाले माहोल गरम बनाइरहेका बेला मैले मेरो पहिलो सन्तान जन्माएँ, कल्पना। जिन्दगी भनेको बगिरहने खोला जस्तै रहेछ। छोरीको जन्मले यहि कुराको आभाष दिलाएयो मलाई।

कता हो कता पहाडको पाखो दोलखाको आलेमा जन्मेको मान्छे म, मजस्तै छोरी जन्माउँन अर्कै कुना ठोरी आइपुगेँ।

मेरो घरमा लक्ष्मीको आगमन भयो, तर त्यसले खुशीयाली ल्याउन सकेन। उल्टै आफैले बनाएको घरमा बस्न मेरा लागि ठाउँ पुगेन। आफूले मेहनत र पसिना बगाएको घरबाट निकालिएँ म।

त्यसपछि मेरो परिवार सहित म गोठमा बसाईं सरें। गोठको बसाई कतिन्जेललाई पो हुन्थ्यो र। कुम्लो बिसाउने ठाउँ नभएपछि आमाजुको घरमा शरण लिन पुगें।

यो कुराले पनि मलाई निकै ठुलो पाठ सिकायो। संसारमा मेरो भन्ने कुरा केही रहेनछ। रगत पसिना बगाएर बनाएको घरलाई मैले मेरो सम्झेकी थिएँ। तर हैन रहेछ। त्यो घरमा त अर्कै मान्छेले मेरो भनेर कब्जा जमाइसकेछ।

घरबाट निकालिएर आमाजुको घरमा पुगेपछि आफन्त, इष्टमित्र र परिवार भन्ने कुरा पनि क्षणिक लाग्यो । मर्दापर्दा सहयोग गर्ने आफन्तहरुबाटै एक्लो बनेकी थिएँ म । साथमा भएका छोरी र श्रीमानले पनि कुन दिन एक्ल्याउने हुन् भन्ने सोचले दिमागमा डेरा जमाउन त्यतिबेलैदेखि सुरु गरिसकेको थियो ।

## सन्तान गुमाउँदाको पिडा

आफन्त र नातागोतालाई आफ्नो मान्न छाडेपनि संसारमा छोरी र श्रीमान त मेरा छन् भन्ने सोचले जिन्दगी चलाउन सहयोग गरिरहेको थियो । श्रीमान समय समयमा मात्रै हामीसँग हुन्थे ।  उनी जागिरको सिलसिलामा प्रायः बाहिर नै हुने भएकाले छुट्टीमा मात्रै आउँथे ।

परिवारमा सँगै बस्ने भनेको मेरी छोरी र म मात्रै थियौं । धेरै नेपाली महिलाले भोगिरहेको जीवन जस्तै थियो मेरो दिनाचार्य पनि । जागिर खान हिडेका श्रीमान र घर कुरेर बसेकी श्रीमती । बर्षमा एकचोटी घर आउने र पेटमा बच्चा बोकाएर हिड्ने नियती मसँग पनि हुनपुग्यो । जेठी छोरी टुकुटुकु हिड्ने नभइकनै मेरो पेटमा दोस्रो सन्तान पनि आयो । यहाँलाई अवगतै होला, घरबाट निकालएपछि म आमाजुको घरमा शरण लिइरहेकी छु । आमाजुकै घरमा हुँदा मेरो पेटमा दोस्रो बच्चा आयो ।

आमाजुको घरमा पानीको निकै समस्या थियो । पानी लिन जाने पंधेरो घर देखि केही पर नै थियो । पहिले अन्य महिलाले जस्तै पेटमा बच्चा आएपनि पंधेरोबाट पानी ल्याउने काम नियमित हुन्थ्यो । तर पेटमा बच्चा आएपछि आमाजुको परिवारका सदस्यले पानी नल्याउन सुझाएका थिए ।

खाना पकाउन र घरायसी कामका लागि पानी नबोकेपनि, नुहाउन, बच्चाको कपडा धुन त पंधेरो पुग्नैपर्थ्यो । त्यही सिलसिलामा एकदिन पधेरो गएकी थिएँ ।

त्यति टाढा पधेंरोमा नुहाउन गएपछि रित्तो हात फर्कने कुरा आएन । बिहानको समयमा पधेंरोमा नुहाइधुवाइ सकेर एक गाग्रो पानी भरें । बिडम्बना त्यो पानी घरसम्म आइपुग्न सकेन ।

बाटोमा नराम्रोसँग चिप्लिएर लडें ।  बिहान करिब ८ बजेतिर लडेको मेरो होस दिउँसो २ बजेतिर मात्रै आयो । त्यो बीचमा के भयो मलाई केहि थाहा छैन । होस आउँदा मेरा वरपर मानिसहरु जम्मा भएका थिए ।

बच्चा पेटमा हुँदा हाम्रो शरीरको सबैभन्दा गह्रौं भाग पेट नै हुनजान्छ । यदि गर्भवति नहुँदो हुँ त, मेरो टाउको भुँइमा बजारिन जान्थ्यो । त्यसैले मेरो दोस्रो बच्चाले टाउकोमा चोट लाग्नबाट मलाई जोगायो तर मैले भने उसलाई जोगाउन सकिन ।

बाटोमा चिप्लेर लड्दा मेरो पेट नराम्रोसँग बजारिन पुग्यो । मनमा अलिकति भएपनि आशा थियो, पेटको बच्चालाई केहि नहोला कि भन्ने । तर पर्साकै नर्कट भन्ने ठाउँमा परिक्षण गर्दा थाहा भयो, मैले मेरो बच्चा गुमाएँ । उसले मेरो टाउकोमा चोट लाग्नबाट बचायो तर मैले उसलाई बचाउन सकिन ।

त्यो समयमा अहिलेको जस्तो अस्पताल थिएन । अहिलेजस्तो प्रविधि पनि त थिएन । त्यसैले मैले बच्चा पेटमा मरेको कुरा थाहा पाउन तीन महिना लाग्यो । पेटमा हलचल बन्द भएपनि मनमा बच्चा अझै ज्युँदो होला भन्ने धमिलो आश, पुरै निराश बनेको थियो नर्कट भन्ने ठाउँमा परिक्षण गर्दा । तीन महिनासम्म मैले पेटमै मरेको मेरो सन्तान बोकेर हिँडिरहेकी रहेछु ।

नर्कटमा बच्चा पेटमै मरेको थाहा पाएँ तर मरेको बच्चा पेटबाट निकाल्ने पो कसरी ।  त्यसका लागि त्यही परिक्षण गरेको ठाउँमै मलाई औषधी दिइयो । त्यो जडिबुटी औषधीको नाम के हो भन्ने थाहा छैन ।

त्यो जडिबुटी औषधी खाएको एक हप्तापछि मैले पेटभित्रै मरेको मेरो सन्तान जन्माएँ । जसलाई मरिसकेपछि पनि मैले तिन महिनासम्म बोकेर हिँडेकी थिएँ ।

मैले मेरो मरेको बच्चा जन्माउँदा दशैंको माहोल थियो । आफन्तीहरु दशैं मानेर रमाइलो गरिरहेका थिए । हामी जनजातिको दशैं त झनै रक्सी र मासुबिना अपुरो हुन्छ । सबै मानिसहरु मासु र रक्सीको स्वादमा रमाइरहेको बेला म सुत्केरी भएकी थिएँ । मैले बच्चालाई जन्म दिँदा घरभन्दा तल बारीको पाटामा थिएँ । बारीको पाटामा मैले सन्तान प्राप्त गरें र सँगै गुमाएँ । थाहा थियो, मरेको सन्तान जन्माउँछु भन्ने । तर पनि थोरै आश बाँकी हुँदोरहेछ । कतै रोइ पो हाल्छ कि । कान बच्चा रोएको सुन्न निकै लालायित थियो तर अहँ, बच्चा पटक्कै रोएन ।

प्रसव पिडासँगै सन्तान गुमाउँदाको पिडा सहँदा मन निकै भक्कानियो । त्यसैमाथी कानमा आफन्तीको हाँसो निकै कर्कश सुनिएको थियो ।

आँगनको डीलमा मासु र रक्सीको झोलसँगै हाँसिरहेका मेरा आफन्त र श्रीमानले एकचोटी के भो भनेर समेत सोधेनन् ।

यस्तो बेलामा एकैपटक के छ, सब ठिक त छ भनेर सोधेको मात्रै भएपनि मनलाई केहि हदसम्मको ढाडस मिल्दो हो । यस्ता कुराको आश दिमागले नगरे पनि मनले भने गरिरहेको हुने रहेछ ।

## निरास जिन्दगी

मरेको बच्चा जन्माएँ । तर पनि माया लाग्यो । बोलेर हाँसेर र संगै बसेर मात्रै माया पलाउने हैन रहेछ । आफ्नो बच्चा गुमाएपछि मलाई निकै नरमाइलो लाग्यो ।

जीवन त्यहि माटोमा बिताउने प्रण गरेर बसेकी मलाई त्यो ठाउँमा बस्नै मन लागेन । जिन्दगी निकै निरस लाग्यो । मानिसहरु हाँसिरहेका देख्दा आफैलाई गिज्याएको अनुभव हुनथाल्यो । दुइजनाले कुरा गर्दा मेरै कुरा काटेका हुन् भ्कै लाग्न थाल्यो ।

यो कुरा मैले मेरो श्रीमानलाई सुनाएँ । उनलाई अब एक क्षणपनि आफूले बच्चा गुमाएको ठाउँमा बस्न नसक्ने बताएँ । त्यतिखेर मैले भ्कण्डै मेरो मानसिक सन्तुलन गुमाएको थिएन । तर सानैदेखि धेरै ठक्कर सम्हालेका कारण दिमागलाई सन्तुलनमा राख्न सकें ।

श्रीमानलाई धेरै पटक अब त्यहाँ बस्न नसक्ने बताएपनि उनले वास्ता गरेनन् । एकपटक सम्झाउने कोशिस पनि गरेनन् । उनको पनि आफ्नै बाध्यता थियो होला, एकपटक सल्लाह गरेको भएपनि हुने जस्तो लागिरह्यो । हदै भएपछि भने म आफ्ना र छोरीका कपडा पोको पारेर घरदेखि निस्किएँ । कहाँ जाने, के गर्ने, के लाउने, के खाने केहि योजना नबनाई म पोको बोकेर निस्किएकी थिएँ । सामान बोकेर निस्कँदा समेत श्रीमान केहि बोलेनन् ।

मनमा आएको आँटले मात्रै कहाँ पुग्थ्यो र घर छाड्नका लागि । कपडा पोको पारेर निस्कँदा एकपटक मात्रै श्रीमानले घर छाडेर नजाउ, दुःखसुख यस्तै हो, यहीं बस भनेको भएपनि मेरो पाइला अगाडी बढ्ने थिएन होला त्यो समयमा । तर अहँ, मेरा श्रीमानले न जाउ भने न बस नै ।

गाउँकै एकजना दाइलाई रेलको स्टेसनसम्म सामान बोक्न लगाएकी थिएँ । ति दाई सामान बोकेर अघिअघि लागे, म छोरी च्यापेर पछिपछि । मनमा धेरैपटक भ्कल्को आइरह्यो, श्रीमान पछिपछि आइरहेका, छोरी खोसेर घर फर्क भनेका र म फेरी श्रीमानको पछिपछि घर फर्केको ।

रेलको स्टेसन नजिक पुग्न लागेपछि त्यो भ्कल्को हो या बास्तविकता छुट्याउन मुस्किल पर्ने दृश्य देखें । नभन्दै मेरा श्रीमान पछिपछि आइरहेका थिए । मन खुशीले बुरुक्क उफ्रेला जस्तो भयो । श्रीमानले माया नगरेको, वास्ता नगरेको जस्ता कुरा सोचेकाले पाप नलागोस् भनेर बारम्बार भगवानसँग क्षमा पनि मागें । भ्कल्कोमा आएको दृश्य जस्तै उनले छोरी खोस्नेछन् र घर फर्क भन्नेछन् भन्ने सोच पुरा गर्न पाइला फर्काउने वाला थिएँ । तर मेरो सोच अनुसार केहि भएन । उनि त केहि बोल्दैनन् । अति भएपछि आफैले भनें, चिन्ता नलिनु छोरी तपाईंकै हो, यसलाई ठुली बनाएर तपाईंलाई नै दिउँला । श्रीमान केहि बोलेनन् न त मलाई पछ्याउन नै छाडे । उनि, म र छोरीसँगै काठमाडौं नै आइपुगे ।

काठमाडौंको भत्केको पुल नजिक भाइको डेरा थियो । अन्त जाने ठाउँ नभएपछि शरण लिने ठाउँ भाइ नै थियो । मेरा श्रीमानले भाइको कोठासम्म हामी आमा छोरीको पिछा गरे । भाइको कोठामा पुगेपछि भने उनि आफ्नो बाटो लागे । हामी आमाछोरीलाई भाइको कोठामाछाडेर उनि कता गए थाहा भएन ।

अचेल म धेरै महिलाको कुरा सुन्छु । कति महिला माथी घरेलु हिंसा भइरहेको दुखेसो बोकेर हामीकहाँ आउँछन् । उनिहरुको पिडा सुन्दा, उनिहरुका कथा ब्याथा सुन्दा मनमा नमिठो लाग्छ । आँखिर जिन्दगी त उनिहरुको पनि निरस नै रहेछ । पिडित नारीका कुरा सुन्दा, उनिहरु भन्दा म धेरै गुना भाग्यमानी भएजस्तो लाग्छ किन भने मलाई मेरा श्रीमानले हात त कहिल्यै उठाएनन् । मेरो मर्जीको मालिक म आफै थिएँ । ती तमाम पिडित नारीजस्तो पिँजडाको चरी थिइन म । आफ्नो फैसला आफै लिनसक्ने र लिन पाउने स्वतन्त्र नारी रहेछु भन्ने सम्झेर अहिले गर्व लाग्छ ।

सबै कुराबाट मैले एकै निस्कर्ष निकालेकी छु, जिन्दगी भनेको यस्तै रहेछ, सबैलाई आफ्नो पिर र ब्याथा नै ठुलो लाग्ने । तर यसको अर्को पाटो केलाउने हो भने, त्यहि दुःख पिडाले नै मानिसले प्रगती गर्ने रहेछ । यदि सुख सयलमा जिन्दगी बिताएको भए म आज मेरो कथा यहाँहरुलाई सुनाउन कहाँ पाउँथें र ।

जो पिडित दिदीबहिनी हुनुहुन्छ, उहाँहरुलाई पनि दुःख पाएँ भनेर नआत्तिन अनुरोध गर्दछु । त्यही दुःख नै तपाईंको सफलताको कडि बन्न सक्छ । निरास नहुनुस्, यस्ता दुःखलाई अवसरको रुपमा स्विकार गर्नुस् । श्रीमानको हिंसाबाट पिडित हुनुहुन्छ भने तपाईलाई यसको बिरुद्धमा लड्ने अवसर मिलेको छ । धन सम्पति नभएर पिडित हुनुहुन्छ भने, गरिवी कस्तो हुँदोरहेछ भन्ने भोग्ने अवसर पाउनुभएको छ । जुन भोगाइ, सुनको चम्चाले भुजा ज्युनार गर्नेहरुले कहिल्यै अनुभूति गर्न पाउने छैनन् ।

**इख बिष बनेको त्यो क्षण**

हामीलाइ काठमाडौंको भत्केको पुल नजिक रहेको भाइको कोठामा छाडेर श्रीमान काममा फर्किएका रहेछन् । उनको काम गर्ने क्षेत्र त्यो बेलामा पनि काठमाडौं बाहिर बुटवलमै थियो ।

घुम्दै फिर्दै रुम्झाटार । म फेरी कुनाकाप्चा घुमेर काठमाडौं आइपुगेकी थिएँ । तर अहिलेको समय फरक थियो अनि परिवेश पनि । पहिले एक्लो जिन्दगी थियो, अहिले मेरै एक ज्यान दुइ भएको थियो । अव म , म थिइन म हामी भएकी थिए ।

एक्लो हुँदा, खाएपनि आराम थियो, नखाए पनि आराम । एउटा ज्यान पाल्न धेरै मिहेनत पनि गर्नुपर्ने थिएन । तर छोरी समेत साथमा भएपछि मेहनत पनि त बढि नै गर्नुपर्‍यो नि ।

हामी आमाछोरी भाइको डेरामा केहि समय बस्यौं ।

भाइ पनि अब एक्लो थिएन । उसले बिहे गरेको रहेछ । भाइ मैले काठमाडौं छाडेपछि गलैंचा बुन्न थालेको थियो । त्यही गलैंचा बुन्ने ठाउँमा सँगै गलैंचाकै काम गर्ने एक तामाङकी छोरीसँग उसले पनि बिहे गरेको रहेछ । हामी दुइजना पनि त्यो कोठामा थपिएपछि भाइ बुहारीको झगडा पर्न थाल्यो । उनिहरुको झगडाको कारण जे सुकै होस्, मलाई भने, हामी त्यहाँ बसेकाले नै होला भन्ने भान भयो ।

सुरुमा कहिलेकाहीं हुने झगडा दिन बित्दै गएपछि बढ्दै जानथाल्यो । भाइ बुहारीको भेट हुने बित्तिकै झगडाको स्थिती जन्मन थाल्यो ।

दुःखी लाई जता गएपनि दुःख नै हुन्छ भन्थे हो रैछ जस्तो लाग्यो । भाइ बुहारीको दिनदिनैको झगडा हेरेर उनिहरुको डेरामा बस्न मन लागेन । साथमा पैसा भएको भएपनि छुट्टै डेरा लिएर बस्न हुन्थ्यो भन्ने ख्यालले दिमाग भरिन थाल्यो ।

तँ आँट, म पुर्‍याउँछु भन्छन् अरे भगवानले । यहाँ पनि मैले साथमा फुटेको कौडी नहुँदा पनि छुट्टै बस्ने आँट गरें । जसमा मलाई निकै सहयोग गरिन्, मेरी मितिनी उर्मिला न्यौपाने र मितज्यू प्रेम न्यौपानेले । अहिलेजस्तो ग्यांसमा खाना पकाएर खाने चलन त्यो बेलामा थिएन । त्यसैले स्टोपको व्यवस्था मितिनीले नै गरिदिएकी थिईन् । पकाउने, चलाउने भाँडाकुडा पनि उनैको लिएर म आफ्नै डेरामा सरें । उनले त्यो समयमा मेरो पेट पाल्न सहयोग गर्ने औजार गलैंचा बुन्ने तान पनि दिएकी थिइन् । जुन तान बिना मेरो जिन्दगी अपुरो थियो । कमाइ गर्ने स्रोत हुँदैनथ्यो ।

आवश्यक सरसामान मितिनीले दिइन् । तर खानका लागि चामलको जोहो गर्न परेको सकस सम्झँदा भक्कानो छुट्छ । भक्कानो छुटेको मैले भात खान पाइन भनेर हैन, बिचरी मेरी सानी छोरीलाई समेत कयौं रात भोकै सुताएकी छु । आफैले जन्माएको सन्तानलाई समेत पेटभरी खाना खुवाउन नसक्ने आमा बनेको सम्झेर अहिले पनि हिनताबोध हुन्छ । छोरीलाई खाना समेत खुवाउन नसक्दा म श्रीमानलाई मनमनै गाली गर्थें ।

निकै दुःखका साथ जिवन चलिरहेको थियो । बिहान बेलुकीको छाक कसरी काट्ने भन्ने मात्रै हैन डेराभाडा कसरी जुटाउने भन्ने सोचेर समय बित्थ्यो । तर एकदिन अचानक सोच्दै नसोचेको कुरा भयो । मेरा श्रीमान डेरामा आए ।

उनि डेरामा आए, एक म त खुशी भयो । तर उनले हाम्रो हरिविजोग देखे, अर्को मन दुःखी भयो । अझै रिस पनि सँगै उठ्यो, किनभने उनले हाम्रो बिजोग देखेर दया देखाए ।

दया भन्ने शब्द मलाई कहिल्यै मन परेन । कसैले बिचरा भन्यो भने अहिले पनि रिस उठ्छ । कोही दुःखी छ भने, उसलाई माया गर्ने हो, सहयोग गर्ने हो, दया त मनमा राख्ने हो नि, देखाउने हैन । कोही दुःखीको अगाडी बिचरा भनेर च्वा, च्वा गरेर बाटो काटेको मलाई पटक्कै मन पर्दैन ।

यहाँ पनि श्रीमानले हाम्रो बिजोगमा माया देखाएनन्, दया देखाए । उनले दया देखाउँदै बुटवल सँगै जान आग्रह गरे ।

यो आग्रहले मेरो इगोमा ठेस पुग्न गयो । मेरो पनि त इमान र इज्जत छ नि भन्ने भान भयो र जान्न भनें । बरु खाना नखाएर मरौंला, तर पनि झुकेर श्रीमानको पछि लाग्दिन भन्ने भावना भित्री मनदेखि आयो ।

श्रीमानले एकपल्ट मात्रै सँगै हिड भने, जान्न भन्ने बित्तिकै झुक्किएर पनि दोहोर्‍याएर जाउँ भनेनन् । मान्छे अनौठो जातको जनावर हो । उसलाई गर्न मन लागेको कुरामा पनि कर लगाउनुपर्छ । कोही मान्छेलाई केहि खान मन निक्कै लागेको छ तर उसलाई एकपटक खाउ न त भन्दा खाँदैन । उसलाई केही समयसम्म खाउ न त खाउ भनिराख्नुपर्छ, अनि मात्रै खान्छ ।

यहाँ मलाई पनि त्यस्तै भएको थियो । एकपटक दया देखाएर जाउँ भनेकाले पो जान्न भनेको त । केहि कर गरेर जाउँ भनेको भए, तुरुन्तै सामान पोको पार्ने थिएँ । तर यहाँ त त्यो मौका नै मिलेन ।

श्रीमाले एकैपल्ट जाउँ भने, जान्न भन्ने बित्तिकै छाडेर हिँडिहाले । यसले मेरो चोटैचोट खाएको मनमा अर्को चोट थपियो । छोरीलाई हेर्दा, जाउँ भन्ने बित्तिकै हिडिहाल्नुपर्ने रहेछ भन्ने लाग्यो ।

मनले मनलाई नराम्रोसँग हपार्‍यो । छोरीलाई दुइछाक राम्रो खुवाउनका लागि भएपछि इखलाई दवाउनैपर्थ्यो भन्ने मनमा लागिरहर्‍यो ।

## भोकको अगाडी हारें

जे गर्छ, यही पापी पेटले गर्छ । पापी पेटलाई केही समयको इखले धान्न सकेन । एक्लो जिवन हुन्थ्यो भने त धान्थ्यो पनि होला । तर सानी छोरीलाई खाना खुवाउन नसकेपछि मैले हारें ।

क्षणिक समयमा पलाएको इख, समय बित्दै गएपछि हरायो । इख पलाएको बेलामा त श्रीमानको ब्यवहार पनि पटक्कै मन परेको थिएन । उनले हाम्रो बिजोग देखेर मायाको सट्टा दया देखाउँदा मन दुखेको थियो । कहिलेकाहीँ त मनले यहाँसम्म सोच्थ्यो कि, श्रीमान त्यागौं । नामको मात्रै श्रीमानको के काम । जुन समयमा जीवन साथीको सबैभन्दा धेरै साथ र सहयोगको खाँचो परिरहेको हुन्छ, त्यहि समयमा साथमा नभएको मान्छेको के काम ।

मनले यस्ता कुरा हजारबार सोचेपनि श्रीमानलाई बोलाएर तिम्रो मेरो कट्टी । यो साथ यहाँसम्म मात्रै रहेछ, अब झुक्किएर पनि हाम्रो भेट नहोस्, भन्न सकिँन ।

बरु परिस्थितीले उल्टो मोड लियो । मेरो हालत यतिसम्म गिर्न थाल्यो कि, उनले जाउँ नभनेरै पनि पोको कस्न बाध्य भएँ ।

त्यो बेलामा मेरो साथ दिए, आफन्तले । मनले श्रीमान भएको ठाउँमा जा भनेर हजारौंबार भनेपनि, इख अगाडी आएको थियो । धेरै पटकसम्म जाउँ भन्दा नगएकाले आफैले आफैलाई धिकारिरहेकी थिएँ । दुइटा मनमा एउटाले श्रीमान छोड भनिरहेको थियो, अर्कोले श्रीमान भएठाउँ जान भनिरहेको थियो । दुइ मनको द्धन्दको बीचमा परेको इखलाई ठिक पार्न आफन्तहरु अगाडी आए ।

यो एउटा गज्जवको बाहना बन्यो, श्रीमान भएठाउँमा जानका लागि । मरेपनि जान्न भनेको थिएँ तर के गर्नु, फलानाले एकदमै कर गरेर गएको त हो नि, भन्ने सोचले इखको स्थानमा अड्डा जमायो ।

जेजस्तो दुःख परेपनि श्रीमान भएठाउँ जान्न भन्ने सोचेको थिएँ । तर बच्चालाई भोको पेट राख्न सकिन । भोकको अगाडी इखले आत्मसमर्पण गरेरै छाड्यो । अन्ततः म श्रीमान भएठाउँ जानै पर्‍यो ।

पहिले सँगै हिँड भन्दा जान्न भनेकी म, पछि भाइको साथ लागेर बुटवल गएँ । त्यो समयमा आफूदेखि आफैलाई खपिनसक्नुको लाज लागेको थियो । लाज पचाउनका लागि आफन्तको कर र छोरीको भोको पेट बाहना बनेको थयो ।

काठमाडौं छाडेर श्रीमानसँग बुटवल बस्न थालेपछि जिवन फेरी केहि हदसम्म सहज हुनथाल्यो । बिहान बेलुकी कसरी छाक छार्ने भन्ने सोच्न नपरेपछि आधा जिन्दगी त त्यतिकै सहज हुने रहेछ ।

यसरी म, श्रीमान र छोरीको साथमा बुटवल करिब दुई बर्षजति बसें । यो दुई बर्षे अवधिमा फेरी संसारको सबैभन्दा खुशी र सुखी मान्छे म आफू नै हो जस्तो अनुभूति भयो ।

दुई बर्षपछि श्रीमानको सरुवा फेरी काठमाडौंमा भयो । पृथ्वी गोलो छ, भन्ने कुरा बारम्बार काठमाडौंसँगको ठोक्काइले प्रमाणित गरिरहेको थियो । श्रीमानको सरुवा काठमाडौं भएपछि उनकै पछि लागेर लुरुलुरु म फेरी यहि राजधानीको खाल्टोमा प्रवेश गरें ।

श्रीमानको साथ लागेर काठमाडौं छिरेसँगै मेरो राजधानी भित्रने र बिहिरिने क्रमले आधा दर्जन कटाउनै लागेछ । पहिलोपल्ट प्लेन चढेर काठमाडौं आएँ, अर्कोपल्ट गाउँको दिदीसँग भागेर काठमाडौं आएँ, कर्मघरमा गरिखान नसकेर काठमाडौं आएँ र अहिले फेरी मेरो भाग्य यहि काठमाडौंमा ठोकिन आइपुग्यो ।

यतिधेरै काठमाडौं आउजाउले गर्दा मलाई भोली कहाँ हुन्छु भन्ने सोचाइ आउन थालेको थियो । जिन्दगी एउटा बिना गन्तव्य हिँडेको यात्रीको जस्ते बनिरहेको थियो । आज यहाँ छु, भोली उठेर कहाँ जाने केहि पत्तो छैन ।

न घर छ, न घरबार छ । न आफ्नो भन्ने केही छ, न आफ्ना भन्ने कोहि छन् । यसले छुट्टै डर पैदा गराएको थियो मनमा । भर गर्दा, भरोसा दिलाउने मानिसको कमी भइरहेको थियो । एक हिसावले भन्ने हो भने, म सुकुम्बासी थिएँ । घरबार सबै उठिबास लागेर सडकमा अलपत्र परेको सुकुम्बासी, जसलाई भोली उठेर कहाँ जाने, के खाने केहि पत्तो छैन ।

त्यसो त, यो संसारको सबैभन्दा भयानक डर नै भोको पेटको डर हो । जसको अगाडी हरेक कुराको आत्मसर्मपण गर्न मान्छे तयार हुन्छ । भोको पेटले, मान्छेको मासु खानेसम्म बनाएका घटनाहरु हाम्रा लागि नौला छैनन् । हामीले काम गरिरहेका छौं, यहि भोको पेटका लागि, त एक अर्कासँग लडाइँ झगडा गरिरहेका छौं, यहि भोको पेटका लागि । यदि भोको पेटको चिन्ता हुँदैनथ्यो होला भने, यो संसारमा चिन्ता भन्ने शब्दको उत्पति नै हुन्थेन होला । फेरी दुःख न भोगी सुखको के कामा, चिन्ता नभई जिन्दगीको के काम ?

**बच्चालाई औषधी गर्न नसक्दा...**

भोको पेट थपिने कम पनि जारी थियो । काठमाडौं आएपछि अर्को बच्चा मेरो पेटमा आयो ।

श्रीमानको बास प्रायः क्वाटरमै हुन्थ्यो । हामीलाई महाँकालको डेरामा बस्थ्यौं । पुर्णिमामा उदाउने जुन जस्तै थिए श्रीमान । कहिलेकाहीँ त श्रीमान छन् भन्ने पनि भुल्न पुग्थें म । जेठी छोरी र मेरो जिवनमा फेरी अर्की छोरी करुणा आइपुगेकी थिइन् । अर्की छोरी जन्मिएपछि त झनै श्रीमानको अनुहार ६ महिनामा एकपटक देख्न पाइने हुनथाल्यो ।

डेरामा सुत्केरी श्रीमती छ, कसरी बसेको होला, के खायो होला, बच्चालाई के खुवायो होला, अहँ केहि वास्ता गरेनन् श्रीमानले । उनि त डेरामा कहिलेकाहीँ झुल्कन्थे, मेरो पेटमा बच्चा बस्थ्यो, उनि फेरी गायव हुन्थे ।
यहि सिलसिलामा मैले फेरी अर्को सन्तान पनि जन्माएँ, किरण । करुणा जन्मेको छोटो समयमै मैले मेरो छोरा किरणलाई जन्म दिएँ । छोरा जन्मिँदा करुणा जम्मा डेढ बर्षकी मात्रै भएकी थिइन् ।
सुत्केरी भएका बेला पोषणयुक्त खाना खानुपर्छ, आराम गर्नुपर्छ लगायतका कुरा मेरा लागि सपना जस्तै बनेको थियो । भोको पेटमा दुधका लाम्टा चुसाउन कत्तिको सकस हुन्छ त्यो मैले राम्रोसँग अनुभव गरेकी छु ।
खाने मुख थपिएको थपियै छ । तर आम्दानी गर्ने मान्छेको आम्दानी बढेको छैन । तीन जना छोराछोरीलाई खुवाउन थोरै मेहेनतले पुग्दैनथ्यो । सुत्केरी अवस्थामै मैले बालबच्चाको भोको पेट भर्न फेरी काम गर्न थालें । मेरो हातमा भएको त्यहि गलैंचा बुन्ने काम नै बच्चाको पेट भर्ने अस्त्र बन्नपुग्यो ।
साना छोराछोरी काखमा च्यापेर गलैंचा बुन्न थालें । बच्चा छाडेर घरबाहिर जान नपर्ने भएकाले यो काम मेरालागि सहज पनि थियो । जेजस्तो भएपनि बच्चाको अगाडी आमा र आमाका अगाडी बच्चा हुँदा आधा दुःख कम भएजस्तो हुने कुरा मैले अनुभुती गरिसकेकी थिए ।
त्यो समयमा म रातभर गलैंचा बुन्थें । दिउँसो त छोराछोरीको हेरचाह गर्दा नै ठिक्क हुन्थ्यो । यसरी रातभर गलैंचा बुनेर मैले मेरो जिवनको निकै महत्वपूर्ण दिनहरुमा करिब १४ बर्ष बिताएँ ।
यहाँ सुनाउँदा त सजिलोसँग १४ बर्ष बितेको जस्तो लाग्छ । भोगाइ, सुनाइजस्तो सजिलो छैन । साना बच्चा हुर्काउन कति गाह्रो हुन्छ भन्नेकुरा हुर्काए उनले मात्रै महशुस गर्न सकिने कुरा हो । मेरो त झनै तीनजना सन्तान नै एक्कैचोटी हुर्कँदै थिए । जेठी छोरी कुरा फर्काउन सक्ने भएकी थिइन् । अहिलेजस्तो खुट्टा नलाग्दै स्कुल हाल्ने समय हुन्थ्यो भने, उनि पढ्नजाने उमेरकी थिइन् । बाँकी दुई छोराछोरीको त कुरै नगरौं ।
सबै बच्चा पालैपालो बिरामी परिरहन्थे । यस्ता धेरै घटनाहरु छन्, बच्चा र अस्पतालका । हद पार गरेका धेरै घटनामा एउटा घटना भने अहिले पनि मनसपटलमा घुमिरहन्छ । ती बाटोहरुमा हिड्दा धमिलो देखिने तर छर्लङ्ग हुने स्मरणले दिमाग अहिले पनि चक्कराउँछ ।
छोरो बिरामी पर्‍यो । अहिलेजस्तो पाइलैपिच्छे अस्पतलात थिएन त्यो समयमा । बच्चाको उपचारका लागि स्वयम्भुमा रहेको अस्पताल पुग्नु बाहेकको बिकल्प थिएन मसँग ।
जसरी पनि बच्चाको उपचारका लागि स्वयम्भु लैजानुछ तर मसँग बस चढ्नका लागि भाडा छैन । न ऋण सापटी दिने मानिस नै छन् । कुनै बिकल्प नभएपछि मैले महाँकालदेखि स्वयम्भुसम्म बच्चालाई बोकेर हिड्दै अस्पताल पुर्‍याएकी छु । पैसा भएको भए गाडीमा जान कति सजिलो हुन्थ्यो होला भन्ने कल्पना मनभरी संगाल्दै बच्चा खोकिलामा च्यापेर हिडेका दिन हिजो जस्तै लाग्छ ।

यस्ता घटना धेरैपटक दोहोरिए । बच्चा बिरामी छ, हातमा फुटेको कौडी छैन । बच्चाको पेट कसरी भर्ने भन्ने टन्टोमा उपचार खर्च जुटाउनु अर्को चुनौति थियो मेरो सामु ।

सहन नसक्ने भएपछि म उग्ररुपमा उपस्थित भएको क्षण सम्झेर अहिले पनि भाउन्न हुन्छ । श्रीमानको ड्युटी सिंहदरबारमा थियो । रिसले चुर भएपछि म सिंहदरबारको गेटमा गएँ । त्यसपछि एउटा पर्चा फालेर चिच्याएँ, आइज, तेरो बच्चा जिम्मा लिग् ।

मैले त्यसो भन्दा मुटु चिरा परेको थियो । बच्चा त मेरो पनि हो । यसरी तेरो बच्चा भन्दा छात्ति पोलेको थियो । आफैले जन्माएका बच्चालाई राम्रो खुवाउन नसक्दा र उनिहरुको उचित उपचार गर्न नसक्दा छटपटाएकी थिएँ म । एउटा सडकमा सुत्केरी हुने कुकुर्नीले समेत आफ्ना बच्चाले आफै बाँच्ने नहुँदासम्म एक्लै छाड्दिन भने, म त मान्छे हुँ । कुकुर्नीले बच्चा हुर्काउँदा श्रीमानको आश गर्दिन, तर म कुकुर भन्दा तल कसरी पुगें ? किन मेरो बच्चा म एक्लै हुर्काउन सक्छु भन्ने आँट गर्न सकिन ? यी प्रश्न खिल बनेर बिझेका थिए त्यतिवेला । सिंहदरबार अगाडी गएर उफ्रिएको दिन बेलुकी श्रीमान औषधी बोकेर डेरामा आए । उनि त्यतिखेर हवल्दार पदमा पुगेका थिए । जेठी छोरी कल्पनालाई पशुपति नजिक अवस्थित शारदा स्कुलमा भर्ना गरेका थियौं ।

## श्रीमान श्रीमतीको झगडा परालको आगो

कहिलेकाहिँ डेरामा आउने श्रीमान, तीनजना छोराछोरी र म । जेठी छोरीलाई स्कुल भर्ना गरेपछि करुणा र किरणलाई हेर्ने जिम्मासँगै गलैंचा बुन्ने काम, उनिहरुलाई खुवाउन, पियाउने काममा निकै ब्यस्त थिएँ म । डेरामा यतिधेरै भाँडभैलो थियो कि, कहिलेकाहीँ कतै निस्केर हिँडिहालौं जस्तो हुन्थ्यो । तर न त जाने ठाउँ थियो, न आँट नै ।

यहीँ गन्जागोलको स्थितीमा अर्को तनाब पनि थपियो । घरमा जेठाजुजेठानीले सासुससुरासँग झगडा गरेछन् । दुइजनाले मिलेर सासु ससुरामाथी हातपात नै गर्न थालेपछि सहन नसकेर उनिहरु काठमाडौं आए, हामी भएको ठाउँमा ।

बिचरा, अन्त जाने ठाउँ पनि त थिएन, मेरो जस्तै । त्यसैमाथी हामी त उनिहरुका छोराबुहारी थियौं । नेपाली संस्कार र परम्पराअनुसार छोराबुहारीको कर्तब्य निभाउन जरुरी थियो । त्यसैले त्यहि गन्जागोलमा सासुससुरालाई पनि स्वागत गरियो ।

सासु ससुरा डेरामा आएपछि भने श्रीमान पनि क्याविनमा बस्न छाडेर डेरामा आउन थाले । गाउँमा हुँदा आफैले बनाएको घरबाट निकालेका थिए सासुससुराले मलाई । सायद, श्रीमानलाई यहाँ मैले राम्रो ब्यवहार गर्दिन भन्ने लागेर होला, उनि सँगै बस्न आएका ।

जेजस्तो भएपनि, उनिहरु मेरा श्रीमानका जन्मदाता थिए । किन पो नराम्रो ब्यवहार गर्थें होला र । सकेको राम्रो ब्यवहार गरें । सासु त झनै काठमाडौं आउने बित्तिकैदेखि बिरामी पर्न थाल्नुभयो । मैले उहाँको मन लगाएर स्याहार सुसार गरें ।

सासुलाई आमाको दर्जामै माया गरें । आफूलाई जन्म दिएकी आमालाई गर्न नपाएको माया मैले सासुआमामा खन्याएँ । यसले मनमा छुट्टैखालको आनन्द र शान्तिको महशुस भयो ।

सासु ससुराको स्याहार सुसारले श्रीमानको साथ र माया पाउन थालें । पहिले मनमा आएका नराम्रा बिचारहरु सबै पानीमा मिसियो । जीवनमा जेसुकै भएपनि श्रीमान त आफ्नै हुन् भन्ने भावना मनमा आउन थाल्यो ।

त्यसो त, श्रीमानले माया पहिले पनि नगर्ने हैनन् । तर जुन समयमा साथ र सहयोगको निकै खाँचो परेको थियो त्यो बेलामा साथ नदिँदा मात्रै चित्त दुखाई थियो ।  मेरा श्रीमानले अरुको जस्तो जाँडरक्सी खाएर होहल्ला गर्ने, हात हाल्ने काम भने कहिल्यै गरेनन् ।

मेरो रोजाइ र स्वतन्त्रतालाई सधैं ख्याल गरे । उनले म घर छाडेर निस्कँदा नजाउ भनेर रोकेनन् । उल्टै पुर्‍याउन आए । हरेक निर्णय लिनका लागि रोकतोक गरेनन् । मैले गर्छु भनेका काममा सहयोग नगरेपनि नगर पनि भनेनन् । आज यहाँसम्म आइपुग्न सक्नुमा मेरो श्रीमानले दिएको स्वतन्त्रतले पनि ठुलो भुमिका खेलेको छ । यदि म आफू आफैमा सक्षम थिएँ भने, मैले सबैले कल्पना गरेजस्तै श्रीमान पाएकी हुं । किनभने, घरमा श्रीमानले स्वतन्त्रता नदिँदा धेरै महिला दिदीबहिनी अफ्ट्यारोमा परेका घटनादेखिरहेकी छुँ ।

श्रीमानसँगको सम्बन्ध सुमधुर भइरहेको थियो ।  जेठी छोरी स्कुल जान्थिन्, करुणा र किरणलाई घरमा हेर्न सासुससुरा थिए । मैले घरको काम र गलैंचा बुनाइमा राम्रै समय बिताउन पाएको थिएँ । त्यसैमाथी श्रीमानको साथ पनि मिलेको थियो । सबैकुरा सहि भयो भन्ने मनमा लाग्न नपाउँदै फेरी अर्को घटना घट्यो ।

श्रीमान हवल्दारबाट कोर्ट मास्टर बनेका थिए । त्यो समयमा पैसा पनि राम्रै मिलेको थियो । आशा लागेको थियो, श्रीमानले गलैंचा बुन्ने काम बन्द गर, पैसा राम्रै मिलेको छ यसैले घर चलाउ भन्नेछन् ।  यस्तो आशा लागेको साना बच्चा भएर पनि थियो ।

तर मेरो आशाको बिपरित श्रीमानले उक्त पैसा अरुलाई नै राख्न दिए । घर कसरी चलाउने भनेर समस्यामा परिरहेको छु, तर श्रीमान भने भएको पैसा पनि अरुलाई नै राख्न दिन्छन् ।

यसरी घरखर्च चलाउने कुरा मात्रै हैन, श्रीमती भएको नाताले पनि श्रीमानले त्यो पैसा मलाई दिनुपर्ने तर्क थियो । पैसा नदिएपनि त्यसको कतै लगानी या व्यवस्थापनमा एकपटक घरसल्लाह गरे हुन्थ्यो भन्ने थियो । यसले मेरो मनमा अर्को नराम्रो छाप छाड्यो ।

श्रीमानले जतिनै माया गरेपनि बिश्वास भने नगर्ने रहेछन् भन्ने कुरा मैले यहि घटनाबाट महशुस गरें । त्यो समयमा मेरो चित्त मात्रै दुखेन झगडा नै पर्‍यो । यो भन्दा अगाडी हामीले यत्तिको ठुलो झगडा कहिल्यै गरेका थिएनौं ।

सम्बन्ध बलियो बनाउन माया मात्रै भएर पुग्दैन । सँगै विश्वासिलो बाताबरण बनाउन पनि जरुरी हुन्छ । श्रीमानले म माथी बिश्वास नगर्ने रहेछन् भन्ने सोचाइले मलाई नराम्रो अनुभूति दिलायो ।

सानो कुराले नै यो संसारमा मेरो श्रीमान जत्तिको कोहि छैन भन्ने ख्याल आएको मनमा फरी उनि मेरो जिन्दगीको सबैभन्दा ठुलो खलपात्र हुन् भन्ने ख्याल आउन पनि समय नलाग्ने रहेछ । श्रीमानले म माथी विश्वास नगर्दा मलाई उनी मेरो जिन्दगीको खलपात्र भएको महशुस भयो ।

एकैछिन अगाडीको हिरो, एकैछिनमा जिरो भयो । फेरि त्यो जिरो हिरो हुन पनि समय लाग्दैन । त्यहि भएर नै श्रीमान श्रीमतीको झगडा परालको आगो भन्ने उखान बनेको रहेछ । सल्किन नपाइ निभिहाल्ने यो सम्बन्ध, श्रीमान बाहेक अरु कोसँग पो हुन्छ र !

## पैशाको पावर

हामी श्रीमान र श्रीमतीबीच पैसाले गराएको अविश्वास र यसैले पैदा गराएको घर झगडापछि मैले महशुस गरें, पैसाको पावरले सम्बन्ध सुमधुर बनाउने मात्रै हैन, भरोसा उडाउने काम पनि सजिलै गर्ने रहेछ । पैसाको अभावमा मानिस नराम्रोसँग तड्पिएको देखेकी मैले, पैसाकै कारण दुईजना मानिसबीचको बिश्वास र भरोसा कसरी टुट्छ भन्ने पनि थाहा पाएं ।

यस भन्दा अघिका कुराहरु पनि मेरो दिमागमा ताजा भयो । बाल्यकालमा पैसाले गर्दा भोग्नुपरेका समस्याहरु र अहिले पैसाकै कारण सिर्जना भएका अविश्वासका कारण पैसा जति महत्वपूर्ण लाग्थ्यो त्यो भन्दा सयौं गुना बलशाली पाएं ।

दिमागमा बाल्यकालका घटना एकाएक घुम्न थाल्यो, सिनेमाका रिल जस्तै गरेर । आफू कसरी सानो उमेरमा पैसाका लागि हाटबजारमा हाँडी बेच्दै हिंडेकी थिएँ, पैसाका लागि कति मालिकको गुलामी गरेकी थिएँ, र पैसा भएपछि कसरी स्वन्तन्त्र पंक्षीजस्तै महशुस गरेकी थिएँ । आदि ।

त्यहि बिचमा जिन्दगीमा पैसा कतिधेरै खलपात्र भएछ भन्ने पनि याद आयो । पैसा जोगाउने चक्करमा चकलेट मात्रैं खाँदा पेटमा परेको एकपाथी जुका, मालिकको शोषण, श्रीमानले कमाएको पैसा लुकाएको आरोपमा गोठको बास आदि ।

यी सबै कुराहरु मनसपटलमा एक पछि अर्को गर्दै घुम्न थाल्यो । जीवनका सबै भोगाइले एकै कुरामा जोड दिए, पावर भनेको पैसा हो र पैसा भनेकै पावर हो ।

त्यसपछि भने मैले मनैदेखि पैसा अर्थात पावर कमाउने निश्चय गरें ।

मलाई राम्रो काम गरेर धेरै पैसा कमाउनु थियो । गलैंचा बुनेर कमाएको पैसाले बच्चाको लागि खाना समेत जोहो गर्न पुगेको थिएन । त्यसैले किरण जन्मेको केहि महिनामै मैले गलैंचा बुन्ने काम छाडें । नयाँ काम को खोजीमा निस्किए ।

म जस्तो धेरै पढ्नलेख्न नसकेको मान्छेले गतिलो काम खोज्न सकिन । गलैंचा बुनेर कमाउने भन्दा धेरै कमाइ हुने ठाउँ भने फेला पारें । त्यो थियो वालपेन्टिङ । ठुलाठुला घरका भित्ता, सडकका भित्ताहरुमा रंग र ब्रससँग पौठेजोरी खेलेर पहिलेको तुलनामा केहि बढी रकम जोड्न सफल भएँ ।

वाल पेन्टिङको काम पनि मैले निकै मिहेनतले पाएको काम हो । सुरुमा काम दिने मालिकले वालपेन्टिङको काम आउँछ भनेर सोधेका थिए । हातमा गलैंचा बुन्ने सिप बाहेक अरु केहि नभएकी मैले नआएपनि वालपेन्टिङको काम आउँछ भनिदिएँ । त्यसो भनेको केहि समयमै मैले अरुको काम हेरेर सिकिहालें । बाध्यता नपरेको भए यत्ति पर्खालमा रंग लगाउने काम सिक्न कति समय लाग्थ्यो होला तर अफ्ट्यारो परिस्थितीले मलाई यो काममा छिट्टै पोख्त बनायो ।

वाल पेन्टिङ गरेर त्यो समयमा मैले दिनको सय रुपैयाँ कमाउँथें । साहुले खाजाका लागि छुट्टै १० रुपैयाँ दिन्थे । त्यसमा जम्मा चार रुपैयाँको मात्रै खाजा खान्थें र छ रुपैंयाले छोराछोरीलाई समेत खाजा पुऱ्याउँथें । मेरो काम गर्ने ठाउँ भने लाजिम्पाटतिर पर्‍यो । महाँकालदेखि हिड्दै लाजिम्पाटसम्म पुग्थें ।

त्यो समयमा मेरो दैनिकी निकै ब्यस्त बनेको थियो । म बिहान सबेरै उठेर घरधन्दा सकेर कामका लागि निस्कन्थें । घरधन्दा मात्रै भएको भए त हुन्थ्यो नि, साना बच्चा पनि थिए । उनिहरुलाई खुवाउनु पियाउनुले धेरै समय खर्च गराउँथ्यो । त्यसैमाथी गाउँबाट आएका सासु ससुरा पनि फेरी गाउँ नै गएका थिए । घरमा बच्चा हेरिदिने कोहि मानिस थिएन ।

काम पनि गर्नु छ, छोराछोरी पनि हेर्नु छ । यो दुबै कामलाई ब्यालेन्समा राख्नु मेरालागि निकै चुनौतीपूर्ण काम थियो । छोरा किरण त झनै सानो थियो । उसलाई सँगै काममा लैजान पनि सक्दैनथें । काम पनि त्यस्तै प्रकृतिको थियो । यसो बस्ने काम भएको भए त छोराछोरी सँगै बोकेर काममा जान हुन्थ्यो, वालमा पेन्टिङ लगाउने काममा कसरी छोराछोरी बोकेर जानु भन्ने पनि हुन्थ्यो ।

त्यसैले साना छोराछोरीलाई भऱ्याङमा बाँधेर काम गर्न जान्थें । अहिले अन्य बालबालिकाको अधिकारको बारेमा बहस गरिरहँदा, कानुनी लडाईं लडिरहँदा मलाई मेरा बालबालिकाको खोसिएको त्यो बाल अधिकारको खुब याद आउँछ ।

तर के गर्नु । त्यो समय नै त्यस्तै म संग समयलाई दोष लगाउनु बाहेकको अर्को विकल्प छैन । जसरी हुन्छ पैसाको पावर हात लगाउनु थियो मलाई । केहि पैसा कमाउन सके, छोराछोरीको भविष्य राम्रो होला भन्ने धुमिल आश पनि थियो मनमा । किनभने, मैले पैसाको पावर बुझेकी थिएँ ।

**बैदेशिक रोजगारी**

साना नानीहरुलाई दिनभर भऱ्याङमा बाँधेर काममा जानु मेरो बाध्यता थियो ।  जुन बाध्यतालाई म चाहेर पनि मेटाउन सक्दैनथें । किनभने, छोराछोरी भोकले चिच्याएको हेर्न भन्दा केहि समय आँखा अगाडी देख्न नपाउनु नै मेरा लागि स्विकार्य कुरा थियो ।

आमाको मन न हो, काम गरुन्जेल पनि बच्चाको हालत के भइरहेको होला भनेर झस्कन्थ्यो । के गरिरहेका होलान्, मलाई सम्झेर रोए होलान् कि, कतै केही हुने होला कि जस्ता कुरा सम्झेर मन अतालिन्थ्यो । त्यो दिन, जुन दिन मलाई अहिले सम्झँदा पनि डर लाग्छ । केही नराम्रो घटना घटेको भए के हुन्थ्यो होला भनेर मन झस्किरहन्छ । किनभने म बेलुकी कामबाट फर्कँदा मेरो छोरा किरण मैले छाडेको ठाउँमा थिएन । छोरालाई भऱ्याङमा बाँधेर म काममा गएकी थिएँ ।  तर खै कसरी पो बाँधेको ठाउँबाट फुस्किएछ । छोरा किरण त्यतिखेर हल्का तोते बोल्ने भएको थियो । छोरा त आमा खोज्नका लागि कोठाबाट निस्किएछ । र चावहिल चोकतिर पुगेछ ।

आमा खोज्न निस्किएको छोरो, बाटोमा जो मान्छे भेटिएपनि दुई रुपैयाँ दिन्छु, ममी भएको ठाउँमा पुऱ्याइदेउ भन्दो रहेछ । केही नराम्रो बिचार भएको मान्छेले लगिदिएको भए, छोरो खोज्दै कहाँ पुग्थें होला । धन्न, एकजना चिनेको मान्छेले देखेछ । त्यहि चिनेको मान्छेले नै मेरो छोरो म भएठाउँसम्म ल्याइदियो । यदि त्यो मानिसले नदेखेको भए, हालत अर्कै हुनेथियो ।

त्यो समयमा काठमाडौं अहिलेको जस्तो ब्यस्त बनेको थिएन । अहिलेजस्तो सवारी साधनको जाम, मान्छेको घुइँचो त्यो समयमा थिएन । एक टोलमा भएका मानिसमा आधा जतिलाई सजिलै चिन्न सकिन्थ्यो । त्यही भएर नै मैले मेरो छोरो सकुशल फेला पार्न सकें । अहिलेको जस्तो अवस्था भएको भए त आमाछोराको भेट एकादेशको कथा जस्तै हुन्थ्यो होला ।

मैले वालपेन्टरको रुपमा काम गर्न थालेपछि मेरा साना बच्चाहरुले गाइबस्तुलाई बनाइदिएको कुँडो र कट त कति खाए कति । के गर्नु उनिहरुलाई छाडेर जानु मेरो बाध्यता थियो । सँगै बसे पेट भर्न सकिँदैनथ्यो, काममा जाँदा राम्रोसँग उनिहरुको हेरचाह गर्न सकिएन ।

यो क्रम करिब चार बर्षसम्म जारी रहन गयो । चार बर्षपछि भने मेरा श्रीमानले जागिर छाडे । उनि जमदार पदमा पुगेपछि पेन्सिन पाक्यो र जागिर छाडेका थिए । उनले जागिर छाडेकै समयतिर होला, ससुराको पनि निधन भयो ।

ससुराको शेखपछिको काज सक्काएपछि श्रीमाले पसल थाप्ने रहर गरे । जागिरबाट पेन्सन पकाएर आएका उनिसँग केहि रकम पनि थियो । त्यहि पैसाको सदुपयोग पसल थापेर गर्ने उनको सोच थियो ।

पसलमा बस्ने, सामान बेच्ने र पैसा कमाउने सजिलो उपाय सोचेका थिए मेरा श्रीमानले । तर पसल राखेपछि मात्रै उनले शारिरीक परिश्रम कस्तो हुँदोरहेछ भन्ने पत्तो पाए ।  सरकारको जागिरमा जसरी  पैसा कमाउन कति गाह्रो छ भन्ने पनि महशुस गरे उनले । जागिर खाँदा अन्य दुःख भएपनि गह्रौं सामान उचाल्नुपर्ने अवस्था उनलाई आएको थिएन ।

उनले त्यो समयमा आफूलाई भरियाजस्तै बनेको महशुस गरेछन् ।  यसले फेरी घरमा द्वन्द्व निम्त्यायो । उनलाई हामीलाई पाल्न यतिधेरै पसिना बगाउनुपरेकोमा चित्त दुखाइ थियो ।

त्यहि चित्त दुखाइसँगै पैसा कमाउन निकै गाह्रो भएको गनगन घरमा सुरु हुन थाल्यो । उनले मलाई पैसा कमाउन अरु पेशामा गाह्रो हुन्छ के थाहा भन्दै बचन लाउन थाले ।

पैसा कमाउन नसक्ने त म पनि थिइन । साना बच्चालाई छाडेर कतै टाढा जान मन नभएर पो जसोतसो बसेकी हुँ, नत्र पैसा कमाउन मैले पनि सक्छु । श्रीमानलाई मेरो तर्फबाट यस्तै खालको तर्क थियो ।

मेरो तर्कलाई माथ दिन श्रीमानले नयाँ अफर दिए । उनले  बालबच्चाको चिन्ता नलिन सुझाउँदै मलाई पैसा कमाउन बिदेश जाने सल्लाह दिए । सुरुमा बच्चा छाडेर बिदेश नजाने अडान राखेपनि त्यो लामो समयसम्म टिकेन । समय, परिस्थितीलाई नकार्न नसकेर अन्ततः मैले बिदेश जाने निर्णयमा श्रीमानको साथ दिएँ । केहि समयका लागि बालबच्चाबाट टाढा हुँदा उनिहरुको भविष्य राम्रो हुन्छ भने किन नजाने भन्ने सोचले म बिदेश हानिएँ । त्यो समयमा म भारत हुँदै ओमन बैदेशिक रोजगारिका लागि पुगेंकी थिएँ ।

ओमनमा म बेबी टेकर अर्थात बच्चाको हेरचाह गर्नका लागि हानिएकी थिएँ । आफ्ना बच्चा छाडेर अरुका बच्चालाई ममता लुटाउन जानुपर्दा मन निकै भारी बनेको थियो ।

साहुका बच्चा देख्दा झनै आफ्ना बच्चाको याद धेरै आउने रहेछ । मन भारी बनाएर अर्काको बच्चालाई काखमा च्याप्नुपर्दा मन धरधरी रोयो । यस्तो हालत त दुस्मनको नि नआओस् भनेर मनले सयौं बार प्रार्थना गरिरह्यो ।

ओमनका साहुसाहुनी निकै राम्रा थिए । उनिहरुको बच्चा पनि म भनेपछि हुरुक्कै हुनेखालको थियो । आमाको मन न हो, आफ्ना बच्चालाई दिनुपर्ने माया उता दिन थालें । तर पलपलमा आफ्ना बच्चा सम्झेर भक्कानो छुट्थ्यो ।

**तीन बर्षपछि नेपालमा**

एक दिन हैन, दुइ दिन हैन बिस्तारै महिना र बर्ष बित्न थाले । मनमा आफ्ना सन्तानको माया भएपनि दिनभरको ब्यस्तताले उनिहरुको यादलाई कम गर्न मद्दत गर्‍यो ।

समयसँगै ओमनका साहुको बच्चासँग पनि मेरो छुट्टै खालको लगाब बस्यो । निकै माया लाग्थ्यो त्यो बच्चाको । त्यो बच्चाले पनि मलाई धेरै माया गर्थ्यो ।

साहुको बच्चा र म बीच बिस्तारै यतिधेरै माया बिस्तार भयो कि, मैले त्यही बच्चामा आफ्ना छोराछोरीको अनुहार देख्न थालें । साहुको बच्चा छाडेर अब कहिल्यै नेपाल फर्किन्न होला जस्तो समेत लाग्न थाल्यो । तर जे भएपनि नौ महिनासम्म पेटमा राखेर कतिधेरै प्रसव पिडा सहेर जन्माएका आफ्ना बच्चा सम्झेर मन अमिलो हुन्थ्यो । अर्काको बच्चालाई कर गरि गरि खाना खुबाउदा आफ्नो बच्चाको सम्झना आउथ्यो । त्यो समयमा हामी दिदीभाई आमाबाट टाढा हुँदा भएको अनुभूतिको पनि सम्झना आएको थियो । के मेरा छोराछोरीले पनि हामीले भोगेजस्तै नमिठो भोगाइ त भोग्नुपरेको छैन ? हामी दिदीभाई बाबु नहुँदा टुहुरा भएका थिएनौं, आमाको बिहे भएपछि मात्रै दुःख पाएका थियौं ।

जे जस्तो सोच आएपनि अर्काको देशमा बस्नु र अर्काको बच्चालाई आफ्नो सम्झेर माया गर्नु मेरो बाध्यता थियो । यसरी अर्काको भुमिमा मैले तीन बर्ष बताएँ ।

ओमन गएको तीन बर्षपछि भने श्रीमानले घर बोलाए । मैले पनि घुर्की देखाएर नफर्कने बताएँ । तर उनले निकै आग्रह गरेपछि फर्कनै पर्‍यो नत्र अझै केहि बर्ष बस्ने मेरो सोच थियो ।

यता नेपालमा म नहुँदा छोराछोरीको बिचल्ली भएछ ।

उनिहरुकै लागि भनेर म यति टाढा परदेशमा आएँ तर उनिहरु नै माया खोज्दै गलत बाटोमा भौतारिएको महशुस गरें मैले । आमाको माया पाएनन् भने बच्चा कसरी गलत बाटोमा हिड्छन् भन्ने कुरा आफैले भोगें । यता ओमन छोड्न पनि अप्ठ्यारो भयो ।

आमाको मन न हो, अर्काको सन्तानलाई पनि आफ्नै सन्तान जसरी माया दिएर हुर्काएको बच्चालाई कसरी छाडेर आउने । साहुको बच्चाको मायाले निकै मन तान्यो । छुट्ने बेला हामी दुइको रुवाबासी चल्यो । यताबाट मैले तान्ने, उताबाट उनिहरुको बाबुआमाले तान्ने भएको थियो ।

हाम्रो देश मिल्दैनथ्यो, भाषा मिल्दैनथ्यो तर भावना मिल्थ्यो ।  आमाबाबुको मायाममता नपाएको बच्चा र आफ्ना बच्चालाई ममता लुटाउन नपाएकी आमाको भावनात्मक मिलन थियो त्यो । सजिलै टुट्न गाह्रो भयो । अहिले त त्यो बच्चा ठुलो भयो होला, मेरो याद आउला नआउला तर मेरो मनसपटलमा भने सधैं त्यो बच्चा आइरहन्छ ।

तीन बर्षपछि नेपाल आउँदा धेरै कुराको परिवर्तन भइसकेको रहेछ । सबैभन्दा धेरै परिवर्तन भने मेरो श्रीमानको ब्यवहारमा पाएँ । निकै ब्यवहारिक भएछन् उनि । अरु कुराको जति नै बिजोग भएपनि श्रीमानको बानी ब्यवहारमा आएको परिवर्तनले भने मन खुशी भयो ।

उनले, घरबार धान्न, छोराछोरीको हेरचाह गर्न कति गाह्रो काम रहेछ भन्ने महशुस गरे । यहि महशुस हुनु नै मेरो जिन्दगीको सबैभन्दा ठुलो गोल थियो ।

पहिले घरब्यवहार धान्न भन्दा त पैसा कमाउन कति हो कति गाह्रो भनेर तर्क गर्ने श्रीमान अव भने घरब्यवहार चलाउन गाह्रो रहेछ भन्न थाले ।

उनले छोराछोरी हुर्काउन नसक्दा कसरी गलत बाटोमा पुग्छन् भन्ने कुरा अनुभव गरे । श्रीमानलाई म कहिले फर्केला अनि बच्चा र घर व्यवहारको जिम्मा लगाउँला झै भएको रहेछ । त्यसैले म नेपाल आउने बित्तिकै उनले अताल्लिएर भने, अब तिमी घरब्यवहार सम्हाल, म पैसा कमाउन बिदेश जान्छु ।

पौढ शिक्षाले ल्याएको परिवर्तन

म नेपाल फर्किए लगत्तै श्रीमान बिदेश गए । उनि बिदेश गएपछि भने मैले घरब्यवहारसँगै तरकारीको पसल राखें । बिहानै उठेर टाढाटाढा पुगेर ताजा तरकारी ल्याउँथे र बेच्थें ।

जिन्दगी यसैगरी बितिरहेको थियो । एकदिन डेरा नजिकैको मैले धर्मदाई बनाएको दाईको श्रीमती भाउजुले प्रौढ शिक्षा पढाउने मानिसको खोजी भइरहेको बताइन् । उनि अहिले पनि कुमारीगालतिर बस्छिन् । उनको पौढ शिक्षा पढाउने मानिसको खोजी भएको कुराप्रति मेरा पनि कान टाठा भए ।

मेरो रुची त सानैदेखि पढाइमा थियो । जर्बजस्ती केहि कक्षा पढेकी थिएँ । त्यसो भए किन प्रयास नगर्ने त भन्ने सोचाइ दिमागमा आयो । र धर्मभाउजुलाई म पढाउँछु भनें ।

चारुमतिको मित्र पार्कमा केहि पौढहरुलाई जम्मा पारेर पढाउन पनि थालें मैले । तरकारी ब्यापार र घरब्यवहारलाई दिइरहेको समयमध्ये दिनको करिब २ घण्टा अब पौढ शिक्षा पढाउनका लागि खर्च हुन थाल्यो ।

त्यसो त, अरुलाई पढाउने काम सजिलो थिएन । उनिहरुले नबुझेका, सोधेका जिज्ञासालाई समाधान गर्नुपर्थ्यो । पढ्न आएका बिद्यार्थीको नजरमा केहि नजान्ने पनि बन्नु भएन । फेरी केहि सिक्ने मानिसको नजरमा शिक्षक भनेको सबैकुरा जान्ने हुन्छ भन्ने भ्रम हुन्छ । म स्कुल पढ्दा पनि सर मिस भनेका ससारका जान्ने मानिस हुन् भन्ने जस्तो लाग्थ्यो ।

त्यहि भएर पौढ शिक्षा पढाउनका लागि आफूले पनि घरमा राम्रै गृहकार्य गर्न थालें । त्यो समयमा मलाई हिराकाजी सरले निकै सहयोग गर्नुभयो । नजानेका धेरै कुराहरु उहाँबाट सिक्न पाएँ । निशुल्क रुपमा पढाएको पौढ शिक्षाले नै मलाई आजको दिनसम्म ल्याउन सक्यो ।

मैले पढाएको राम्रो छ, सजिलै बुझिन्छ भनेर हौसला दिन्थे मेरा बिद्यार्थीहरुले । उनिहरुको अनुभवमा धेरैले पौढ शिक्षा पढाए तर सोमा मिसले जत्ति बुझाएर कसैले पढाएन । यो सुन्दा म फुरुक्क पर्थें । शरिरमा छुट्टै खालको उत्साह र उर्जा दौडन्थ्यो ।

बिस्तारै छोराछोरीलाई पशुपति स्कुलमा भर्ना हालें । छोराको संगत टोलका खराब केटाहरुसँग हुन थालेको थाहा पाइसकेकी थिएँ । त्यसैले उसलाई संगत छुटाउन बोर्डिङ स्कुलमा भर्ना गरें । त्यहाँ छोरा पढाउने समयमा पनि धेरै शिक्षकहरुको सहयोग पाएँ । कसैले आर्थिक रुपमा सहयोग गरे त कसैले सामाजिक रुपमा । ती शिक्षकशिक्षिकाको संगतले गर्दा मेरो सोच्ने तरिकामा फरकपना आउन थाल्यो ।

म अब गलैंचा बुन्ने, वाल पेन्टिङ गर्ने र तरकारी बेच्नेहरुको जमातबाट शिक्षकशिक्षिकको संगतमा पुगेकी थिएँ । आफूलाई बच्चा बेलामा संसारका सबैभन्दा जान्ने मान्छेजस्तो लागेका शिक्षक र शिक्षिकाको संगतले मेरो जिन्दगीमा ठुलो प्रभाव पार्न थाल्यो ।

मान्छेको चोला लिएर जन्मिसकेपछि केहि समाजसेवाका काम त गरेरै मरौं भन्ने भावनाले मनमा राज गर्न थाल्यो । मेरो जिन्दगीमा पौढ शिक्षा टर्निङ पोइन्ट बनेर खडा भएको थियो ।

पौढ शिक्षा पढाउने समयमा पाएको हौसलालाई त छुटाउनै हुँदैन ।

एकजना बुढी आमा पनि पौढ शिक्षा पढ्नका लागि आइन् । उनलाई गोरखापत्र पढ्न निकै मनपर्ने रहेछ । तर के गर्नु पढाइ नभएकाले उनले नातीनातीनालाई पढ्न लगाउनुपर्ने बाध्यता रहेछ ।

नातीनातीनालाई पनि सधैं गोरखापत्र पढेर सुनाउन अल्छि लाग्दो हो । त्यसैले उनिहरुले बुढेशकालमा पनि के गोरखापत्र पढ्नुपरेका होला, मर्ने बेलामा हरियो काँक्रो भनेर जिस्काएछन् । यो कुराले ती बुढी आमालाई मनमा घोचेछ । त्यसैले उनि गोरखापत्र पढ्न सक्नका लागि पौढशिक्षा पढ्न आएकी थिइन् । मनमा चाहना भएकाले होला, उनले मैले पढाएको एक अवधिमा नै खर्रर गोरखापत्र पढ्न सक्ने भइन् ।

त्यस्तै एकपटकको घटना भने जहिले सम्झे पनि मनमा आनन्दित तुल्याउँछ । मैले पौढ शिक्षा एक बर्ष पढाएर छाडेकी थिएँ । तर एकदिन गणेशमन्दिरमा एकजना आमा बसिरहेकी रहिछन् । उनले मलाई देख्ने बित्तिकै हातमा तानेर आफू नजिक बसालिन् । खर्रर बाइबल पढ्र सुनाईन् । उनि मैले पढाएकी बिद्यार्थी थिइन् ।  यि कुराले आर्थिक रुपमा त केही प्रभाव पारेन तर आत्मस्फुर्तिको मज्जा भने दिलायो ।

यस्ता कुराले मलाई समाजसेवामा झनै प्रेरित गराइरहयो ।

तेस्रो भाग

**<u>समाजसेवाको सुरुवाती दिनहरु</u>**

संगत गुनाको फल भन्छन् नि, मलाई पनि त्यस्तै भयो । शिक्षकहरुको संगतका कारण म बिभिन्न कार्यक्रममा सहभागी हुन थाले । समाजका लागि आफ्नो तर्फबाट श्रमदान गर्नथालें । यसले मनमा आनन्द त आयो नै, त्यस्ता कार्यक्रममा बिभिन्न मानिसहरुको कुरा सुनेर म भित्र सकारात्मक परिवर्तनहरु पनि आउन थाल्यो । समाजका लागि केहि गरौं भन्ने भावना मनमा पैदा हुन थाल्यो । हाम्रो नेपाली समाजमा समाजसेवा भन्ने बित्तिकै पैसाको कुरा आउने रहेछ । कसैलाई पैसा दिएर समाजसेवा गर्ने भन्ने मबाट सम्भव थिएन । किनभने मसँग पैसा थिएन ।

त्यो समयमा मेरो अवस्था छुट्टै थियो । मैले भोको पेट पाल्न जरुरी थियो ।  समाजका लागि केहि सेवा गर्न मन लागेको छ । त्यसैले मैले पैसाको सहयोग हैन, श्रमको सहयोग गर्न थालें ।

समाजसेवाका लागि सुरुवात त, निशुल्क रुपमा पौढ शिक्षा पढाएर नै  गरेकी हुँ । मैले एक पैसापनि नलिई पौढ शिक्षा पढाउँदा नै आफूले समाजमा केहि राम्रो काम गर्न सक्दा मिल्ने आनन्द महशुस गरिसकेकी थिएँ । त्यसैमाथी मेरा शिक्षक शिक्षिका साथीहरुले पैसाले मात्रै समाजसेवा हुने हैन, हामीले आफ्नो शरीरीक परिश्रमले श्रम दान गरेर पनि समाजसेवा गर्नसक्छौं भन्ने कुरा सिकाए ।

यता दिनभर समाजसेवा गर्ने तर रात भोकै पर्ने समस्या पनि समाधान हुने भयो । शिक्षक साथिहरु र अरु कार्यक्रममा भेट भएकाहरुको संगतले पैसा कमाउने मेलो फेला पारें । त्यो थियो जग्गा दलाली ।

काठमाडौंमा आक्रमक तरिकाले जग्गा किनबेचको माहोल थियो, त्यतिबेला । हातमा धन नभएपनि मैले कमाएको इमान्दारीता जग्गाको कारोबारमा पनि काम लाग्यो । कुनै लगानी नगरेरै मैले जग्गाको व्यवसायमा हात हालें । यसले केहि हदसम्म फाइदा पनि मिल्यो । मैले काठमाडौंको कुनामा दश हजारमा एउटा घर बनाउन पुग्ने जग्गा पनि जोड्न सकें ।

जग्गा दलालीको काम गर्दा मेरो हात खाली थियो । पैसा नहुँदा पनि पैसा कमाउने बाटो खन्न सकिँदो रहेछ भन्ने कुरा मलाई यहि जग्गाको कारोबारले सिकायो । यसैले सिकाएको अर्को काम हो, समाजसेवा पनि । जसरी ब्यवसाय गर्न पैसा चाहिँदैन, समाजसेवा गर्नपनि पैसा चाहिँदैन । पैसा भए त राम्रो हो, तर नहुँदा पनि समाजसेवा गर्न सकिन्छ ।

अहिले एकथरी मानिसले प्रश्न पनि उठाएका छन्, आफूलाई एक नम्बरको समाजसेवी भन्नेहरु माथी । जुन प्रश्न जायज छ । समाजसेवी भनेको पैसा दिने या, अरुको पैसा उठाएर काम गर्ने मात्रै हैन । शारीरीक तथा मानसिक श्रम दिएर पनि समाजसेवा गर्न सकिन्छ ।

त्यसो त, सबै मानिससँग समाजमा गएर श्रमदान गर्ने समय नहुन सक्छ । उनिहरु आफ्ना ब्यापार ब्यावसायलाई अघि बढाउने काममा ब्यस्त हुन सक्छन् । यस्तो अवस्थामा कोही समाजसेवीको सहयोगमा आफूले कमाएको केही हिस्सा दान गरेर समाजसेवा गर्न जरुरी छ । हाम्रा धर्ममा समेत राम्रो काम गरेर कमाएको रकमको करिब १० प्रतिशत दान दिनु भनेको छ ।

धर्मिक ग्रन्थमा दान दिनु भनेको मतलव त्यो पैसा मन्दिरमा चढाउनु भनेको हैन । समाजसेवा गर्नु भनेको हो । यही समाजसेवा कुनै संस्थालाई दान दिएर गरिन्छ भने त्यो पनि नराम्रो हैन ।

जोसँग पैसा छ, उ सँग समाजसेवाका लागि समय नहुन सक्छ । त्यसमा आफूले समन्वय गरिदिएर पनि समाजलाई सेवा गर्न सकिने भएर नै म पनि आजको दिनमा समाजसेवी हुन पाएकी हुँ ।

जग्गा कारोबारसँगै समाजसेवामा होमिएकी म, आजको दिनसम्म पनि यहि क्षेत्रमा दुखीको सेवा गरिरहेकी छु ।

मैले बिभिन्न समाजसेवा गर्ने संघसंस्थाका लागि निशुल्क काम गरे १० बर्षसम्म । यस्ता संघसंस्थाले निकै कुरा सिकाए । समाजसेवा गरेबापत पाएका प्रमाणपत्र, सम्मान र पुरस्कारले उत्साह पनि बढायो । घरका भित्ता यस्ता प्रमाणपत्रले भरिन थालेको धेरै बर्ष बितिसकेको छ ।

जिन्दगीमा धेरै हण्डर र ठक्कर खाएँ । एकताका त भगवानबाट भरोसा उठेको थियो । तर अहिले भने भगवानकै हातमा सबै कुरा रहेछ भन्ने कुरामा बिस्वस्त छु । कहिलेकाहीँ त भगवानले मलाई यतिधेरै दुःख दिएर परिक्षा लिएका रहेछन् कि जस्तो लाग्छ । जुन परिक्षामा सुरुवाती दिनहरुमा म फेल भएँ ।

भगवानले दिएको परिक्षा पास गर्न नसक्दा ४५ बर्षसम्म तड्पिएँ । ती समयमा धेरैचोटी बच्चालाई पासोमा भ्कुण्ड्याएर आफू पनि भ्कुण्डिउँ जस्तो लाग्यो । यस्तो मनोभाव आउनु नै म भगवानको परिक्षामा फेल हुनु हो । बिस्तारै मैले जे गर्नुपर्छ, बाँचेरै गर्ने हो भन्ने सोचें । भगवानले पनि माया गर्न थाले । भगवान नचिनेरै धेरै कुरा गुमाएकी मैले, अहिले भगवानलाई मान्न थालेकी छु । जे गर्छन् माथीकाले नै गर्छन् भन्ने कुरामा बिस्वस्त छु ।

<u>समाजसेवाका लागि पाठेघर र महिलाका कानुनी मुद्धा नै किन ?</u>

मानिसले जे कुराको अभाव भोग्यो, त्यहि कुरामा बढी ध्यान र मन जाने रहेछ । मैल मेरो मरेको बच्चालाई तीन महिनासम्म पेटमा बोकेर हिँडें । औषधी खाएर मरेको बच्चा जन्माउँदा परेको कष्ट सपनामा समेत तर्साउन आउँछ । सुत्केरी अवस्थामा पोषिलो खाना खान नपाउँदा र मरेको बच्चा जन्माउँदा मेरो पाठेघर तल खसेको थियो । त्यसैमाथी बर्षैपिच्छे सन्तान जन्माउँदा अन्य नेपाली महिलाले भोगजस्तै पाठेघरको समस्या भोग्नु नौलो कुरा हैन ।

यही समाजसेवामा हिड्न थालेपछि पाठेघर जँचाउन एउटा क्लिनिकमा गएँ । संयोग कस्तो पर्‍यो भने, म जुन क्लिनिकमा गएँ, त्यो क्लिनिक सञ्चालककी श्रीमती पाठेघरकै समस्याले ज्यान गुमाएकी रहिछन् । धनिमानी परिवारका, बिदेशमा उपचार गर्न जान सक्ने मानिस समेत पाठेघरको समस्याले मर्ने रहेछन् भने, हामी गरिवीले घेरिएको महिलाको हालत के होला ?

यही सोचमा काम गर्नलाई त्यस क्लिनिकका सञ्चालकले पनि जोड दिए । पाठेघरको क्यानसर, यसका अनेक समस्याहरु समयमै ध्यान दिए सजिलै निको हुने रहेछ । जतिपनि महिलाले ज्यान गुमाइरहेका छन्, ति सबै समयमा ज्ञानको अभावले रहेछ भन्ने कुरा थाहा पाएपछि यसमा मेरो चासो बढ्यो ।

बेलैमा थाहा नहुँदा आउने दुर्गती भएकाले त्यस क्लिनीकका संञ्चालकले 'नहुँदा' भन्ने संस्था चलाएका रहेछन् । यस कुरामा मेरो चासो बढेर आयो र मैले यहि 'नहुँदा' नामक संस्थामा करिब १० बर्ष स्वयंसेवकको भुमिकामा काम गरें ।

समाजका लागि आफ्नो तर्फबाट केहि भएपनि सेवा गर्न पाएकोमा म निकै खुशि थिएँ । त्यसैमाथी लामो समयसम्म निशुल्क सेवा गरेको भन्दै त्यस संस्थाबाट मैले सम्मानपत्र पनि पाएँ । यस सम्मानपत्रले मनमा समाजका लागि केहि गर्न थप प्रेरणा दियो ।

'नहुँदा' नामक संस्था राजधानि वरपर मात्रै सक्रिय थियो । मनमा गाउँमा बसेका महिला झनै यसबाट बढि पिडित भएका छन् भन्ने ख्याल आयो । समयमै उनिहरुलाई पाठेघरको क्यानसरबारे जनचेतना दिन सकिए कस्तो राम्रो हुनेथियो भन्ने भयो । त्यहि सोचलाई पूर्णता दिन आफै संस्था खोलेर अगाडी बढ्न मेरा साथीहरुले सुझाव दिए ।

पाठेघर तथा स्तन क्यानसर सम्बन्धि जनचेतना फैलाउन जरुरी थियो । किनभने महिला स्वभावैले लजालु हुन्छन् । समस्या आएपनि चिकित्सकलाई देखाउन र भएका समस्या खुलस्त बताउन सक्दैनन् उनिहरु । सुरुवाती चरणमा थाहा पाउँदा पाउँदै पनि चिकित्सकलाई सुनाउन लजाएर उनिहरु अल्पायुमै मृत्युको मुखमा पुग्छन् ।

यसैलाई मध्येनजर गरेर मैले संस्था खोलें । नेपाल नारी चेतनशिल संघ ।

'बिकासका लागि महिलालाई शिक्षा र स्वास्य आवश्यकता' नाराका साथ सुरु भएको नेपाल नारी चेतनशील संघमा मैले १० बर्षसम्म अध्यक्ष भएर काम गरें ।

## एमालेका बरिष्ठ नेताको घरसँग पंगा

समाजसेवाका क्रममा मैले कहिल्यै नसोचेका घटना र मुद्धाहरुको सामना गर्नुपऱ्यो । मैले कहिल्यै बिर्सन नसक्ने केशहरु सयौं छन् । ति सबै यहाँ लेख्न सम्भव छैन । त्यसैले केहि केशका बारेमा यहाँ चर्चा गर्छु । नाम लिँदा सबैले चिन्ने राजनितीक परिवारको केश हो यो । त्यसैले यहाँ ती ब्यक्तिको नाम लिन उपयुक्त ठान्दिन । उनि कम्युनिष्ठ पार्टी एमालेका बरिष्ठ नेता हुन् ।

घरका सबैजना पढेलेखेका मानिस । छोराबुहारी पनि उत्तिकै शिक्षित । तर त्यस्तो शिक्षित परिवार पनि यतिधेरै तल गिर्न सक्दो रहेछ भन्ने कुरा म समाजसेवामा नआएको भए थाह्रै नपाइने रहेछ ।

बुहारीले दुईओटा बच्चा जन्माएपछि छोरा कोरिया गएछन् । बिदेशी रहनसहनमा मस्त भएपछि छोरालाई बुहारी मन परेनछ । हुन त सबैको सल्लाहमा नै छोरा कोरिया गएका थिए । उनी कोरिया गएपछि श्रीमतीलाई पनि उतै लगे तर कोरियामा नै यी दुइको मनमुटाव भयो । झगडा चुलिए पछि उनिहरु नेपाल आए । झगडा मत्थर हुनुको साँटो झनै बढ्दै गएपछि अन्त्यमा छोराले दुबै बच्चा खोसेर बुहारीलाई घर निकाला गरिदिए । ति बुहारी न्यान खोज्न बिभिन्न महिलाबादी संघसंस्थामा पुगिन् । आफूलाई महिलाबादी भन्ने धेरैं संघसंस्थाले उनको मुद्धा नै हेरिदिएन ।कसैले हेर्न मानेपनि उनको मुद्धा जिल्ला प्रशासन कार्यलयले दर्ता नै गर्न मानेनन् ।

कुमारीगालमा रहेका टोल सुधार समितीले पनि केहि गर्न सकेनन् । यो केटीको चरित्र खराव छ, जोसँग पनि उठबस गर्छे, यसले टोल बिगार्छे भन्ने भ्रम परिवारका सदस्यले छरेकाले टोल सुधार समिती चुप बसेको थियो ।

यो केश २ बर्षसम्म यताउता पुगेछ । केशको हालत खराव भइसकेपछि म भएठाउँमा आइपुग्यो । ति महिला मानसिक समस्याबाट गुज्रन थालिसकेकी रहिछन् ।

हामीकहाँ आइपुगेपछि ति महिलासँग कुराकानी गऱ्यौं । हरेक ठाउँमा ठक्कर खाएकाले होला, उनि त हामीसँग झगडा पो गर्न थालिन् । सबै संस्था उस्तै हो, पैसा खाने मात्रै हुन् भनेर कराउन थालेपछि हामीले सुरुमा उनलाई काउन्सिल गर्न थाल्यौं ।

हाम्रो संस्था नारी चेतनशिल संघको नेतृत्वमा प्रहरी चौकीमा निवेदन दियौं । त्यहाँका डीएसपीले ति महिलाको समस्या नजिकबाट देखिरहेकी रहेछ । तर ती महिलालाई साथ दिने मानिस कोही नदेखेर उनी चुप बसेका रहेछन् । हामी साथमा जाने बित्तिकै ति डिएसपीले उनका श्रीमानलाई झिकाइदिए र जिल्ला प्रशासन कार्यलयलाई चिठ्ठी पनि लेखिदिए ।

चिठ्ठी लेख्ने  समयमा ती कथित बरिष्ठ नेताका पक्षबाट आएका मानिसले झडपको बाताबरण सिर्जना गरे । यस्तो धक्का दिए कि, शरीरमा नराम्रोसँग चोट लाग्न पुग्यो । त्यो बेलामा प्रहरीले छेकेर हामीलाई जोगाएका थिए ।

उनका श्रीमानले कोठा भाडा स्वरुप महिनाको तीन हजार दिने तर घरमा बस्न नदिने बताए । हामीले उल्टै ती पुरुषलाई महिनाको १० हजार तिरेर कोठा भाडा तिरेर राखिदिने तर महिलालाई घरमै बस्न दिनुपर्ने बताएपछि उनी बोल्न सकेनन् ।

हामीले ताला फुटाएर ति महिलालाई घरमा राख्यौं । उनको सामान एउटा कोठामा जम्मा पारेर त्यसलाई सेटल पनि गराइदियौं । ति महिला पनि घरमा बस्न राजी थिइनन् । राजी हुनुको एउटै कारण उनको बच्चा

थियो । घरमा बस्न पाए बच्चालाई आफ्नै आँखाले हेर्न पाउने लालसामा उनि घरमा बस्न तयार भएकी थिइन् ।

सबै सामान सेटल गराएर हामी आ-आफ्नो घरमा गयौं । ति महिलाको बच्चा एकै घरमा थिए तर उनिसँग थिएनन् । बच्चा उनका बाबुसँग थिए । सुतिरहेका बेलामा राती एउटा बच्चा नराम्रोसँग चिच्याएछ । त्यो चिच्याहटलाई ति महिलाले कतै बाबुले केहि गर्‍यो कि भन्ने ठानिछन् । अताल्लिएर हृदयघात भएछ र उनको हिप भन्दा तल प्यारालाइसिस भयो ।

उनका माइतिपक्षले अस्पताल भर्ना गरे । हामीले पनि लामो समयसम्म काउन्सिल गर्‍यौं । बिस्तारै उनलाई ठिक हुन थाल्यो ।

यता जिल्ला प्रशासन कार्यलय काठमाडौंले प्रहरीले दिएको चिठ्ठी दर्ता गर्न मानेन । हामी दुई दिनसम्म धर्ना बस्यौं । हामी ६० जनाजति महिला एकजुट भएर कार्यालय घेराउ गर्न पुगेका थियौं । कार्यलय घेरेर बसेपछि चिठ्ठी दर्ता गर्न बाध्य भयो ।

ति महिलाको प्यारालाइसिस भएपछि भने उनका श्रीमानले घर छाडेर हिँडे । उनि कहाँ छन्, के गर्दैछन् केही पत्तो छैन । अदालतले मुद्धाको फैसला महिलाकै पक्षमा गर्‍यो । अहिले उनि त्यहि घरमा आनन्दसँग छोराछोरीको साथमा बस्छिन् । ति महिला समाजसेवामा पनि सक्रिय छिन् । आफूजस्तै दुःख पाएका महिलाको केश हेर्छिन् उनी ।

<u>कुमारी आमाको केस</u>

एकजना नुवाकोटमा जन्मिएकी युवती बैदेशीक रोजगारिको सिलसिलामा दुवई गईछन् । दुवईमा त्यहाँ नै काम गर्न गएका नेपाली केटासँगको उठबसमा उनी गर्भवति भइछन् । केटोले युवती गर्भवति भएपछि छाडेर हिँडेछ ।

यो कुरा हामीले गोप्य स्रोतबाट थाहा पायौं । घरेलु कामका लागि बैदेशिक रोजगारीमा गएकी उनको पासपोर्ट समेत मालिकको कब्जामा रहेछ । बिदेशमा उनको बिचल्ली भयो । हामीले घरमा आमा सिकिस्त बिरामी छ, उ नभइ भएन भन्नेजस्ता अनेक फन्डा बनाएर  राजदुतावास धायौं र उनलाई नेपाल झिकायौं । नेपाल झिकाउनै निकै समस्या पर्‍यो ।

उनी अविवाहित थिइन् । घरमा पैसा कमाउन पढाएकी छोरी गर्भवती भएको कुरा थाहा पाए उनको बासस्थान गायब हुन्थ्यो । घरबाट मात्रै हैन, समाजबाटै बहिस्कृत हुने डरले उनले घरमा थाहा नदिन भनिन् ।
तामाङ थरकी ति युवतीलाई गर्भवती नहुन्जेल राख्ने ठाउँ भएन । त्यसैले उनलाई मैले मेरै घरमा लगें ।
त्यतिखेर मैले जसोतसो एउटा घर बनाएकी थिएँ । पहिले पनि लेखेकी छु, जग्गा दलालीको काम गरेर १०

हजारमा जग्गा किनेको कुरा । त्यहि जग्गामा ऋण, सरसापटी र श्रीमानले कमाएको पैसा लगानी गरेर दुइतले घर बनाएकी थिएँ । त्यहि घरमा ति पिडित युवतीलाई राखें ।

केही महिनामै ति युवतिले छोरो जन्माइन् । थापाथलीको प्रसुति गृहमा उनले छोरा जन्माएकी थिइन् । बच्चा जन्मने बित्तिकै हामीले बाल आश्रमलाई दियौं । ती युवतीले बच्चाको माया लाग्छ भनेर दुध समेत चुसाइनन् । बच्चाको टुंगो लगाइसकेपछि भने हामीले ति युवतिलाई उनका दाजुभाई बोलाएर जिम्मा लगायौं ।

महिला तथा बालबालिका सेवा केन्द्रमा ति महिला र हाम्रो हस्ताक्षर सहित आश्रममा राख्यौं । अहिले त्यो बच्चा ७ बर्षको भयो ।

बच्चा त राख्यौं तर यहाँ पनि लफडा भयो । एकजना नेपाली बच्चा एडप्ट गर्ने भन्दै आएछ । त्यो बच्चा एडप्ट गर्नका लागि ल्याउने मान्छे फेरी त्यहि कुमारीगाल केशबाट न्याय पाएकी महिला थिइन् । उनले खै के भनेर ति मान्छेलाई ल्याइन् थाहा छैन, तर हामीले आश्रममा राखेको बच्चालाई नेपालको कानुनले एडप्ट गर्न दिदैंन भन्यौं ।

उच्च घरानको चपेटाबाट न्याय पाएकी महिला ति महिलालाई हाम्रै संस्थामा सचिव बनाएका थियौं । हामीले कानुनले दिँदैन भनेपछि उनि बच्चाको आमा गुहार्न पुगिछन् । बच्चाको आमालाई केहि रकम दिएर काठमाडौं पनि ल्याएछन् । हस्ताक्षर गरेर आश्रमले जिम्मा लिएको बच्चा आमालाई त्यत्तिकै बुझाउने कुरा पनि भएन । उनलाई तिमी आफै पाल्ने हो भने आमा हौ, पाउँछौ तर अरुलाई दिने हो भने पाउदैनौं भन्यौं । तर उनि जसरी पनि बच्चा हामीबाट लिने र एडप्ट गर्न आउने मान्छेलाई दिने सुरमा देखिइन् ।

हामीले त्यो बच्चालाई जिल्ला प्रशासन कार्यालय लिएर गयौं । आमालाई पनि सँगै लगेका थियौं । जिल्ला प्रशासनमा जन्मदर्ता खोजेपछि ति युवती कता भागिन् कता । उनि कहाँ के गर्दैछिन् अहिलेसम्म पत्तो छैन । उनी भागेपछि एडप्ट गर्छु भन्नेहरु पनि कता लागे थाहा छैन ।

**खानदानी बिष्ट परिवारको केश**

एकदमै धनिमानी खानदानी बिष्ट परिवारको केश पनि हामीले लड्यौं र पीडित लाई न्याय दिलायौं । नारायणथान घर भएका खानदानी बिष्ट परिवारले एक सोझी केटीलाई बुहारी बनाएर ल्याएछ । ती बुहारीलाई उनका माइति पक्षले उनकै नाममा बकसपत्र गरेर केहि रोपनि जग्गा दिएका रहेछन् । मलाई त, बिहे गर्दा पनि निकै सम्पति दिए होलान् माइतिले जस्तो लाग्छ । किनभने त्यो बिष्ट परिवार निकै धनिमानी थियो । त्यस्तो धनि परिवारमा गाउँकी सोझी केटी बिहे हुनु नै आनौठो कुरा हो ।

त्यहि बकसपत्र गरेर दिएको जग्गा बेच्नका लागि घरपरिवारले दवाव दिएछ । ती पीडित महिलाले जस्तै दुःख पाएपनि जग्गा त बेच्दिन भनेपछि श्रीमान लगायत सासु ससुरा, देवर सबैले उनलाई शारिरिक तथा मानसिक यातना दिन थालेछन् । देवरले सबैभन्दा धेरै तनाव दिएछ ।

केही सिप नलागेपछि ति पीडित महिलालाई पागलखानामा पुऱ्याएछन् । पागल भनेर प्रमाणित गर्ने र सम्पति सहित सम्बन्ध बिच्छेदको मुद्धा दायर गर्ने योजनामा ती महिलालाई मेडिकेयर अस्पतालको पागलखानामा लगेका रहेछन् ।

यता ती महिलाका दुइ सन्तान रहेछन् । उनिहरुलाई समेत आमालाई जग्गा बेच्न लगाओ नत्र हामी मारिदिन्छौं भनेर ब्याल्कमेल गर्दा रहेछन् । ती बच्चाहरु हामी जे गर्न पनि तयार छौं आमालाई छाडिदेउ भनेर परिवारका सबै सदस्यसँग आग्रह गर्दा रहेछन् ।

ति महिला माइतबाट घर र घरबाट माइत आउनेजाने हुँदाहुँदै एकपटक त सबै मिलेर मार्न लागेछन् । निकै अग्लो पर्खाल नाघेर आधा रातमा भागेर हिडेकी उनको मुद्धा हामीले लड्यौं । उनको यो मुद्धा रेडियो नेपालमा कृषि कार्यक्रममा हरिशरणम् भन्ने आमा लक्ष्मी भुषालले हामीसम्म ल्याइदिएकी हुन् । ती बिष्ट परिवार लक्ष्मी भुषालको आफन्त पर्ने रहेछन् । उनले महिलाले फोकटमा दुःख पाएको देखेर हामीसम्म त्यो मुद्धा ल्याइदिइन् ।

ति पिडित महिलालाई पागल बनाउन लगेको ठाउँमा पनि चिकित्सकले भने हस्ताक्षर गर्न मानेनछ । त्यहि भएर उनलाई पागल प्रमाणित गर्न परिवारले सकेनछ । पिडित महिला न्याय खोज्न बिभिन्न ठाउँमा पुगेपनि कसैले सहयोग गरेनछन् । उनि मुख सलले ढाकेर नारायणथान वरपर घुमेर दिन बिताउने गर्दिरहिछन् । हामीले त्यो केशलाई सुरुमा बुढानिलकण्ड नगरपालिकामा लिएर गयौं । त्यहाँका सबै मानिसलाई त्यो परिवारले थर्काएर राखेको रहेछ । हामीले नगरपालिकामा चिठ्ठी छाडेपछि ति महिलाका श्रीमान सहित अरु केहि आफन्त आए । उनिहरुले मलाई समेत खाते, औकात नभएकी लगायत नानाथरी भनेर गाली गरे । प्रहरीले हामीलाई सुरक्षा दियो र उनीहरुको मुख पनि बन्द गरायो ।

यो केश पछि अदालतमा गयो र ति महिलाले न्याय पाइन् । अहिले उनि अवौं सम्पतिको मालिक बनेकी छन् ।

## पढेलेखेका मान्छे झनै खराव

मैले जतिपनि केशहरु हेरें, त्यहाँ नपढेका मानिस भन्दा पढेलेखेका मानिस खराव पाएँ । त्यस्तै एउटा केश थियो नवलपरासीको । आमाबाबुले छोरीलाई पढाएर अनमी बनाएछन् । स्वस्थ्य क्षेत्रमा पढाएपछि ज्वाइँ पनि त्यही अनुसारको खोज्ने चलनअनुसार अहेव पढेको केटोसँग बिहे गरिदिएछन् ।

बिहे भएको दिनदेखि नै यी दुइको कुरा मिलेनछ । जसोतसो उठबस गर्ने क्रममा केटी गर्भवती भइछन् र छोरी जन्माइछन् । त्यो अहेव जस्तो मान्छेले छोरी जन्माइ, छोरा जन्मेन भनेर श्रीमतीलाई माइति लगेर छाडिदिएछ । माइतिले घर लगिदिने, घरबाट माइति लगिदिने भएछ ति केटीलाई । आउजाउको क्रमले हद पार्न गरिसकेपछि त्यो अर्याल थरको अहेव केटाले केटीलाई अंश सहितको सम्बन्ध बिच्छेद मुद्धा हालेछ ।

एक त छोरी जन्माएको भनेर माइति छाडेको उल्टै माइतीको सम्पति सहित अंश मुद्धा पनि हालेको । माइती पक्ष पीडित भएर पुलिस गुहारेछन् । तर पुलिसले पनि मुद्धा दर्ता गर्न मानेनछ ।

यता केटी यतिसम्म पिडित बनिन् कि, उनलाई माइतिका दाजुभाइले समेत हेलाँ गर्न थाले । उनले सुनाएको दर्दनाक घटनाले अहिले पनि शरीरमा काँढा उमार्छ । केहि सिप नलागेर उनि बच्चा सहित नारायणी नदिमा हाम फाल्न समेत गईछन् । हाम फाल्नै लाग्दा बच्चा मुसुक्क हाँस्यो रे । त्यहि बच्चाको हाँसोले गर्दा उनले प्राण त्याग्न सकिनछन् । हामीकहाँ आईपुग्दा उनको पनि मानसिक अवस्था अस्तव्यस्त बनिसकेको थियो ।

हामी हाम्रो टोलीसहित नवलपरासीको चोरमारा भन्ने ठाउँमा गयौं । ती पीडित केटीकी आमाले केटाको क्लिनीक फोरेर बच्चाका लागि केहि हर्लिक्स निकालिन् । त्यही निउँमा त्यो केटोले पसल तोडफोड गरेको आरोप सहित पुलिस चौकीमा मुद्धा हालेछ । हामी सबैलाई पुलिसले चौकी लग्यो ।

पछि प्रहरीले सोधीखोजी गर्दै जाँदा , त्यो अहेवले अर्कै केटीसँग घरजाम गरिसकेको रहेछ । ती केटीले जन्माएको छोरो समेत ठुलो भइसकेछ । अहिले पनि त्यो केटोको मुद्धा जारी छ । पीडित केटीको माग अनुसार खर्चपानी बेहोरिरहेको छ । ती केटीको माग सम्बन्ध बिच्छेद भन्दापनि जेल सजाय रहेको छ । मुद्धाको फैसला हुन भने बाँकी छ ।

यी अहेव मात्रै हैन, एक पढेलेखेको पुलिसको हवलदारले त झनै आफ्नै १३ बर्षकी छोरीलाई बलात्कार गरेछ । वाग्ले थरको पुलिस हवल्दारलाई उनकै श्रीमतीले मुद्धा हालिन् । तर सोर्सफोर्स लगाएर ३० हजारको धरौटीमा छुटेछ ।

त्यस्ता आफ्नै छोरीलाई समेत बलात्कार गर्ने पुरुषलाई त्यत्तिकै छाडेको बिरोधमा हामीले बिभिन्न धर्नाका कार्यक्रम गर्‍यौं । पत्रकार सम्मेलन गरेर यो कुरा सञ्चार माध्यममा ल्यायौं र मुद्धालाई सर्वोच्च अदालतमा लग्यौं । सर्वोच्चले भने त्यस बलात्कारीलाई १७ बर्षको जेलसजाय सुनाइदियो । अहिले त्यो अपराधी जेलमा छ । ती आमाछोरी भने कता छन् केहि थाहा छैन ।

## राजेन्द्र सर

माथी सुनाएका सबै मुद्धाको निःशुल्क कानुनी लडाइँ लड्ने मानिस राजेन्द्र शर्मा हुन् । उनै राजेन्द्र सरकै कारण मैले हरेक महिलाका मुद्धा जितेर पीडितलाई न्याय दिलाउन सकें ।

यहाँ महिलाको मुद्धा मात्रै हैन, हामीले कयौं पिडित पुरुषको पनि मुद्धा लडेका छौं । हरेक ठाउँमा महिला मात्रै पीडित हुन्छन् भन्ने छैन । पुरुष पनि पीडित हुनसक्छन् ।

हाम्रो देश लामो समयसम्म पितृसत्ताले चलायो । अहिले पनि सत्ता उनिहरुकै हातमा छ । पहिले चुलोचौका गरेर, छोराछोरी हुर्काएर, लगाएका कट्टु धोइदिएर बसेका महिलाले तिम्रो कट्टु आफै धोउ भनेपनि पुरुषलाई आफू पीडित भएको महशुस हुनसक्छ । यस्तो महशुस हुने पुरुषको संख्या बढि भएकाले हामीले महिलाको तुलनामा कमै पुरुषका मुद्धा हेरेका छौं ।

जे होस्, यहाँ कुरा राजेन्द्र सरको भइरहेको छ । राजेन्द्र सर महिलाको बिषयका कानुनी पढाइ गरेका न्यायधिस हुन् । त्यहि भएर उनि महिलाका कुरा धेरै सुन्छन् र पीडितलाई न्याय दिलाउन ज्यान दिन्छन् ।

राजेन्द्र सरसँगको मेरो सहकार्य करिब ८ बर्ष पुरानो हो । मैले मुद्धा हेरिरहेकी एक पिडितबाट हाम्रो परिचय भएको थियो । पहिलो केश हामी दुइजना मिलेर हेरेका थियौं । त्यो मुद्धा एमालेका बरिष्ठ नेताकी बुहारीको थियो । जसलाई मैले नारी चेतनशिल संघको सचिव समेत बनाएकी थिएँ ।

ठुलै केशबाट भएको हाम्रो सहकार्य आजको दिनसम्म जारी छ र यो जारी रहिरहनेछ ।

हाम्रो भेट हुँदा राजेन्द्र सर क्याम्पस पढ्दै थिए । उनी हाम्रो संस्थाबाट दिएको मुद्धामा कुनै सम्झौता नगरिकनै काम गरिदिन्थे ।

अहीले राजेन्द्र सर र म सँगै काममा हिँडेका बेला मानिसहरुले कुरा काट्छन् । त्यो सोमा किन सधैं राजेन्द्र सरलाई मात्रै बोकेर हिँड्छे अरु वकिल नभएजस्तो भनेर भन्छन् । यसमा मेरो चित्त दुखाइ छ । दिनमा १० हजार भत्ता, जाँदा आउँदाको प्लेन टिकट, पाँच तारे होटलमा खाना बास तिरेर कुनैपनि पीडितले वकिललाई गाउँगाउँ लैजान सक्दैनन् ।

राजेन्द्र सर यी सबै कुराको माग गर्दैनन् । माइक्रोमा कोच्चिएर, आफ्नै खर्चले खाजानास्ता गर्दै गुन्द्रिमा सुतेर निशुल्क पीडितको मुद्धा लड्न कोही तयार छन् भने म राजेन्द्र सरलाई हैन अर्को वकिललाई बोकेर हिड्न तयार छु । कोही आउनुपर्‍यो पिडितको निशुल्क मुद्धा लड्न । त्यो मुद्धा जिताउन दिलोज्यान दिने वकिल आओस्, म मुद्धाको जिम्मा लगाउन तयार छु ।

बोलीको हजारौं लुट्नहरु राजेन्द्र सरको त्यो पाटो पनि देखोस् भन्ने लाग्छ ।

त्यस्तै राजेन्द्र सर मलाई दिदी भन्छन् । म उनलाई सर भन्छु । उनी मलाई दिदी नै मान्छन् । तर हाम्रो यो सम्बन्धलाई नजिकबाट नियालीरहेकाहरुको आँखामा यो किन बिझ्झाउँछ बुझ्न सकेकी छैन ।

यो समाज जतिसुकै पढेलेखेको भएपनि महिला र पुरुषको सम्बन्धलाई सकारात्मक तरिकाले स्विकार गर्न नसक्ने रहेछ । हाम्रो सम्बन्धका बारेमा कुरा काटेको देखेर चित्त दुख्छ तर राजेन्द्र सरले यस्ता कुरामा वास्ता नगर्न सम्झाउँछन् । कुरा काट्नेले काटिरहन्छन् दिदी, हाम्रो सम्बन्ध के हो, कस्तो हो अरुलाई स्पष्टिकरण दिइराख्न जरुरी छैन भनेर सम्झाउँछन् ।

हुन पनि हो । यस्ता कुरालाई मैले परेकी बुझेकी छु, भने राजेन्द्र सरले महिला तथा बालबालिकाका कुरा पढेर बुझेका छन् । राजेन्द्र सर र मेरो सम्बन्धको कुरा गर्दा, उनी मेरालागि रथका एक पाँग्रा जस्तै हुन् । उनी बिना मैले पीडितका निशुल्क मुद्धा लड्न सक्दिन ।

आशा छ, हाम्रो यो सहकार्य लामो समयसम्म जारी रहनेछ । हामी दुई मिलेर धेरै पीडितलाई न्याय दिलाउँनेछौं । सानातिना बाधा व्यवधानले हाम्रो यो सम्बन्धलाई बिगार्ने छैन ।

## आफ्नाले नै चोट दिन्छन्...

करिब १० बर्षसम्म नेपाल नारी चेतनशिल संघको अध्यक्ष भएर काम गरें । सबै दिदीबहिनीले संस्थापक अध्यक्ष बनेर त्यही संस्थामा रहन आग्रह गरेका थिए तर मेरो सोचाई बिश्राम लिने थियो । त्यसैले मैले नेपाल नारी चेतनशिल संघबाट बिदा लिएँ ।

मन लागेरै नयाँ पुस्तालाई संस्था हस्तान्तरण गरेर बिश्रामका लागि रोकिएकी मलाई यसै क्षेत्रका मानिसले बस्न दिएनन् । सोमालाई त आफैले खोलेको संस्थाबाट पनि निकालिदिएछ भन्दै कुरा काट्नेहरुको संख्या बढ्न थाल्यो ।

यो कुरा कटाइले मलाई बिश्राम दिएन । केही समयदेखि दिमागमा महिला संगठनहरुको मञ्च बनाउने र त्यसलाई महासंघ बनाएर काम गर्ने रहर जागिरहेको थियो ।

त्यहि रहरलाई साकार बनाउन र कुरा काट्नेहरुको मुख थुन्नका लागि जन्मियो, समुन्नत महिला मञ्च नेपाल । यो संस्था जन्मिएको करिब दुई बर्ष हुनै आँट्यो । अहिले यो संस्थामा करिब २० ओटाजति महिला संघहरु आवद्द छन् । अबको एक बर्षमा अरु तीसओटा संघ थपेर यसलाई महासंघमा रुपान्तरण गर्ने रहर छ ।

तर यो रहर पुरा गर्न कत्तिको पापड बेल्नुपर्ने हो, त्यो भने हेर्न बाँकी छ । किनभने सुरुवातमै मैले केहि पंगा बेहोरिसकेकी छु ।

सुरुमा नेपाल नारी चेतनशिलमा परेको नमिठो घटना बाँड्न चाहन्छु । मैले ठाउँठाउँमा केश लडेर न्याय दिलाएकी सचिव महिलाको कुरा गरिरहेकी छु । उनलाई सचिव बनाएपछि मैले संस्थामा निकै नमिठो अनुभवसँग पौंठेजोरी खेल्नुपर्‍यो ।

नुवाकोटकी कुमारी आमाले जन्माएको बच्चाको कुरा पनि बताइसकेकी छु । बच्चा एडप्ट गर्नबाट हामीले बन्देज लगाएपछि उनी मसँग रिसाएकी थिइन् । हरेक कुरामा मलाई केही नजानेको भन्दै खसाल्ने गर्थिन । हरेक बैठकमा हरेक समय उनी मेरै बिषयमा नराम्रो बोलेर समय बिताउथिन् ।

अति भएपछि मैले अध्यक्ष पदबाट राजिनामा दिने बिचार गरें । तर अरु कार्यसमितीका साथीहरुले कुनै हालतमा संस्था नछाड्न आग्रह गरे । बरु सबैले सचिव परिवर्तन गर्ने कुरामा सहमती जनाए र उनी संस्थाबाट बाहिरिइन् । आफैले न्याय दिलाएको मानिसले आफ्नै खुट्टा तानेको देखेर मन दुख्यो ।

अहिले समुन्नत महिला मञ्चमा पनि सुरुवातमै यस्ता समस्या झेलिरहेकी छु ।

कोभिड १९ ले संसार ठप्प बन्यो । नेपालमा बिहान काम गरेर बेलुकीको छाक टार्ने परिवार धेरै छन् । यस्तो अवस्थामा समाजसेवी भनेर आफ्नो परिचय दिइसकेपछि हात बाँधेर बस्ने कुरा आएन । संस्थामा साथीहरु सबै कता हराए कता ।

पहिलेदेखि नै हामी अन्तराष्ट्रिय दाताको भर नपर्ने संस्था थियौं । नेपालमै भएका केहि समाजसेवीले दिएको दान र कार्यसमितीमा भएका मानिसबाट पैसा उठाएर सहयोग गर्ने चलन थियो ।

कोभिडको समयमा पनि कार्यसमितीबाट पैसा उठाउन पहल गरें । तर केहि साथीहरुले सहयोग गरेनन् । म लगायत केहि साथीहरु घरघर गएर राहत संकलन गर्दै बाँड्यौं । निकै धनिमानी मानिस समेत त्यतिखेर राहतको पर्खाइमा बसेका थिए ।

दिनरात नभनेर, कोभिडको जोखिम मोल्दै राहत संकलन गरेर बितरण गर्‍यौं । संस्थामा कार्यसमितीका साथीहरुले वाहवाही गर्लान् भनेको त उल्टै हिसावकिताव खोजे । सोमा खत्रीले पैसा खायो, चन्दा संकलन गरेर एक्लै कुम्ल्यायो देखि के के हो के के । त्यो पनि समाजिक सञ्जालमा ।

यहि बिषयमा छलफल गर्न कयौं पटक बैठक बोलाएँ तर उनिहरु सहभागी भएनन् । सामाजिक सञ्जालमा सोमा खत्री चोर हो, भ्रष्टचारी हो भनेर लेख्दा मन दुख्यो ।

"खाइ न पाइ छालाको टोपी लाइ" भनेजस्तै भयो । अति भएपछि मैले कार्यसमितीका चार जनाबिरुद्ध साइबर क्राइममा मुद्धा हालें । जिल्ला प्रशासन कार्यलयमा सबैलाई बोलाएर मैले एक सुको भ्रष्टाचार गरेको भए जस्तो सजाय भोग्न पनि तयार छु भनें ।

त्यो समयमा मलाई आजिवन सदस्यहरुले निकै सहयोग गरे । उनिहरुको हस्ताक्षरले मेरो सपनाको मंच डुब्नबाट रोकियो । अन्त्यमा मैले ति ४ जना बिरुद्ध अविस्वासको प्रस्ताव ल्याएर संस्थाबाट निकाला गरें ।

यो घटनाले गतिलो पाठ सिकायो । मैले हरेक समयमा सोच्थें, हरेक संघसंस्थाको महासंघ छ तर महिलाको महासंघ छैन किन होला । यो घटनाले थाहा दियो, हामी महिला मिलेर काम गर्नै नसक्ने जातका रहेछौं । त्यही भएर पो, आफ्ना भन्जी, भतिजी र आफन्त राखेर संस्था दर्ता गर्ने रहेछन् महिलाबादीहरुले । आफन्त भएपछि न त त्यहाँ झगडा न खुट्टा तानातान ।

मैले त, सबै महिलालाई एक ठाउँमा भेला पार्नु भनेको रानोसहितका मौरीका झुण्डलाई छोपेर टाउकोमा खन्याउनु रहेछ ।

जे जस्तो घटना घटेपनि म डराएकी छैन । सय प्रतिशतमा १० प्रतिशत खराव निस्केलान् तर ९० प्रतिशत त सहि नै हुन्छन् भन्ने आशाले सपना त्यागिसकेकी छैन ।

केहि बर्षमा सबै जिल्ला नसकेपनि ५० ओटा जिल्लामा मञ्च बिस्तार गर्ने योजना छ ।

<u>अन्त्यमा.................</u>

जिरी जिल्लाको एक बिकट ठाउँ आलेमा जन्मिएकी म, हण्डर र ठक्कर खाँदै आज यहाँसम्म आइपुगेकी छु । यो बीचमा लायन्स क्लव जस्तो अन्तराष्ट्रिय रुपमा समाजसेवा गरिरहेको संस्थासँग पनि जोडिन पाएकी छु । लायन्स क्लवमा आवद्ध हुँदा ब्यक्तिगत रुपमा मेरो ब्यक्तित्व निर्माणका लागि धेरै फलदायी बन्यो । यहाँ मैले धेरै राम्रा मनसँग संगत गर्नपाएँ । ती राम्रा मनहरुको साथ र सहयोगले नै मैले गर्वका साथ आफूलाई समाजसेवी भन्न पाएकी छु । यो साथ र सहयोग आगामी दिनमा पनि जारी रहन्छ भन्ने आशा गरेकी छु । यो बिचमा मैले केही गीतमा आवाज पनि दिएकी छु ।

खप्परमा दुःख मात्रै लेखिएकाले होला, सानैदेखि मलाई जो देख्यो त्यस्तै बन्ने रहर लाग्थ्यो । चिकित्सक देख्यो, आफूलाई पनि सेतो कोट भिरेर बिरामी जाँच्ने रहर पलाउँथ्यो ।

हिरो हिरोइन देख्दा, सबैलाई नायक नायिका नै बनौं जस्तो लाग्छ होला, मलाई पनि लाग्यो ।

त्यस्तै रहर थियो गायिका बन्ने । काठमाडौंमा भोको पेट भौतारिइरहँदा पनि मलाई गायिका बन्न पाए हुने जस्तो लाग्थ्यो । दुइचारजना मानिसले चिन्ने भएपछि मेरो यो रहर झनै बढेर आयो ।

छोरोछोरी हुर्कँदै गए । कान्छी छोरी करुणा त नाच्न यतिसम्म सिपालु भइन् कि, अरुलाई समेत नृत्य सिकाउन थालिन् । छोराछोरीले पनि प्रेरणा दिए गीत गाउनका लागि ।

गाउन पनि सिक्न त परिहाल्यो । त्यसैले मैले केही समय संगित सिकें । दोहोरी गीतमा त म पहिलेदेखि नै दख्खल राख्थें । सिकेपछि झनै सजिलो भयो ।

गीत सिकेपछि मैले मेरो संगित गुरुसँग मिलेर गीत निकालें । नारी चेतनशिल संघको नाममा निकालेको त्यो गीत चेतनामुलक गीत थियो ।

पछि मैले तिजको गीत पनि गाएँ। र पछिल्लो पटक बोकी सधैं दुनियाँमा चेतनाको भारी बोलको गीत गाएकी छु।

व्यवसायिक सफलता पाउनका लागि भन्दापनि सोख पुरा गर्न र नेपाली संगित क्षेत्रमा चेतनामुलक गीतमा केही योगदान दिनका लागि मैले गीत गाएकी हुँ।

अहिले म, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको केन्द्रिय कार्यसमितीमा कोषाध्यक्ष पदमा छु। यहाँ पनि नेपाली लोक गीत संगीतलाई सकेको योगदान दिने सोचमा छु।

**समाप्त**